# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

विज्ञान नाटककार सरुभक्तको जन्म वि.सं. २०१३ साल असोज ३ गतेका दिन आमा लक्ष्मी र बुवा गणेश बहादुर श्रेष्ठका पहिलो सन्तानको रूपमा कास्की जिल्ला पोखरा उपमहानगर पालिकाको बागबजारमा भएको हो । उनको वास्तविक नाम भक्त बहादुर श्रेष्ठ भएता पनि आफूलाई सरुभक्तका नामले परिचित गराउन मन पराउँछन् । उनले नेपाली साहित्यका कविता, कथा, उपन्यास, एकाङ्की तथा पूर्णाङ्की नाटक आदिका क्षेत्रमा कलम चलाउँदै आएका छन् । उनका रचनामा कलात्मकताको अपूर्व सङ्गम पाइन्छ । प्रयोगवादी र विज्ञान नाटकको नेपाली नाट्याकाशमा प्रथम पटक प्रवेश गराउने सरुभक्तका हालसम्म प्रकाशित नाटकहरू 'युद्ध उही ग्यास च्याम्बरभित्र' (२०४०), 'इतिहाँस भित्रको इतिहाँस' (२०४२), 'शिशिरका अन्तिम दिनहरू' (२०४२), 'इथर' (२०४४), 'एस धम्मो सनन्तनो' (२०४४), 'निमावीय' (२०५५) आदि हुन् । नेपाली साहित्यका फाँटमा 'तीन मुक्तक' (२०३४) तथा आह्वान पत्रिकामा 'मलाई दुइटा सूर्य देऊ' कविताबाट प्रारम्भ गरी हाल नाटककार तथा उपन्यासकारका रूपमा ख्याती कमाएका छन् ।

प्रस्तुत शोध नाटककार सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अभिनेयता शीर्षकमा आधारित छ । इथर नाटकमा अङ्क,दृश्य, परिवेश विधान तथा आङ्गिक, वाचिक अभिनयका सम्बन्धमा के-कस्तो प्रयोग गरिएको छ ? भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा यो शोधकार्य केन्द्रित रहेको छ । तसर्थ यहाँ नाटक साहित्यको दृश्य भेद भएकोले अङ्क र दृश्य निर्माणमा गरिएको प्रयोग नै मुख्य वैशिष्ट्य निरूपण गरिने गरिएको छ भने द्वितीयत आङ्गिक र वाचिक अभिनयका निम्ति के-कस्तो प्रक्रिया प्रयोग गरिएको छ ? त्यसैमा केन्द्रित रही विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

सरुभक्तको नाटक 'इथरमा कोरिएको प्रेमपत्र' मा प्रयोगवादी भाव धाराको एथेष्ट प्रयोग भएको पाइन्छ । विभिन्न विषयवस्तुमा आधारित उनको नाटकमा विविध प्रयोजनका

निम्ति अभिनेयताका के-कस्ता आधारहरू रहेका छन् ? तिनको निर्क्यौल गर्नु नै यसको मुख्य समस्या रहेको छ । त्यसैगरी यससँग सम्बन्धित समस्याहरू निम्नानुसार राखिएको छः

१.२.१ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अङ्क तथा दृश्यको योजना कस्तो रहेको छ ?

१.२.२ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आङ्गिक अभिनय योजना के-कस्तो रहेको छ ?

१.२.३ सरुभक्तको 'इथरमा कोरिएको प्रमपत्र' नाटकमा वाचिक अभिनय योजना के-कस्तो रहेको छ ?

१.२.४ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आहार्य अभिनय योजना के-कस्तो रहेको छ ?

१.२.५ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र नाटकमा सात्त्विक अभिनय योजना के-कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

वि.सं. २०३४ देखि हालसम्म अनवरत रूपमा साहित्यको साधनामा लागि परेका सरुभक्तका सबै कृतिले उच्च महिमा र गरिमा राखेका छन् । प्रस्तुत शोधको विषय सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अभिनेयता रहेको छ । प्रस्तुत नाटकमा रहेको अभिनयका आधारमा नाटकको स्थान खोजी गरी स्पष्ट पार्नुयस अध्ययनको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत शोधका उद्देश्यलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छः

१.३.१ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अङ्क दृश्य योजनाको खोजी गर्नु,

१.३.२ सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आङ्गिक अभिनय योजनाको खोजी गर्नु,

१.३.३ सरुभक्तको 'इथरमा कारिएको प्रेमपत्र' नाटकमा वाचिक अभिनय योजनाको निरूपण गर्नु,

१.३.४ सरुभक्तको ‘इथरमा कोरिएको प्रेमपत्र’नाटकमा आहार्य अभिनय योजनाको निरुपण गर्नु ।

१.३.५ सरुभक्तको ‘इथरमा कोरिएको प्रेमपत्र’ नाटकमा सात्त्विक अभिनय योजनाको निरुपण गर्नु ।

## १.४ पूर्वकार्यको समिक्षा

सरुभक्तका नाट्यकृतिको बारेमा विभिन्न समालोचक र लेखकहरूले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । विभिन्न विद्वानहरूले टिका टिप्पणी र समालोचनात्मक लेखकहरू प्रकाशित गराएको पाइन्छ । यती हुँदाहुँदै पनि नाटक, साहित्यको श्रव्य-दृश्य भेद अन्तर्गत पर्ने विशिष्ट कला विधा मानेर ‘इथर’ नाटकको विशिष्टिकृत रूपमा अभिनयको अध्ययन भएको पाइदैन अर्थात् अध्ययनको पूर्वपरम्परामा प्रस्तुत नाटकलाई साहित्यको श्रव्य दृश्य भेद मानेर रचनात्मक प्रस्तुतीकरणात्मक र प्रभावात्मक जस्ता विविध आयामहरूसँग जोडेर विशिष्टिकृत रूपमा ‘इथर’ नाटकको अभिनयको बैशिष्ट्य निरूपण भएको पाइदैन । जेहोस् यहाँ अध्ययन अनुसन्धानको पूर्व परम्परामा यस शोधसमस्यासँग सम्बद्ध पक्षमा भएका अध्ययनहरूको कलात्मक ढङ्गमा समिक्षा गरिएको छ ।

माधव घिमिरेले ‘शिशीरका अन्तिम दिनहरू’ नाटक सङ्ग्रह प्रकाशन गर्ने क्रममा प्रकाशकीयका रूपमा सरुभक्त प्रति ‘श्री सरुभक्त हाम्रा प्रौढ नाटककारहरूमध्ये बहुचर्चित नाटककार हुनुहुन्छ’ भनेका छन् । उनले सरुभक्तलाई आधुनिक नाटककारको रूपमा चित्रण गरेका छन् । ‘उनले अझ थप्दै भन्छन् उहाँको नाटकमा जीवनको प्रयोग र चिन्तनका निम्ति र चिन्तनको प्रयोग जीवनका निम्ति पाइन्छ’ ।

समालोचक गोविन्दराज भट्टाइरले ‘आधुनिक पाश्चात्य प्रयोगवादी मोडहरूः सन्दर्भ नेपाली नाटक शीर्षकको लेखमा सरुभक्त र उनको नाटकको चर्चा गर्ने क्रममा उनलाई विज्ञान नाटकको रूपमा चित्रण गर्दै नौलो प्रयोग भनेका छन् । परम्पराको गोरेटो छोडेपछि प्रयोगका अनेक मोडहरू नाटककारले आफै सिर्जन्छन् ती मध्य सरुभक्त एक हुन् भनेको पाइन्छ ।

केशव प्रसाद उपाध्याय नेपाली नाटक र नाटककारको चर्चा गर्दा सरुभक्त र उनको योगदान शीर्षकमा सरुभक्तलाई विज्ञान नाटककारको रूपमा चर्चा गर्दै उनका नाटक त पृथ्वीलाई मात्र हैन अन्तरिक्षलाई पनि पृष्ठभूमि बनाएर लेखेका छन् भनेको पाइन्छ । उनले सरुभक्तलाई यस्तो विषयमा नाटक लेख्ने पहिलो नाटककार हुन समेत भनेका छन् ।

समालोचक दयाराम श्रेष्ठ र मोहनराज शर्माको सहलेखनमा तयार भएको नेपाली साहित्यको सङ्क्षिप्त इतिहाँस विषयमा सरुभक्तको नाट्यकारिताको चर्चा गर्ने क्रममा सरुभक्तका नाटकमा नयाँ-नयाँ कथ्य र शिल्पको प्रयोग भएको छ भनेका छन् ।

समालोचक राजेन्द्र सुवेदीले समसामयिक सन्दर्भमा केही सफल नेपाली नाटकहरूको अध्ययन गर्ने क्रममा विषयवस्तुको उठान गर्दै सरुभक्तको नाम उल्लेख गरी समाज, इतिहाँस, धर्म, विज्ञान र मनोविज्ञानका फाँटहरू नाटक भएर आउनु सरुभक्तको प्राप्ति ठानेका छन् ।

समालोचक कृष्ण शाह यात्रीले नेपाली नाटक 'विगत र आगत' शीर्षक अन्तर्गत समसामयिक तथा प्रयोगवादी नेपाली नाटकको पपिरचय दिने क्रममा रङ्गमञ्चको क्षेत्रमा नयाँ-नयाँ नाट्यवस्तु र नयाँ-नयाँ नाट्यकौशल कुशलताका साथ प्रयोग गरी विभिन्न पहिचान बनाउन सफल सरुभक्त नेपाली नाटक र रङ्गमञ्चका गम्भिर अध्येता हुन् भनेका छन् ।

सरुभक्तले 'इथर' नाटकको प्रकाशनको क्रममा 'को गरिब बनी सुन्ला लेखेको यो गरिबले' भन्ने शीर्षकमा यस्तो कुरा व्यक्त गरेका छन् । 'प्रेम र विवाहको समीकरणमा प्रकाशित सम्पूर्ण मानवीय सम्बन्धहरूले जुन विश्व समाजको रचना गरेको छ, त्यही भाव भूमिमा तेस्रो पाइलो स्थापित र सृजित छ । नाटकमा वर्णित समाज हाम्रो हो तर समस्या हाम्रा हैनन् तर हामीले नै जन्माएको समस्या हो । यो विश्व समाजको ज्वलन्तकारी समस्या नै हो ।

'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अभिनयका सम्बन्धमा केही सूचनाहरू उल्लेख गरेता पनि तिनको व्यापक अध्ययन हुन सकेको छैन । त्यसैले यस शोधमा 'इथर' नाटकको अभिनय सम्बन्धी सापेक्षतामा रही अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्व

सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विभिन्न दृश्यमा गरिएको अभिनेयता पहिल्याई ठम्याउन सक्नुमा नै यस शोधकार्यको शोधपरक प्राज्ञिक औचित्य एवं शोधपरक महत्त्व रहेको छ । विभिन्न दृश्यको अभिनेयताको खोजी गरी विश्लेषण गरिएकाले उक्त शोधकार्य स्वतः औचित्यपूर्ण हुने देखिन्छ । नाटककार सरुभक्तका सबै नाटकहरू उत्तीकै महत्त्वपूर्ण भए पनि 'इथरमा कोरिएको प्रेमपत्र' नाटक अझ उच्च स्तरमा पुग्न सफल रहेको छ । प्रस्तुत नाटकको सामान्य सूचना वा अध्ययन भएता पनि विभिन्न अङ्क दृश्य र अभिनेयताका निम्ति अध्ययन नभएको र सोही विषयमा अध्ययन गरिएकाले यो शोधकार्य महत्त्वपूर्ण र उपयोगी समेत बन्ने छ । उनको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकका बारेमा जान्न चाहानेहरूलाई समेत प्रस्तुत शोधले सघाउ पुऱ्याउने हुँदा पनि थप महत्त्पूर्ण र अैचित्यपूर्ण हुने छ । साथै 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको स्पष्ट र बस्तुगत अध्ययन गरेर तयार पारिएको हुनाले पनि यस विषयमा अध्ययन गर्ने जो कोही अध्यता पाठक तथा स्वतन्त्र अनुसन्धानकर्तालाई समेत सन्दर्भ सामग्री बन्ने छ । त्यसैले यस शोधकार्यलाई औचित्यपूर्ण र महत्त्वपूर्ण ठानिएको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधको विषयक्षेत्र 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा रहेको अभिनय तथा अङ्क दृश्य योजना केलाउनु रहेको छ । विशेषतः सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको अङ्क दृश्य तथा अभिनयात्मक स्तरमा गरिएको योजना के-कस्तो छ भनी गरिएको अध्ययन नै यस शोधको प्रमुख विषयक्षेत्र हो । त्यसैले सरुभक्तको नाटक 'इथरमा कोरिएको प्रेमपत्र' मा विविध कोणबाट अध्ययन गर्न सकिने भएता पनि यहाँ नाटकको अङ्क दृश्य योजना र अभिनय योजनाको निरूपणमा मात्र यो शोध केन्द्रित छ । यो नै प्रस्तुत शोधको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्ने क्रममा पुस्तकालयीय अध्ययनका आधारमा सामग्री सङ्कलन गरिएको छ । साथै आफूभन्दा अगाडिका शोधकार्य साथै यसै विषयसँग सम्बन्धित विषयमा

लेखिएका पुस्तक, पत्र, पत्रिका, लेख आदिको पठन तथा सूक्ष्म अध्ययनद्वारा सामग्रीको सङ्कलन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन

यस शोधको तयारीका क्रममा सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको सङ्गठनलाई प्रमुख प्राथमिकता दिइ आवश्यक सामग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययन, सूक्ष्म पठनद्वारा सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषणको आधार

नाटकमा गरिएको अङ्क दृश्य तथा अभिनय योजनालाई निरूपण गर्ने क्रममा नाट्याचार्य भरतमुनिको नाट्यशास्त्रमा आधारित रहेर नाटकको विश्लेषण गरिएको छ । त्यसैले अङ्क दृश्य र अभिनयलाई मुख्य आधार बनाइएको छ । यसै आधारमा रही यस शोधको सामग्रीको व्याख्या विश्लेषण यस शोधमा गरिएको छ ।

## १.८ शोधपत्रको सामान्य रूपरेखा

कुनै पनि अनुसन्धानात्मक कार्य सहज रूपमा सम्पन्न गर्नका लागि त्यसको रूपरेखा तयार गर्नु आवश्यक हुन्छ । शोधार्थीलाई सही बाटोमा डोहोऱ्याउनका लागि रूपरेखाले महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित एवंम् व्यवस्थित बनाई प्रस्तुत गर्नका लागि निम्नलिखित रुपरेखा तयार पारिएको छः

पहिलो परिच्छेद - शोधपत्रको परिचय

दोस्रो परिच्छेद - अङ्क र दृश्य योजना तथा अभिनय सिद्धान्त

तेस्रो परिच्छेद - सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अङ्क र दृश्य योजना

चौथो परिच्छेद - सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आङ्गिक अभिनय योजना

पाँचौँ परिच्छेद - सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा वाचिक अभिनय योजना

छैठौँ परिच्छेद -सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आहार्य अभिनय र सात्त्विक अभिनय योजना

सातौँ परिच्छेद - सारांश तथा निष्कर्ष

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

## विषय प्रवेश

### २.१ अङ्क दृश्य योजना तथा अभिनय सिद्धान्त

अङ्क दृश्य योजना नाट्यलेखनलाई रङ्ग शिल्पका दृष्टिले गरिने विभाजन हो । यस्तो विभाजन नाटकको कथावस्तु अनुसार गरिएको हुन्छ । यसले नाटकलाई सुगठित एवं व्यवस्थित बनाउने गर्दछ । रङ्गमञ्चीय परिवर्तनसँगै अङ्क सम्बन्धी मान्यताहरू पनि निरन्तर बदलिदै आएको पाइन्छ । नाटक साहित्यको मञ्चीय विधा भएकाले यसको कथावस्तुलाई आवश्यक अङ्क वा दृष्यमा विभाजन गरिनु पर्दछ । नाटकलाई सिलसिलाबद्ध र सुगठित बनाउनका लागि अङ्क वा दृश्य योजनाले महत्त्वपूर्ण भूमिका खेल्दछ । नाटकमा अभिनय सुविधाको लागि अङ्क वा दृश्यको प्रयोग गरिएको हुन्छ । नाटकीय कथावस्तुमा घटित घटनालाई एकबाट अर्कोमा जोड्ने पुलको काम अङ्क दृश्यले गर्दछ । नाटक रङ्गमञ्चीय कला भएकाले अभिनयात्मक नै यसको खास पहिचान हो । अभिनयका माध्यमबाट नाटकको भाव दर्शक समक्ष प्रस्तुत गरिन्छ ।

### २.२ अङ्क/दृश्य योजना

नाटकको कथावस्तुलाई अङ्कमा विभाजन गर्ने परम्परालाई पूर्वीय र पाश्चात्य नाट्यशास्त्रीहरले स्वीकार गरेको पाइन्छ । यहाँ अङ्क दृश्य योजनाको पूर्वीय तथा पाश्चात्य दुवै मान्यताको चर्चापरिचर्चा गर्ने प्रयाश गरिएको छ ।

#### २.२.१ अङ्क/ दृश्य सम्बन्धी पूर्वीय मान्यता

अङ्क शब्दले काख चिन्ह, सङ्केत, दाग, कलङ्क, सङ्ख्या, पार्श्व पक्ष, सानिध्य आदि अनेक अर्थ दिन्छ भने यसले नाटकको एक खण्ड वा भाग र रूपकको एक भेद भन्ने अर्थ पनि दिन्छ । (उपाध्याय २०५२: ७२)

पूर्वीय नाट्याचार्यहरूले अर्थ प्रकृति र नाट्यावस्थाका आधारमा निर्मित हुने पञ्चसन्धीलाई अङ्क योजनाको आधार मानेका छन् । साथै अङ्कलाई दुई भिन्नाभिन्नै आधारमा हेरेको पाइन्छ । नाट्याचार्यहरूले एकातिर अङ्कलाई कथानकको अवच्छेद भन्दछन्

भने अर्का तिर कथानकमा रहने स्थान र कालको अन्विति पनि भन्दछन् । नाट्यशास्त्री भरतमुनिले अङ्कलाई रुढ शब्द भनेर व्याख्या गरेका छन् । जसको अर्थ भाव र रसहरूका माध्यमबाट काव्यको आउने अर्थ रहेको साथै विविध प्रकारका विधानले युक्त हुनु नै अङ्क हो भनेको देखिन्छ । (*अङ्क इति रुढि शब्दो भावैश्चय रसै परोहयत्थान नानाविधान युक्तो यस्मातस्मा ट्रवेदङ्क ॥१४॥ (चतुर्वेदी २००८:१००)* त्यसैगरी नाट्यशास्त्री धनन्जयले अङ्कलाई कथानकको अवच्छेद भनी प्रष्टसँग नभनेपनि अङ्कलाई नायकको कार्यव्यापारसँग सम्बन्धित बिन्दु नामक अर्थ प्रकृति र रसभावले युक्त दृश्य कार्यव्यापार भनेका छन् । ( *प्रत्यक्ष नेतु चरितो विन्दु व्याम्ती पुरस्कृत ॥३०॥ (अङ्को नाना प्रकारार्थ संविधान रसाप्रयः ॥३१॥ दश रूपकम*) साथै अलग-अलग अङ्कमा अलग-अलग रसको विधान गर्नुपर्ने त्यस्ता अङ्गरसले अङ्गीरसलाई तिरोहित गर्न नहुने (*अनेभाव विभावाभ्याँ स्थानीया व्यभिचारी ॥३१॥ गुहित मुक्तै कर्तव्यम् अङ्गिन परिपोषणम् न चरितसमो वस्तु दुरविन्छन्नता नंयृतम् ॥३१॥ दशरूपकम ३।)* विभेचना गरेका छन् । यसबाट अनेक अङ्क योजनाले कथानकको अन्तर विकाससँग मात्र नभई दृश्य विभागसँग सम्बन्धित रहेको भन्ने बुझिन्छ ।

भरतमुनिका अनुसार अङ्कलाई कथावस्तु या काव्यका घटनाहरूको क्षण, प्रहर, मुहुर्त लक्षणले युक्त दिनहरूका अनुसार सबै काव्यहरू सजिलै फरक-फरक अङ्कमा विभाजन गर्नुपर्छ । एक दिनमा समाप्त हुन नसकेका कामहरूलाई प्रवेशकका माध्यमद्वारा सङ्केत गराउनु पर्दछ । एक महिना वा एक वर्षका कामहरूमा अङ्क छुट्याउनुपर्दछ । साथै ती सम्पूर्ण कामहरू एक-एक अङ्कमा समाप्त गर्नुपर्दछ । तर एकवर्ष भन्दा बढी समयका कामहरूलाई समावेश गर्नुहुँदैन । (*ज्ञात्वा दिवसास्तान क्षणयाम मुहुर्त लक्षणो पेताम् विभाजेत्सर्वसशेषं पृथक काव्यङ्केष ॥२७॥ दिवासावसान कार्य यदयङ्के नोपद्यते सर्वम् । अङ्कच्छेद कुत्वा प्रवेशकै स्तद विद्यातत्यम् ॥ अङ्कच्छेद कुर्तान्मा सस्कृत वर्षसचिञ्चवापि । वत्सर्व कर्तव्य वर्षादुर्ध्व न त कदाचित ॥ चतुर्वेदी २००८: १००*) नाटकमा दृश्यहरू छोटोछोटो समयमा बदलिरहनु पर्दछ र यसको समय बाह्र मिनेट भन्दा लामो हुनुहुँदैन । (पूर्ववतः पृ १०१)

धनन्जयले अङ्कलाई कथानकको अवच्छेद भन्दा कथानकमा रहने अन्वितिका दृष्टिले व्याख्या गरेका छन् । उनी अङ्कलाई एक दिनको समय सीमामा आधारित कार्यव्यापार भन्दछन् । (*एकहा चरितै कार्य मित्थमासन्न नायकम् धनन्जय) रामचन्द्र*

*गुणचन्द्र पनि अङ्कलाई एक मुहुर्तदेखि चार मुहुर्तसम्म प्रदर्शन् गर्न सकिने नाट्याशं भनी उल्लेख गर्दछन् । (अङ्क सबिन्दुर दुश्यार्थ चतुरमायो मुहुर्तत ॥१९॥ नाट्यदर्पण*) त्यसैगरी विश्वनाथले पनि अङ्कमा एक दिनको घटना समावेश हुनुपर्ने र त्यसभन्दा बढी समयको घटना समावेश गर्न नहुने उल्लेख गरेका छन् । (*दिनवसाने कार्यसद दिने नै वो पजायते अर्थोपक्षवक वा ...... अङ्कच्छेद विभाद्यातत्) (विश्वनाथ ५५*) ।


पूर्वीय साहित्यमा नाटकको मूल स्वरूपलाई रूपक भनिन्छ । नाटक दृश्य काव्य हो । अभिनेताद्वारा अभिनय चरित्रको रूप आफूमा आरोपित गरिन्छ त्यसैले यसलाई रूपक भनिएको छ । यसै आधारमा रूपकका दश रूप वा भेद रहेका छन् । दश रूपक अन्तर्गत नाटक, प्रकरण, अङ्क, व्यायोग, भाण, समकार, विधी, प्रहसन, डिम र इहामृर्ग पर्दछन् । ( उपाध्याय, २०५२:९१) नाटक र प्रकरणमा पाँचदेखि दश अङ्क सम्मको योजना गरिएको हुन्छ । भाणमा एक अङ्कको योजना गरिएको हुन्छ भने व्यायोगमा पनि एक अङ्ककै योजना गरिएको हुन्छ । त्यस्तै समवकारमा तीन अङ्कको योजना गरिएको हुन्छ भने डिम र इहामृगमा चार अङ्कको योजना रहेको देखिन्छ । अङ्क, विथी र प्रहसनमा भने एकै अङ्कको योजना गरिएको हुन्छ । (भट्टराई २०३९: ३११ - ३२४)

### २.२.२ अङ्क दृश्य सम्बन्धी पाश्चात्य मान्यता

पाश्चात्य नाट्यपरम्परामा नाटक कृतिहरूमा प्रयोग हुने अङ्क शब्दको स्थानमा ‘एक्ट’ शब्दको प्रयोग गरिएको पाइन्छ । साथै यसमा अङ्कलाई उपविभाजन पनि गरिएको देखिन्छ । पाश्चात्य नाट्य परम्पराका थ्रि. ग्रिसेली नाटकहरूमा अङ्क विभाजन गरेको पाइँदैन । (उपाध्याय २०५२: ७५) अरिष्टोटलले नाटकलाई आरम्भ, मध्य र अन्त्यको शृङ्खलामा परिकल्पना गरेको देखिन्छ । साथै उनले नाटकलाई प्रस्तावना, समूहगान, उपाख्यान र उपसंहारजस्ता उपाङ्गमा विभाजन गरेको पाइन्छ । (त्रिपाठी, २०६५: ५४) ग्रिसेली नाटकमा अङ्क विभाजनको परिपाटी नपाइने हुँदा नाट्यांशको विभाजन गर्ने आधार समुहगानलाई मानेको देखिन्छ । सोफोक्लिजको OEPIPUSREXS र एरिस्टोफेनसकोLYSTSTRATA नाटकमा दृश्य परिवर्तन प्रष्ट रूपमा गरिएको पाइन्छ ।

ज्याकोब्स सन् २००१: ४०-१०५ रोमेली दुःखान्तकार सेनेकाले (इशापूर्व प्रथम शताब्दी) ग्रिसेली दुःखान्तलाई आधार मानेता पनि नाटकलाई पाँच अङ्क र दृश्यमा

विभाजन गरेको प्रष्ट रूपमा देखिन्छ । (उपाध्याय, २०५२: ७८) सेनेकाद्वारा रचिएको THYESTIES नाटकमा अङ्क र दृश्य योजना प्रष्ट रूपमा गरिएको पाइन्छ । सेनेकाको अङ्क दृश्य योजनाको प्रविधिलाई अङ्गाल्दै बेलायती नाटककार सेक्सपियर (१५६४-१६१६) ले आफ्ना नाटकहरूमा अङ्क, दृश्य योजनाको प्रयोग गरेको पाइन्छ । उनका HAMLET, THE TEMPEST, A MID SUMMER, NIGHTS DREAM आदि नाटकहरू पाँच अङ्क र विभिन्न दृश्यमा विभाजन गरिएको पाइन्छ । उनका नाटकमा अङ्कलाई भन्दा दृश्यलाई बढी महत्त्व दिएको पाइन्छ । जर्मनेली नाटककार फ्रेटागले (सन् १८१६-१८९५) अङ्क, दृश्य, योजनालाई पिरामिड शैलीमा संयोजन गरेका छन् । उनले नाटकको विकास पाँच सङ्गठनहरूबाट हुने कुरा प्रष्ट्याएका छन् । उनका नाटकको विकासका पाँच अवस्थाहरूलाई पिरामिड शैलीको रेखाचित्रबाट हेर्न सकिन्छ ।




(a) Introduction(आरम्भ)

(b) Rise (सङ्घर्ष विकास)

(c) Climax (चरम सङ्घर्ष)

(d) Return of Fall (सङ्घर्ष ह्रास)

(e) Catustrophe (उपसंहार/ निष्कर्ष (फ्रेटाग सन् १९०० - ११)

आरम्भमा नाटकको बीज शुरु हुन्छ । यसमा घटनाहरूको सङ्घर्ष शुरु हुन्छ । दोस्रो अवस्थामा नाटकको संघर्ष विकास हुन्छ । यसले गम्भिर रूप लिन्छ । तेस्रो अवस्थामा नाटकको विकास उत्कर्षमा पुगेको हुन्छ । चौथो अवस्थामा नाटकको घटना सफलतातर्फ उन्मुख हुन्छ । क्रमशः सङ्घर्ष ह्रास हुने गर्दछ । पाँचौं एवं अन्तिम अवस्थामा नाटकीय कार्यव्यापार समाप्त हुन्छ र नाटकले आफ्नो लक्ष्य प्राप्त गर्दछ । फ्रेटागले विभाजन गरेका नाटकका पाँच सङ्गठनहरू पूर्वीय नाट्यशास्त्रमा रहेको आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ती

र फलागम आदि पाँच अवस्थाहरूसँग साम्य रहेको छ । विलियम हेनरी हड्सनले नाट्यवस्तुको सङ्गठन सम्बन्धी आधार द्वन्द्वलाई बनाएको देखिन्छ । द्वन्द्वको विकास क्रमलाई हड्सनले पाँचवटा अवस्थामा विभाजन गरेका छन् । जुन फ्रेटागले विभाजन गरेको पाँच सङ्गठनसँग मिल्दोजुल्दो रहेको छ । उनले दृश्यलाई बढी जोड दिँदै यसरी भनेका छन्:- *"दृश्य नाटकको विविध क्षणहरूको संगठन हो । जसले कार्यव्यापारको एउटा अंश निर्माण गर्दछ । साथै ती सम्पूर्ण कार्यव्यापारहरू निर्देशकको निर्देशन बमोजिम हुने गर्दछ ।"* (फ्रेटाग १९००: ११२) फ्रेटागले दृश्यलाई एउटा सानो खण्ड भनेका छन् । जहाँ कार्यव्यापारहरू निर्माण हुने गर्दछन् । (पूर्ववतः २१०)

यथार्थवादी चरणका नाटककार हेनरिक इब्सेनले अङ्क दृश्य योजनाको परम्परालाई पछ्याएको देखिँदैन । उनको A Doll House नाटक तीन अङ्कमा लेखिएको छ । त्यसैगरी रुसी नाटककार एन्टोन चेखवको The Cherry Orchard नाटक चार अङ्कमा विभाजन गरिएको छ । (ज्याकोब्स २००१: ५४१) ।आधुनिक युगका नाटककारहरूले तीन अङ्के चारअङ्के, एक अङ्के र दुई अङ्के नाटक लेखेका छन् ।

पाश्चात्य नाट्यशास्त्रीहरूले दृश्यलाई 'सिन' (Scene) भनेको पाइन्छ । दृश्यको अवधारणा पाश्चात्य नाटकबाट भित्रिएको देखिन्छ । दृश्य भनेको नाटकको कथावस्तु रङ्गमञ्चमा देखाउन गरिने कार्यात्मक नभए सम्मको एक अंश वा भागलाई दृश्य भनिन्छ । दृश्य परिवर्तनका निम्ति पर्दाको प्रयोग गरिएको पाइन्छ । दृश्य नाटक मञ्चनमा प्रस्तुत गरिने प्राकृतिक वा कृत्रिम स्थल, घटना, पदार्थ वा वस्तुसँग सम्बन्धित रहेको हुन्छ ।

## २.३ अभिनय सिद्धान्त/योजना

पूर्वीय नाट्यशास्त्री भरतमुनिले अभिनय शब्दको प्रयोग पहिलो पटक नाट्यशास्त्रमा गरेको पाइन्छ । उनले नाट्यशास्त्रको प्रथम अध्यायको सत्रौं सुक्तिमा यसको प्रयोग गरेका छन् । उनले ब्रह्माद्वारा नाट्य वेदको निर्माणमा चार वेदहरूका चार मुख्य तत्त्वहरू ग्रहण गरी यजुर्वेदबाट अभिनय गृहित भएको कुरा प्रष्ट पारेका छन् । (अग्रवालः सन् २००७: १७)

नाट्यशास्त्रको आठौं अध्यायमा भरतमुनिले अभिनय शब्दको चर्चा गरेका छन् । 'अभिनय' शब्द 'अभि' उपसर्ग लागेको 'णीअ', 'अच' प्रत्यय लागेर बनेको छ । यसको अर्थ जुन शाखा अङ्ग उपाङ्गले संयुक्त भई अनेक अनेक नाट्यार्थलाई खेल्दै नाटकको मुख्य

प्रयोजनतर्फ लैजानु नै अभिनय हो भन्ने हुन्छ । (पूर्ववतः १८) विश्वनाथले आफ्नो ग्रन्थ साहित्य दर्पणमा अभिनयलाई नट्द्वारा अनुकार्यको (रसादी) अवस्थानुकरण भनेका छन् । (विश्वनाथ⁄ साहित्य दर्पण)

यी परिभाषाहरूले अभिनयलाई नाटकको मुख्य अङ्ग मानेको पाइन्छ । अभिनेताद्वारा कार्यव्यापार गराई नाटकको अर्थ स्पष्ट एवं भाव सम्प्रेषण गर्दै अनुकार्यको प्रतीति दर्शक समक्ष गरी विभिन्न रसको साधारणीकरण गर्ने रङ्गमञ्चीय कला अभिनय हो ।

### २.३.१ अभिनयका भेदहरू

नाटक अभिनयका चार भेदहरू छन् । ती हुन् आङ्गिक, वाचिक, आहार्य र सात्त्विक ।

#### २.३.१.१ आङ्गिक अभिनय

आङ्गिक अभिनय शरीरका विभिन्न अङ्ग, उपाङ्गद्वारा प्रदर्शीत हुने अभिनय हो । भरतमुनिले आङ्गिक अभिनयका तिन भेदबारे नाट्यशास्त्रमा चर्चा गरेका छन् । ती हुन् शरीरज, मुखज र चेष्टाकृत (त्रिविहस्वाङ्गिकोज्ञय): शरीरन्मुख जस्ता चेष्टाकृत श्वैत शास्त्राङ्गोपाङ्ग संगुत । शरीरज अभिनय शरीरका अङ्ग प्रत्यङ्गद्वारा गरिन्छ भने मुखज अभिनय उपाङ्गद्वारा गरिन्छ । यिनै अङ्गका गतिविधिहरू चेष्टाकृत अन्तर्गत पर्दछन् । एवं पादास्य जङ्घाया उरो कट्यास्तथैव चसमानकरणे चेष्टा ......... नाशा ११⁄१ भरतले मुखजाभिनयलाई विविध भाव र रसको आश्रय मानेका छन् । (मुखजाभिनये विप्रानाभाव रसाश्रय (८।१६)

शरीरका अङ्ग छ ओटा रहेका छन् । त्यसैगरी गरी प्रत्यङ्ग र उपाङ्ग पनि ६⁄६ ओटा रहेका छन् । भरतले आङ्गिक अभिनयका लागि शरीरज (स्थुल) र मुखज (सूक्ष्म) अभिनय गरी दुई भागमा विभाजन गरेका छन् ।

##### (क) शरीरज अभिनय

शरीरज अभिनयमा शिर, हस्त, वक्ष, पार्श्व, कटी, पद, कुम, हत्केलो, पीठ, पेट, जाँघ मणिबन्ध आदि अङ्ग र उपाङ्गहरूको सञ्चालन गरिन्छ ।

### (ख) मुखज अभिनय

मुखज अभिनयमा नेत्र, भ्रु, नासिका, अधर, कपोल, चिबुक आदि उपाङ्गहरूको सञ्चालन गरेर अभिनयको योजना गरिन्छ ।

### २.३.१.२ वाचिक अभिनय

बोलेर गरिने अभिनयलाई वाचिक अभिनय भनिन्छ । वाचिक अभिनयमा बोली वा भाषा महत्त्वपूर्ण हुन्छ । भरतका अनुसार संसारमा जे पनि भनिने वा सुनिने गरिन्छ । ती सबै भाषाका रूप भएकोले वाचिक अभिनयलाई विशेष महत्त्व दिदै नाटकको शरीर भनिएको छ र अरु अभिनय वाचिक अभिनयको सहयोगी मानिएको छ । (पूर्ववत पृ: २२)

भरतले वाचिक अभिनयको विवेचना गर्दै ध्वनि वा पूर्वव्यवस्था, शब्दरचना, पदरचना, वाक्यरचना ......... गरी क्रमैसँग उल्लेख गरेको पाइन्छ । *(व्यञ्जनानी स्वराश्चैव सन्धयोध विभकतय नामाख्यातोप स्वाश्चिनिपन वास्ताद्वितास्तथा एतैरङ्गै समासैश्च नाना धातु समाश्रयम विज्ञेय संस्कृत पाठ्य ......... नाशा १५।६।७)* वाचिक अभिनयका निम्ति शुद्ध भाषाको ज्ञान हुनु आवश्यक हुन्छ । यस तथ्यलाई पहिचान गरेर भरतले यस अभिनय अन्तर्गत व्याकरणिक भाषिक संरचनाको अध्ययनको प्रावधान राखेका छन् । अभिनयकर्ताले शुद्ध भाषाको प्रयोग गर्दा अभिव्यक्ति गर्न खोजिएको भाव सम्प्रेषण गर्न समर्थ हुने गर्दछ ( अग्रवाल सन् २००७ : २२) भरतको नाट्यशास्त्रमा संस्कृत र प्राकृत गरी भाषाका दुई भेदको चर्चा गरेको पाइन्छ । भरतले नाटकका नायकले सामान्यतः संस्कृत भाषाको प्रयोग र अवस्था विशेषमा प्राकृत भाषाको प्रयोग गर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

भरतले वाचिक अभिनयमा पात्रहरूको नामकरणको बारेमा पनि निर्देश गरेका छन् । पात्रको नामकरण प्रख्यात भनेको ऐतिहासिक वा पौराणिक पात्र हुन् । अप्रख्यात भनेको कल्पित पात्र हुन् जसको नाम, गुण र कर्मका आधारमा गर्नुपर्दछ । (भट्टराई २०३९) यस शोधपत्रमा वाचिक अभिनय अन्तर्गत उच्चार्य विशेषता श्राव्य विशेषता संवाद संरचनापरक विशेषता र भाषिक विशेषताको विश्लेषण गरिएको हुँदा यहाँ यिनै चार पक्षहरूको थप विवेचना गरिएको छ ।

### (क) उच्चार्य विशेषता

वाचिक अभिनयको मूल तात्पर्य नाट्योक्ति वा संवादहरूको उच्चारण नै हो । यस्तो उच्चारण आरोह र अवरोहपूर्ण हुन्छ । स्वर भनेका नै सङ्गीत शास्त्रमा उल्लेख गरिएका सात स्वर हुन् भने स्थान भनेका तीनै स्वर उत्पन्न हुने उर, कण्ठ र शीर गरी तिन अवयव हुन् । उच्चार्य भाषामा स्वर, स्थान, वर्ण र काकु अर्थ निर्धारणका महत्वपूर्ण आधार हुन्छन् ।

वाचिक अभिनयको सबैभन्दा महत्वपूर्ण पक्ष उच्चार्य अलङ्कार हो । यो उच्च, दिम्त, मन्द्र, नीच, द्रुत र बिलम्बित गरी ६ प्रकारको हुन्छ । यी लक्षणहरूको साथै प्रयोगस्थल तल दिइएको छः

| अलङ्कार | लक्षण | योजना |
|---|---|---|
| उच्च | शिरस्थानबाट उत्पन्न केही उच्च आवाजमा प्रकट हुने तार स्वर | टाढाको व्यक्तिसँगको कुराकानी विषयम, परस्पर, उत्तर, प्रत्युत्तर, दुराहवान, त्रास, बाधा आदि अवस्था । |
| दिप्त | शिरस्थानबाट उत्पन्न केही दीप्त आवाजमा प्रकट हुने तार स्वर | अक्षप, युद्ध, कलह, विवाद, अमर्ष, अधमर्षण ( चिच्चाहट) क्रोध, सौर्य, दर्प (अहङ्कार), तेज तथा रुखो उत्तर, हम्की, रोदन आदि अवस्था । |
| मन्द्र | उरस्थलबाट उत्पन्न | निर्बेद, ग्लानी, शंका, चिन्ता, औत्सुक्य, दैन्य, आवेग, त्याघि, क्रिडा, मूर्च्छा, भद्र, गुढार्थ, प्रकाश आदि । |
| द्रुत | कण्ठस्थानबाट उत्पन्न द्रुततर उच्चारण | नारी र बालकलाई सान्त्वना दिदा, चुप लगाउँदा, प्रियजनको प्रस्ताव अस्विकार गर्दा, भय, शीत, ज्वर, त्रास, आवेग, गुप्त आवश्यक वा शीघ्र गरिने कार्य आदि अवस्था । |
| विलम्बित | कण्ठस्थानबाट उत्पन्न केही मन्द | प्रणय, वितर्क, विचार, अमर्ष, असूया, टेढोमेढो कुरा, लज्जा, चिन्ता, ढाँट, फटकार, आश्चर्य, दोष रोपण, निन्द्रा लामो बिमारी, पिडा आदि अवस्था । |

(ख) **बाचिक अभिनयमा श्राव्य विशेषता**

श्राव्य र अश्राव्य गरी श्राव्यता दुई प्रकारका छन् । संवादका आकाशभाषित स्वगत पररित र जनान्तिक गरी चार प्रमुख भेदहरूश्रव्यता अन्तर्गत पर्दछन् । कथायिता प्रत्यक्षमा नदेखिएको वा टाढाबाट भनिएको कथन आकाशभाषित हो । *(दुरस्थाभाषणयत् स्थान शरीर निवेदितम् परोक्षन्तरित वाक्यामाकाश वचनन्तु तत (नाशा १६/८५)* भने श्रोताले नसुन्ने गरी भनिएको वा मनमनै भनिएको संवाद स्वगत कथन हो । *(हृदयस्थ वचोयतु तदात्मगतनिष्यते (नाशा १६/८८क)* यसैगरी अपवरित र जनान्तिक निकटमा रहेका कतिपय व्यक्तिले नसुन्ने गरी भनिएका संवाद हुन् । *(निगुढ भाव संयुक्तम पतारितकम स्मृतम, कार्य वशांद श्रवण पार्श्वगतेर्यञ्जनादिक तत्स्यात । नाशा १६/८९)* आरोह अवरोह ध्वनिपरक हुन्छ । अभिनयका क्रममा अभिनयकर्ताको संवादमा उच्च, निम्न र समध्वनिको प्रयोग हुनु नै आरोह अवरोह हो । रङ्गमञ्चमा पात्रहरूले बोल्ने संवाद स्पष्ट र भाषिक दृष्टिले शुद्ध हुनुपर्छ । अनिमात्र वाचिक अभिनय प्रभावकारी बन्न सक्छ । सबै मानिसको उच्चारण अवयव समान हुन्छ तर अभ्यासबाट उच्चरित ध्वनिको उचाई (भोलुम) बढाउन सकिन्छ । यसको अर्थ अभिनेताहरू चिच्चाउनुपर्छ भन्ने होइन तर उनीहरूले भावानुकूल स्वरको अवरोहमा ध्यान दिनै पर्दछ र उच्चारण प्रकृयामा स्वरको आरोह अवरोहमा पनि त्यत्तिकै ध्यान दिनुपर्दछ । वीर रसमा चिच्याउनु अनिवार्यता हुन्छ भने करुण रसमा चिच्याउनु हानिकारक मानिन्छ । नाटकमा श्राव्य विशेषतालाई सर्वश्राव्य, नियतश्राव्य र नेपथ्य संवाद आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

(ग) **वाचिक अभिनयमा संवाद संरचनात्मक विशेषता**

संवाद भन्नाले दुई वा दुईभन्दा बढि व्यक्तिका बिचको कुराकानी भन्ने बुझिन्छ । यसलाई आदान प्रदानको प्रकृया पनि भनिन्छ । यस्तो कुराकानी कुनै खास स्थान, विषय र समयमा आधारित हुन्छ ।संवाद कथावस्तु रचना गर्ने साधन हो । (भण्डारी, २०७० : ४८) बाचिक अभिनयमा संवादको संरचनालाई अन्तरक्रियात्मक र एकालाप गरी दुई भागमा विभाजन गरिएको छः

(अ) **अन्तरक्रियात्मक**

वाचिक अभिनयमा बक्ताहरू एकसाथ नबोली एकपछि अर्को गर्दै कुरा राख्दै जानु पालो पद्धती हो । क वक्ताले बोलिसकेपछि ख बक्ताले बोल्न थाल्छ फेरी ख पछि क

वक्ताले बोल्न थाल्दछन् अनुबद्ध युग्म वार्तालापमा पालो परिवर्तनको प्रकृया यादृच्छिक भई नियमबद्ध हुन्छ । यस्तो नियमितता पालो परिवर्तनको मात्र नभई वार्तालापको विषय वा प्रकृतिमा पनि निर्भर हुन्छ । यस उच्चारणका माध्यमबाट वक्ताले केही कुराको सूचना मात्र नदिइ केही कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नु वा श्रोतालाई केही काम गर्नका निम्ति उत्प्रेरित⁄ अभिप्रेरित गर्नु हो । ती हुन् प्रश्नोत्तर, अभिवादन र अभिवादन आह्वान र प्रतिउत्तर, निमन्त्रणा र स्वीकारोक्ती, विदाइ र विदाई, दोषारोपण र क्षमायाचना आदि । ( ब्रह्मपुत्र, २०७१ : ९) दुई भिन्न वक्ताहरूद्वारा उत्पादन गरिने र एक अर्काका नजिकमा रहने दुई उच्चारणको अनुक्रम निकटस्थ युग्म हो । कुराकानीमा यस्ता युग्महरू सामान्य वा स्वाभाविक मानिन्छन् ।(घिमिरे, २०६९ : ९०)

### (आ) एकालाप

एकालाप भनेको एकजना व्यक्तिमात्र बोलिने बोली हो । यो सामाख्यानात्मक हुन्छ । लामो समयसम्म एकजनाले मात्र बोलेको लामो कथन नै एकालाप हो । यो विधापरक हुन्छ ।

### (घ) भाषिक अभिनयमा भाषिक विशेषता

यस अन्तर्गत कथ्य एवं लेख्य भाषा पर्दछ । औपचारिक रूपमा बोलिने भाषा लेख्य हो । यस भाषालाई मानक भाषा पनि भनिन्छ । यो शिक्षित वर्गले बोल्ने शुद्ध भाषा हो । यसको भाषिक व्यवस्था शुद्ध रहेको हुन्छ । यो स्थानपरक हुन्छ । अनौपचारिक रूपमा साधारण बोलिचालीमा बोलिने भाषा कथ्य भाषा हो । यस भाषामा शुद्धता हुँदैन । प्राय अशिक्षित वर्गले बोलेका भाषालाई यसले प्रतिनिधित्व गर्दछ । यो पनि स्थानपरक हुन्छ । गाउँघरमा बोलिने साधारण किसिमको भाषा कथ्य भाषा हो ।

## २.३.१.३ आहार्य अभिनय

शृङ्गार, वेशभूषा एवं अन्य रङ्गमञ्चीय उपकरणहरूलाई आहार्य अभिनय भनिन्छ । बाह्य बस्तुहरूद्वारा पात्रको देशकाल अनुसार उसको बेशभूषा रङ्ग आकृतिको अनुकरण गर्नु नै आहार्य अभिनय हो । (पूर्ववत सन् २००७ : २२) भरतमूनिले आहार्य अभिनयलाई नाटकको प्रयोग पक्ष वा नेपथ्य क्रिया मान्दछन् । साथै मञ्चसज्जा,

मञ्चव्यवस्थापन, मञ्चमा लौकिक पदार्थ निर्जिव र सजिव वस्तुको नाट्यधर्मी प्रयोग मान्दछन् । भरतको नाट्यशास्त्रको तेइसौँ अध्यायमा आहार्य अलङ्कारको विवेचना गरिएको छ । मञ्चका कुनैपनि सामग्रीहरू आफैमा अर्थवान हुँदैनन्, आहार्य अलङ्कारले त्यसलाई सार्थक बनाउँछ । भरतका अनुसार नेपथ्य विधान चार प्रकारबाट गरिन्छ । जस्तै पुस्तरचना, अलङ्करण, अङ्गरचना र सञ्जीव व्यवस्थापन आदि । (भट्टराई २०३९: ३५५-३५६)

### (क) पुस्तरचना

पुस्तरचना भनेको रङ्गमञ्चमा प्रयोग गरिने स्थूल उपकरण सामग्री हो । मञ्च सज्जाका लागि निर्माण गरिने पर्वत, यान, विमान, ढाल, कवच, ध्वज, हात्ती आदि पुस्तरचनामा प्रयोग गरिने साधन हुन् । *(शैल, यान, विमनि, चर्म बर्म ध्वजा नगा यानि क्रियन्ते नाट्ये हिस पुस्तइति संज्ञित ॥९॥)* भरतका अनुसार पुस्तरचनाका साधनहरू सन्धिम, व्यजिम र व्यष्टिम गरी तिन प्रकारका रहेका छन् । मञ्चका निम्ति आवश्यक उपकरण निर्माण गर्दा बाँस, छाला, कपडा, पराल आदिको प्रयोग गर्नु सन्धिम हो । यन्त्रहरूको प्रयोग गर्नु व्यजिम र कुनैपनि वस्तु लपेटेर निर्माण गरिने पुस्तरचना व्यष्टिम हो ।

### (ख) अलङ्करण

अलङ्करण नायक, नायिका आदि पात्रले शरीरमा धारण गर्ने आभूषण हो । यसलाई शरीरका विभिन्न अङ्ग र उपाङ्गमा लगाइन्छ ।

### (ग) अङ्गरचना

नाटकमा रहेको कथावस्तुको आवश्यकता अनुसार पात्रहरूले विभिन्न अङ्गको रचना गर्नु आवश्यक हुन्छ । नाट्यशास्त्रमा पुरुष पात्रमा अङ्गरचनालाई बढी महत्त्व दिएको पाइन्छ । यस अन्तर्गत रङ्ग वा वर्ण विधान, दाह्री, जुङ्गा, वेशभूषा र शिरोमुकुट पर्दछन् । नाटकमा आहार्य अभिनयलाई प्रस्तुत गर्दा नाटकको मञ्चसज्जा, पात्रको वेशभूषा र रूपसज्जालाई आधार बनाइएको हुन्छ ।

### २.३.१.४ सात्त्विक अभिनय

'सत्व' भनेको एकाग्रता हो । मूलत सात्त्विक अभिनय हृदय पक्षसँग सम्बद्ध रहेको हुन्छ । यसलाई मनको भाव प्रदर्शन गर्ने अभिनय भनिन्छ रिस, राग, मोह, आसु, रोमाञ्च, कम्पन, मुर्छा आदि देखाउँदै विभिन्न रसभावको अभिनय गर्नु सात्त्विक अभिनय हो ।

(उपाध्याय २०६० : ३)

भरतमुनिले नाट्यशास्त्रको छैटौं अध्यायमा स्थायी भाव, साञ्चारी भाव र सात्त्विक भावको अन्योन्याश्रित सम्बन्धका आधारमा सात्त्विक भावको चर्चा गरेका छन् । नाट्याशास्त्रमा सात्त्विक भाव आठ किसिमका मानिएका छन् । ती हुन् : स्तम्भ,स्वेद,रोमाञ्च,स्वरभङ्ग,वेपथु,वेवर्ण्य,अश्रु,प्रलय ।

स्तम्भ भावमा हर्ष, भय, शोक, विषमय, दुःख, कोध आदि लक्ष्यणहरु पर्दछन् । यसलाई संज्ञाहिन, गतिहिन, जडआकृति र संज्ञाहिन, अङ्ग प्रदर्शन आदि अभिनयका माध्यमबाट देखाउन सकिन्छ । स्वेद भावमा कोध, हर्ष, लज्जा, दुःख, श्रम, रोग, ताप, चोट, व्यायाम, क्लेश, समपिडन आदि लक्षणहरु पर्दछन् । यसलाई पंखा चलाउनु, पसिना पुछ्नु, हावा खान खोज्नु आदि अभिनका माध्यमबाट देखाउन सकिन्छ । रोमाञ्च भावमा स्पर्श, भय, हर्ष, कोधजस्ता रोग तथा लक्षणहरु रहेका छन् । यसलाई रौं ठाडा हुनु, पटक-पटक जिरिङ्ग हुनु आदि अभिनयको माध्यमबाट देखाउन सकिन्छ । स्वरभङ्ग भावमा भय, हर्ष, कोध, बुढ्यौली, घाँटी सुक्नु र मद आदि लक्ष्यणहरु पर्दछन् । यसलाई अङ्गहरुमा कम्पन हुनु, फडफडाउनु र हल्लीनु जस्ता अभिनयका माध्यमबाट देखाउन सकिन्छ । वेवर्ण्य भावमा शीत, कोध, भय, थकाहट, रोग, क्लेश, ताप आदि लक्ष्यणहरु रहेका छन् । यसलाई अनुहारको रङ्ग परिवर्तन हुनु, नाडी छाम्न जस्ता अभिनयका माध्यमबाट देखाउन सकिन्छ । अश्रु भावमा आनन्द, कोध, कोध, आँखामा धुँवा वा गाजल, हाइ गर्दा, भय, शोक, एकटक हेराइ, शीत र रोग आदि लक्ष्यणहरु रहेका छन् । आँखामा आँसु भरिनु, आँखा पुछ्नु, आँसु चुहाउनु आदि अभिनयका माध्यमबाट देखाउन सकिन्छ । प्रलय भावमा श्रम, मुर्च्छा, मद, निद्रा, चोट, मोह आदि लक्ष्यणहरु रहेका छन् । यसलाई चेष्टाहिन बन्नु, हलचल नगर्नु, सास बन्द गर्नु, जमिनमा ढल्नु आदि अभिनयका माध्यमबाट प्रदर्शन गर्न सकिन्छ । (भट्टराई २०३९ : ८३-९८) जुन नाटकको अभिनयमा सात्त्विक भाव बढी हुन्छ । त्यसलाई उत्तम सत्व कम र बढी भएको नाटक मध्यम, सत्वभाव नभएको अधम मानिन्छ । (अग्रवाल सन

२००७ : २४) । सात्त्विक अभिनयले अव्यक्त बस्तुहरुलाई व्यक्त गरेर नाटक प्रदर्शन गर्ने हुदा यो सर्वश्रेष्ठ मानिएको छ । यो विधा आधुनिक रङ्गमञ्चको 'फिलिङ्ग द क्यारेक्टर' (Feeling the Character) को धारणासगँ मिल्दो रहेको छ । ( पूर्ववत पृ: २४)

## २.४ निष्कर्ष

अङ्क/ दृश्य योजना सम्बन्धी पूर्वीय एवं पाश्चात्य मान्यताहरूको अध्ययनबाट के प्रष्ट हुन्छ भने अङ्क/ दृश्य  नाटकीय कार्यव्यापारको प्रमुख विभाजन हो । यसको विभाजनले नाटक सुव्यवस्थित हुन्छ । साथै रङ्गमञ्चमा प्रदर्शन गर्न सहज हुन्छ ।

पूर्वीय विद्वानहरूले अङ्कलाई कथानकको अवच्छेद भनेको पाइन्छ । साथै कथानकमा रहने स्थान र कालको अन्विति पनि भनेको पाइन्छ । नाटकमा कथावस्तुका घटनाहरूको क्षण, प्रहर, मूहुर्त, आदि दिनहरू अनुसार फरक-फरक अङ्कमा देखाउनु पर्दछ । एक दिनमा पुरा हुन नसकेका कार्यव्यापारलाई प्रवेशकका माध्यमबाट संकेत गर्नुपर्दछ । नाटकमा के-कति अङ्क हुनुपर्ने विषयमा पूर्वीय विद्वानहरूले निश्चित सिमा बाँधेको हुँदा अङ्क विभाजनलाई बढी महत्त्व दिएको देखिन्छ ।

पाश्चात्य मान्यतामा अङ्कमा भन्दा दृश्य योजनालाई बढी महत्व दिएको पाइन्छ । ग्रीसेली नाटककार एरिस्टोटलले नाटकमा दृश्य परिवर्तन गर्दा समूहगानको प्रयोग गरेको पाइन्छ । रोमेली दु:खान्तकार सेनेकाले अङ्कभित्र दृश्य योजनाको प्रयोग गरेका छन् । ग्रीस र रोमका अङ्क/ दृश्यको प्रयोग गरेर जर्मनिका फ्रेटागले दृश्यलाई नाटकको एउटा सानो समूह भनेको पाइन्छ जहाँ कार्यव्यापारहरू निर्माण गरिन्छ । ती सबै कार्यहरू निर्देशकको निर्देशन बमोजिम हुने कुरा प्रष्ट्याएका छन् । साथै अब्राम्सले पनि दृश्यलाई अङ्क भित्रको सानो विभाजन भनेका छन् । उनले यस अन्तर्गत स्थान र समयको एकत्व रहेको कुरा उल्लेख गरेका देखिन्छन् ।

एलिजाबेथकालीन नाटककार विलियम सेक्सपियरले सेनेकाको अङ्क दृश्य योजनालाई पछ्याएको पाइन्छ । उनका नाटकहरूमा अङ्कभित्र दृश्य  योजनाको बहुल प्रयोग गरेका छन् । आधुनिक युगका नाटककारहरू इब्सेन एन्टोन चेखबहरूले नाटकमा दृश्य योजनाभन्दा अङ्क योजनालाई महत्त्व दिई एक अङ्के तिन अङ्के, चार अङ्के नाटक रचेका पाइन्छन् ।

अङ्क दृश्य योजना कति लामो हुनुपनर्पे भन्ने विषयमा कुनै नियम बनेको देखिदैन तर नाटकीय परिमाणलाई निश्चित गर्न दृश्य सहायक भएको  देखिन्छ । एउटै दृश्यलाई लामो समयसम्म देखाइरहनु र पर्दाको प्रयोग गरिरहँदा दर्शकलाई दिक्क लाग्ने हुन सक्छ ।

अभिनय भनेको विषयवस्तु वा कथानकलाई अभिनेताका माध्यमबाट मञ्चमा प्रस्तुत गर्नु हो । नाटकलाई साहित्यका अन्य विधा भन्दा फरक रूपमा पहिचान गराउने मुख्य तत्त्व नै अभिनय हो । नाटकमा अङ्क दृश्य योजनाको विभाजन अभिनयका लागि नै गरिएको हुन्छ ।

भरतमुनिका अनुसार अभिनय भावहरूको अभिमूखीकरण हो । उनले अभिनयलाई आङ्गिक, वाचिक, आहार्य र सात्त्विक गरी चार प्रकार रहेको बताएका छन् । आङ्गिक अभिनय शरीरका अङ्ग प्रत्यङ्गहरूको उचित ढङ्गले सञ्चालन गरिने अभिनय हो । बोलिको प्रयोग गरिने र शब्दहरूको उच्चारण गरिने वाचिक अभिनय हो । नाटकमा अङ्क दृश्य योजनाको विभाजन अभिनयको लागि नै गरिएको हुन्छ । भरतमुनिका अनुसार अभिनय भावहरुको अभिमूखीकरण हो ।  यी अभिनयहरू एक आपसमा अन्तर सम्बन्धित रहेका हुन्छन् । एउटा अभिनयको अभावमा अर्को अभिनय पूर्ण हुन सक्दैन ।

## तेस्रो परिच्छेद

## इथरमा कोरिएको प्रेमपत्र नाटकमा दृश्य योजना

### ३.१ विषय प्रवेश

सरुभक्तका पूर्णाङ्की नाटकहरू प्राय तीन अङ्कमा रचना भएका छन् । केही नाटकहरू एक अङ्के तथा पाँच अङ्क र दुई अङ्कमा समेत अङ्क योजनाको सङ्केत रहेका छन् । तिन अङ्क भएका नाटकमा आदि, मध्य र अन्त्य गरी विभाजन गरिएका छन् । दुई अङ्क योजना भएका एकाङ्की नाटकमा पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा नाटकीय कार्यव्यापार विभाजन गरिएको छ । यस परिच्छेदमा सरुभक्तको 'इथर' नाटकमा गरिएको दृश्य योजनाको विवेचना गरिएको छ ।

### ३.२ इथरमा कोरिएको प्रेमपत्र नाटकमा कथानक योजना

घटनाहरूको योजनाबद्ध विन्यास नै कथानक हो । यसमा घटनाहरूको योजना वा रखाई कालक्रमिक सम्बन्धका आधारमा नभएर कार्यका सम्बन्धका आधारमा गरिन्छ । पाश्चात्य नाट्यशास्त्रीहरूले कथानकको विकास आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजन गरेका छन् । यही पाश्चात्य मान्यता अनुसार 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको कथानक विकास भएको छ । यस नाटकको कथानक विकास रैखिक ढाँचामा गरिएको छ ।

#### ३.२.१ आदि भाग

दृश्य योजना गर्दा त्र, ज्ञ र त्र भनि नामकरण गरिएको छ जहाँ घटनाको आदि भाग दृश्य 'त्र' बाट भएको छ । डा. एक्सको बैठक कोठामा एक्स १ र ०२ टि.भी. हेरेको घटनाबाट भएको छ । टि.भीमा उल्टो गणना सहित १० बाट ० मा आइपुग्दा ठूलो विस्फोट भएको छ । त्यसपछि जव यान अन्तरिक्षतर्फको यात्रा तय गर्छ र एक्सले टि.भी. बन्द गर्दै दीर्घ निःश्वास लिन्छे भने ०२ सँग कुरा गर्दै छोरी एक्स ० लाई न्युक्लियस विशेषज्ञ बनाउन चाहेको कुरा गर्छे भने छोरीले पनि आइन्स्टाइनका र न्युटनका फर्मुला जानीसकेकी हुन्छे । एक्स ० आफ्नै छोरी हो एक्स १ की भने +०० लाई आफ्नै छोरा सरह मानेर व्यवहार गर्न लगाउँछे ०२ लाई । उता डा. एमले अन्तरिक्षयान प्रक्षेपण गरे लगत्तै डा. एक्सले डा. एमलाई बधाइका साथ डा. एम जस्ता सम्पूर्ण वैज्ञानिकहरूलाई गम्भिर चुनौती

पनि दिएको छ । डा. एमहरूले तयार पार्दै गरेको मानवजातिको अस्तित्व समाप्त पार्ने योजनालाई विफल पार्न व्यक्तिगत रूपमा सङ्कल्प गरेको जस्ता घटना यो नाटकको आदि भागमा घटित छन् ।

### ३.२.२ मध्य भाग

प्रस्तुत नाटकको मध्य भाग दृश्य 'त्र' मा रहेको छ । यसै भागमा कथानकको विकास भएको छ । प्रथम भागमा जब अन्तरिक्षयान अन्तरिक्षमा प्रक्षेपित भएको र मानव जीवन सङ्कटमा परेको घटनाले डा. एक्स विचलित हुन्छ । सोही मानव अस्तित्व रक्षार्थ आफ्नो प्रयोगशालामा कुनै गोप्य परीक्षणको आविस्कार गर्न डा. एक्स र ०३ लागेका छन् । प्रयोगशालामा डा. एक्स प्रमुख छ भने ०३ नर्सको काम गरिरहेका छन् । प्रस्तुत दृश्यमा यही आविस्कार भनि भनिएको छैन तर परीक्षणका क्रममा प्रयोगमा संलग्न कम्प्युटर र संयन्त्रको एक विशेष पर्दामा गणीतीय सङ्केतहरू देखा पार्दै र मेटिदै जान्छन् । यहाँ डाक्टरले आफ्नो परिक्षणको केन्द्र मुसा र आफ्नै छोरी बनाएको हुन्छ । यसरी छोरीलाई एन्टीन्युक्लियर इन्जेक्सन दिनु नै चरम विकास हो । त्यसैले यहाँसम्मको भागलाई मध्य भाग भनिएको छ । यी घटनाहरू यस दोस्रो भागमा घटित भएका छन् ।

### ३.२.३ अन्त्य भाग

प्रस्तुत नाटकको सम्पूर्ण कथावस्तु अन्त्य भागमा आएर टुङ्गीएको छ । जब परिवारका साथमा आफु सातवर्ष पहिले जापानको हिरोसिमा र नागासाकी पुग्दा त्यहाँको असामान्य परिस्थितिमा देखिएको विभत्स नरसंहार देखेर ऊ विचलित भएको र त्यसपछि अनवरत रूपमा पृथ्वीमा 'जीवनको अस्तित्व बचाउ' अभियानमा लागेको कुरा बताउँछ । परमाणुको संरचनात्मक विखण्डनद्वारा उत्पन्न विस्फोटको उर्जा, आघात, तरङ्ग, अतिउच्च ताप एवं न्युक्लियर विकीरणका जैविक प्रतिरोध क्षमताको अनुसन्धान गर्ने क्रममा मानव शरीरमा हर्मोनयुक्त ग्रन्थीहरूका अतिरिक्त निस्कृय तथा सुषुप्त दोस्रो ग्रन्थी पनि रहेको पत्ता लगाउँछ र त्यसलाई उत्तेजित पार्ने रासायनिक द्रब्य द्रब्य-२ को आविष्कार गर्दछ । उसले यो प्रयोग पहिले मुसा र पछि छोरीमाथि गर्छ । छोरीलाई एन्टिन्युक्लियर इन्जेक्सन दिन्छ र त्यसको क्षमतालाई प्रस्तुत गर्छ । छोरी एक्स० लाई इन्जेक्सन दिइसकेपछि त्यो इन्जेक्सनले काम गरेकाले र मानिसले सहन सक्ने भएकाले यहाँसम्मको

घटनालाई नाटकको फल प्राप्ति मानिएको छ ।उसले द्रव्य-२ सबै पृथ्वीबासीलाई सुपथ मूल्यमा उपलब्ध गराएर 'पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि' भन्ने नारा लगाउँछ र नाटकको अन्त्य हुन्छ ।

### ३.३ दृश्य योजना र अन्विति

'इथरमा कोरिएको प्रेमपत्र' नाटक प्रयोगवादको प्रयोग गरि लेखिएको विज्ञान विषयक नाटक हो । नाटककारले यस नाटकलाई मञ्चनीयता प्रदान गरेका छन् । यस नाटकमा तिन दृश्य रहेता पनि परम्परागत अङ्क नभई तीनै अङ्कको स्थानमा दृश्य शब्दको प्रयोग गरेकाले नाटकको अङ्क विभाजनमा नयाँ शैलीको प्रयोग गरिएको छ । जहाँ दृश्य 'त्र', 'ज्ञ' र पुनः 'त्र' नै नामकरण गरी नाटकको अङ्क विभाजन गरेका छन् । नाटकमा जम्मा तिन दृश्य भएता पनि ती दृश्यभित्र प्रशस्त दुश्याशंहरू रहेका छन् । प्रस्तुत नाटकमा विज्ञानको विषयवस्तु भएकाले पनि पात्रहरूको नाम समेत विज्ञानकै क्षेत्रबाट राखिएको छ । यस नाटकमा डा. एक्स, एक्स-१ (डा. एक्सकी धर्मपत्नी), एक्स - ० (डा. एक्स र एक्स-१ की छोरी), ०१ मानव निर्मित मानव नारी, ०२ मानव निर्मित मानव युवा नारी, ०३ मानव निर्मित मानव युवा पुरुष (डा. एक्सको सहायक वैज्ञानिक), +०० मानव निर्मित मानव बालक र डा. एम लगायत पत्रकार जस्ता नारी र पुरुष पात्रको सहभागिता रहेको छ ।

#### ३.३.१ पहिलो दृश्य

'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा दृश्य 'त्र' को प्रारम्भमा एक्स-१ र ०२ सोफासेटमा बसेर टि.भी. हरेको घटनाबाट सुरु भएको छ । टि.भीको पर्दामा एउटा अत्याधुनिक अन्तरिक्षयान प्रक्षेपित हुने क्रमको चित्रण गरिएको छ । यहाँ 'त्र' रङ्गमञ्चको देब्रेपट्टीको भागलाई मानिएको छ । जसका न्यूनतम आवश्यकताहरू सोफासेटहरू, केही पत्रपत्रिका, एउटा टि.भी. सेट, भिडियो ........ फोन, कम्प्युटर ..... घडी, गौतम बुद्ध र जिसजका आकर्षक शान्त मूर्तिहरू भएको अत्याधुनिक सुविधायुक्त बैठक कोठाको चित्रण गरिएको छ । बिहानको दश बजेतिरको खाना खाने समयलाई चित्रण गरिएको छ ।

यहाँ जब टि.भीको पर्दामा उल्टो गणना सुरु हुन्छ .... १० .... ९ .... ८ .... ७ .... ६ .... ५ .... ४ .... ३ .... २ .... १ .... ० गरी तब टि.भी.को पर्दामा भिषण अग्नि पुञ्ज देखा पर्छ । एक भयानक विस्फोट सहित तत्पश्चात यानको ऐतिहाँसिक यात्रारम्भ

हुन्छ । यसरी अन्तरिक्षयानको प्रक्षेपण अन्तरिक्षमा पुग्छ तब एक्स-१ ले टि.भी. बन्द गर्छे र लामो निश्वास लिन्छे । उसको निश्वाससँग ०२ अचम्म हुँदै के तपाईको अन्तरिक्षयानको महायात्राप्रति निराशा सूचक ? प्रश्न गर्छे । उत्तरमा एक्स-१ ले होइन भन्छे तर उसले यसै विषयलाई लिएर वास्तवमा मान्छे नामक एक मिश्रित पदार्थबारे सोचेकी छे । ०२ ले यो वैज्ञानिक विश्वमा मिश्रण र यौगिक भनेका फरक-फरक पो हुन् त भन्दा मानवको भावुकताजन्य परिभाषानुसार फरक-फरक हुने र मान्छे-मान्छेका लागि परिभाषा आरोपित गर्न स्वतन्त्र रहेको कुरा स्पष्ट्याउँछे । एक्स-० डा. एक्सकी छोरी हो । उसलाई डा. एक्स र एक्स-१ ले न्युक्लिय विशेषज्ञ बनाउने इच्छा राखेका छन् भने छोरीले उता न्युटन र आइनस्टाइनका फर्मुला जानेकी हुन्छे भने +०० लाई एक्स-१ ले आफ्नै छोरा मानेको र ०२ लाई त्यही अनुसार व्यवहार गर्ने कुराको आदेश दिन्छे । यहाँ सम्मको कार्यव्यापारमा स्थान कार्यकालको बिचमा एकत्व रहेको छ ।

भान्छा कोठाबाट भान्छे खाना तयार गरेर बैठक कोठामा प्रवेश गरेपछि स्थान कार्य र कालमा एकत्व भएता पनि पात्रको थप वा घट भएकाले यहाँ दृश्याशं भएको मान्न सकिन्छ । ०१ ले खाना भएको जानकारी गराउँदासाथ एक्स-१ ले डा. बाहीर गएको र आएपछि खबर गर्ने बताएपछि ०१ ले समय मूल्यवान हुने र मानिसपनि समयवान हुनुपर्ने कुरा बताउँछे । एक्स-१ ले घरव्यवहार भनेको फलामको नियमले नभई इलास्टिकको नियमले चल्ने भन्दै छोरी एक्स-० लाई खाना ख्वाउँदै गर भन्दा छोरी भने बुबा यानेकी डा. एक्स सँग खाने इच्छा राख्छे । यसै क्रममा डा. एक्स र ०३ (डा. एक्सको सहायक वैज्ञानिक) को द्रुत गतिमा प्रवेश भएको देखेर एक्स-१ ले समयमानै आएको र खाना खाने समय पनि भएको जानकारी गराउँछे तर डा. एक्सको अनुहारमा अलिकति हतार, खुसी र चिन्तनको समिश्रण देखिएको छ । डा. एक्सलाई खाना खाने फुर्सद त के मर्ने समयपनि नभएको कुरा बताउँछ । यसैबेला डा. एक्सले भन्छ - *"यतिबेला म सबैभन्दा बेफुर्सदी मान्छ हुँ*। (पृष्ठ ८) भन्दै ०३ लाई लिएर डा. एक्स फेरी कक्ष 'ज्ञ' मा प्रस्थित भएको छ । ०३ प्रयोगात्मक कार्यमा संलग्न भएको छ भने डा. एक्स टेलिफोनमा व्यस्त छ । यहाँसम्मको कार्यव्यापारमा समय एउटै भएपनि स्थान र कार्यमा अन्विति रहेको छ र यहाँ दृश्यान्तर समेत भएको छ ।

दृश्य 'ज्ञ' मा पुग्नासाथ डा. एक्सले डब्लु, एक्स, वाई अन्तरिक्ष कार्यक्रमका महानिर्देशकलाई बधाई भन्दै आफुले प्रक्षेपण कार्यक्रम डा. एलको भूमिगत प्रयोगशालामा

रहेको टेलिभिजन पर्दामा हेर्ने सौभाग्य पाएको कुरा बताउँछ । तर उनीहरूको महानतम वैज्ञानिक उपलब्धीमा खुसी व्यक्त गर्नुका साथै आफ्नो तर्फबाट चुनौती पनि दिन्छ र स्वीकार गर्न अनुरोध पनि गर्छ । उसले भन्छ - *"म तिमीमार्फत विश्वभरका अन्तरिक्ष-भौतिकविद्हरूलाई र अन्य तमाम् वैज्ञानिकहरू जो आणविक महायुद्ध- अन्तरिक्ष सैनीकरण र मानवजातिको पूर्ण अस्तित्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन् ........ लाई सामुहिक चुनौती दिँदै छु एक मानव जातिको अस्तित्व समाप्त पार्ने सपना म विफल पारिदिन्छु । विश्वका आणविक वैज्ञानिक र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरूले मेरो व्यक्तिगत चुनौतीलाई गम्भीरतापूर्वक स्वीकार गर्नेछन् म आशा गर्छु । धन्यवाद ।" (पृष्ठ -९)* यहाँसम्मका कार्यव्यापारमा स्थान र कार्यमा एकत्व रहेको छ ।

फोनको वार्तालापका क्रममा भएका प्रत्येक आवाजले एक्स-१ लाई अलि रिस उठेको अनुभव भएकाले सो चुनौतीको विरोध गर्दै कक्ष 'ज्ञ' मा प्रस्थान गर्छे उत्तरमा आफुले ठट्टा नगरेको, मानवीय सङ्कटको घडीमा जीवनवादी वैज्ञानिकहरू ठट्टा गरिरहँदैनन् भन्दै आफुले जुनसुकै मूल्यमा पनि मानवजातिको अस्तित्व जोगाउनु छ भन्दै दार्शनिक भावमा विचारमग्न हुँदै मानव जातिको सम्पूर्ण अस्तित्वका विरोधमा ठट्टा त विश्वस्तरीय राजनेताहरू, कुशाग्रबुद्दि भएका हजारौं वैज्ञानिकहरू गरिरहेका छन् भन्दै विशुद्ध निःशस्त्रीकरण पार्ने इच्छा गर्दै शस्त्रीकरण चाहनेहरूको घोर विरोध गरेको छ । एक्स-१ ले सबैलाई आत्मसुरक्षा गर्ने जन्मसिद्ध अधिकार भएको र कसैलाई पनि सबै हातहतियार फ्याँकेर शान्तिको अफिम खुवाउन खोजिएमा त्यो अराजकता हुने कुरा गर्दा डा. एक्सले भन्छ- *"त्यो त तिम्रो लागि ठिक होला तर मेरो विचारमा संसार उहिले उहिले भूकम्पले हल्लिने गर्थ्यो, आजकाल संसार आणविक कम्पनले हल्लिने गर्छ र अब हामी एक नयाँ पाराले हल्लाउने छौँ । मलाई खाना खाने फुर्सद छैन तिमीहरू खाएर बस"* भन्दै बैठक कोठाबाट ०३ का साथमा प्रयोगशाला यानेकी कक्ष 'ज्ञ' मा प्रस्थित हुन्छन् र यहाँ दृश्यान्त भएको देख्न सकिन्छ भने स्थान कार्य र कालमा अन्विति रहेको छ ।

यस नाटकका प्राय सबै पात्रहरू आफ्नो कार्यमा निरन्तर कतिबद्ध छन् । एकातिर ०१ जसले भान्सामा काम गर्छे । उसलाई परिवारका सदस्यलाई खाना ख्वाउन हतार छ भने एक्स-० र +०० ई= एम. सी$^{२}$ मिलाएर दङ्ग छन् । कस्ले पहिला मिलाएको भन्ने होडमा आफ्नी आमा, अण्टी र मिससँग बाल प्रतिस्पर्धा गरिरहेका छन् । साथमा उनीहरूकी टिचरले

झुटो बोल्ने मसँग आऊ भन्दै गर्दा दुबै खिताखित गरेर हाँस्छन् र कुलेलम ठोक्छन् । यससँगै स्थान कार्य र कालको अन्विति भएको छ भने दृश्यान्तर पनि भएको छ ।

एक्स-१ र ०२ दुवैमा बालक्रिडाद्वारा प्राकृतिक रूपमा आरोपित मातृत्वको आभामण्डलको विलुप्तिपश्चात अनयास केही सम्झेझैं केही चिन्तन भएझैं एक्स-१ को मुखबाट एक दीर्घ निश्वास लिन्छे । मातृत्वको आभामण्डलद्वारा आभूषित ०२ केटाकेटीको पछि लाग्छे । यत्तीकैमा फोनको घण्टीद्वारा एक्स-१ को मन बदल्ने प्रयाशले स्थान र कालको एकत्व पाइन्छ । फोन उठाउँदा त्यो फोन पत्रकारको हुन्छ र डा. एक्सको अन्तर्वार्ता लिएर पहिलो अन्तर्वार्ताकार हुन चाहने पत्रकारले प्रश्न गरेका हरेक प्रश्नको उत्तर दिइरहेकी हुन्छे साथमा डा. एक्स शस्त्रीकरणले मानवीय जीवन सङ्कटमा परेको र मानिसलाई मुक्ति दिने अभियानमा लागेको जानकारी गराउँछे । स्वयम पत्रकारलाई पहिलो अन्तर्वार्ता लिने अन्तर्वार्ताकार बनाउने जानकारी समेत दिन्छे र फोन राख्छे । तत्पश्चात आफ्नो बोझलाई कम गर्नलाई भने झैं टि.भी. खोल्छे र टि.भी.मा सोही अन्तरिक्षयानको समाचार आइरहेको हुन्छ जसमा ग्यालेक्सीभेदी अन्तरिक्षयान कुन ग्रह वा तारा विशेषमा उत्तीर्ण हुने भन्ने स्पष्ट जानकारी नभएको पाउँछे भने अर्कातिर सोही समाचारमा समाचार बाचिकाले भनेकी छे- “ग्यालेक्सी डब्लु, एक्स वाईमा प्रक्षेपित उक्त अन्तरिक्षयानको ‘गोप्य अभियान’ बाट विश्वका विभिन्न  विश्वशान्तिकामी सङ्गठनहरूले अन्तरिक्षको सैन्यीकरण, कुसाम्राज्य र पारमाणविक युद्धको सन्त्रासबाट विमुक्त हुन पृथ्वीबाट अन्य ग्रह, उपग्रह वा ताराहरूमा बसोबास गर्ने ‘अन्तरिक्ष पलायनवादी’ प्रवृत्ति स्पष्ट भएको आसङ्का व्यक्त गरेका छन् । ग्यालेक्सी-डब्लु, एक्स, वाईको गोप्य अभियानबारे विश्वस्तरमा .........” समाचार पुरा नहुँदै एक्स-१ टि.भी. बन्द गर्छे । यहाँ उसको आँखा घरीघरी गौतम बुद्ध र जिसजका प्रशान्तिमा अल्झिन्छन् विस्तारै उज्यालो मैलिदै जान्छ । कक्ष ‘ज्ञ’ को विरुद्धमा कक्ष ‘त्र’ अस्पष्ट देखा पर्छ । यहाँ सम्मको कार्यव्यापार हेर्दा स्थान, कार्य र कालमा अन्विति रहेको छ भने कक्ष ‘ज्ञ’ भन्दा कक्ष ‘त्र’ अस्पष्ट भएकाले यहाँ दृश्यान्तर भएको छ । यस दृश्यमा सम्पूर्ण विषयवस्तु अन्तरिक्षयानको प्रक्षेपण तथा डा. एक्स्, एक्स-१, ०३ लगायतका पात्रको केन्द्रीयतामा घुमिरहेको छ ।

यस नाटकको पहिलो दृश्यमा कथावस्तुको आदि भएको छ । पात्रहरूको सहभागिताले कथावस्तुलाई अगाडि बढाएको छ । यस दृश्यमा सूच्य घटनाहरू पनि रहेका

छन् । त्यस्तै स्थान, कार्य र कालको अन्विति रहेको छ । यहाँ दृश्याशंहरू धेरै छन् तर नाटककारले एउटै दृश्यमा नाटकीय कार्यव्यापार गरेको पाइन्छ । रङ्गमञ्चमा एउटै कक्षमा मात्र घटनाहरू घटेका छैनन् । एउटाबाट अर्कोमा स्वैरकल्पनात्मक रूपमा प्रवेश गरी कार्य गरेको देखाइएको छ ।

### ३.३.२ दोस्रो दृश्य

प्रस्तुत नाटकको दोस्रो अङ्कलाई अङ्क नभनी दृश्य 'ज्ञ' नाम दिइएको छ । यही नै प्रयोगवादको प्रयोग वा अङ्क विभाजनमा नयाँ शैलीको प्रयोग हो भन्न सकिन्छ भने यस दृश्यलाई मुक दृश्य भनिएको छ । यहाँ नाटकको कथावस्तु विकासतिर बढेको छ । यहाँ दिउसोको समयलाई सङ्केत गरिएको छ । डा. एक्सको प्रयोगशालामा उसको परिक्षण सहायक ०३ कार्यव्यस्त भएको दृश्य चित्रण गरिएको छ । यस दृश्यमा डा. एक्स र ०३ जस्ता दुईमात्र पात्रको केन्द्रीयता रहेकोले नाटक गतिशिल भएको छ ।

डा. एक्स लाम्चो टेबुलमा अडेसिएर सिगरको कस लिँदै ०३ लाई विविध रासायनिक परीक्षणका लागि साङ्केतिक निर्देशनहरू दिँदै जान्छ । डाक्टरको निर्देशन अनुरूप अत्यन्त कुशलताका साथ लामो, कष्टप्रद र थकित तुल्याउने परीक्षणहरू गर्न थाल्छ ।

परीक्षणका क्रममा प्रयोगमा संलग्न कम्प्युटर संयन्त्रको एक विशेष पर्दामा गणितीय सङ्केतहरू देखा पर्दै जान्छन् र मेटिदै पनि जान्छन् प्रत्येक परीक्षणको परीसमाप्तिपश्चात डा. एक्स सानो नोटबुकमा केही टिपेको छ ।

एवम् प्रकारकारले प्रयोग चलिरहन्छ अन्तत डा. एक्स रासायनिक परीक्षणबाट उत्पादित एक विशेष प्रकारको तरल पदार्थ सायद रङ्गहिन रङ्गको हुन्छ । जहाँ निरीक्षण परीक्षण गर्न थालिएको हुन्छ । परीक्षणका क्रममा डाक्टरको चेहरामा पूर्ण आत्मविश्वास र आत्मसन्तोषका बिम्बहरू परीलक्षित भइरहन्छन् ।

सहायक ०३ भने डाक्टरको परीक्षण अनभिज्ञ भावले बेलाबेलामा विस्मित चमत्कृत हुँदै टुलुटुलु हेरिरहेको छ ।

अन्ततः डाक्टरको निर्देशन अनुसार पिंजडाबाट मुसा निकाल्छ । डाक्टरले मुसालाई तरल पदार्थको सुई लगाइदिन्छ । सामान्य रूपमा इन्जेक्सन लाएझैँ तत्पश्चात मुसालाई एक विशेष यन्त्रमा राखिन्छ एवं रीतले अन्य दुईवटा मुसालाई पनि तरल पदार्थ रोपित गरिन्छ र त्यही विशेषयन्त्रका अन्य कोठाहरूमा राखिन्छ ।

डा. एक्स आफ्नो सहयोगीका साथ एक नयाँ प्रयोगको सिलसिलामा व्यस्त हुन्छ ।

डाक्टरको यो प्रयोगको सिलसिला पूर्ण रूपले मुसाहरूमा नै केन्द्रित रहन्छ । मुसाहरू राखिएको विशेष यन्त्रको सम्बन्ध पनि एक विशेष कम्प्युटरसित हुन्छ । डाक्टरले सल्लाह अनुसार ०३ कम्प्युटरको पर्दामा देखापर्ने प्रत्येक गणितीय सङ्केतहरू नोट गर्दै जान्छ । यहाँ सम्मको कार्यव्यापारमा स्थान, कार्य र कालमा एकत्व रहेको छ ।

त्यसपछि डा. एक्स एउटा मुसालाई यन्त्रबाट झिकेर बेहोस पारी त्यसको चिरफारमा व्यस्त हुन्छ । चिरफारको क्रममा ०३ ले नर्सको काम गर्छ । उक्त चिरफार समाप्तिपछि मुसाका स-साना अङ्ग प्रत्यङ्गहरू माथि डा. एक्स प्रयोग गर्न थाल्छ । त्यसैगरी दर्शकहरूलाई अन्त्यहिन जस्तो लाग्ने प्रयोगहरूको श्रृङ्खला यस स्थितिमा पुगेपछि कक्ष 'ज्ञ' को उज्यालो विस्तारै मैलिन थाल्छ र यहाँ स्थान कार्य र कालको एकत्व रहेको छ ।

### ३.३.३ तेस्रो दृश्य

प्रस्तुत नाटकको अन्तिम खण्ड नै तेस्रो दृश्य हो । जसलाई दृश्य 'त्र' नामकरण गरिएको छ । यस दृश्यलाई मुसामा गरिएको परीक्षण पश्चात लगत्तैको समयलाई चित्रण गरिएको छ । यहाँ मानवीय सङ्कट मुक्त गर्नका लागि द्रव्य-२ को आविस्कार गरिएको छ । डा. एक्स, एक्स-१, एक्स ०, +००, ०२ डा. एम र ०३ आदि पात्रको उपस्थिति रहेको छ । कक्ष 'त्र' पूर्ण रूपमा प्रकाशपूर्ण हुन्छ । कक्ष 'ज्ञ' मा वैज्ञानिक डा. एक्स आफ्ना सहयोगीका साथ प्रयोगात्मक कार्यहरूमा शतप्रतिशत समर्पित रहेको छ । तर मध्यम अथवा सम्भव भएसम्म न्यून प्रकाशमा ०२, एक्स-० र +०० को संवादबाट यस अङ्कको पहिलो दृश्य प्रारम्भ भएको छ । एक्स ० र +०० जिस्किरहेका हुन्छन् भने ०२ (+०० र एक्स-० की टिचर) ले पुनः जिस्किन लाग्यौ ? भन्ने प्रश्न गर्दै शान्तसँग बस्न आग्रह गर्छिन । उनीहरू झुटो बोलेको र एक अर्काको गल्ती लुकाउन खोजेको कुरा भन्दै छिन । अन्तमा एक्स-० कै

गल्ती भएको थाहा हुन्छ । तत्पश्चात +०० लाजले रक्तिम भई मुख लुकाउँछ । ०२ को काखमा १ मानव निर्मित मानव युवती र मानव निर्मित बालकलाई मुसार्दै शरीरका अङ्ग अङ्गका भावभङ्गिमा सहित माया पोख्न थाल्छे मातृत्वको अमृतधारा बगाउँदै छे । साथै +०० उसको न्यानो काखमा लुटुपुटु हुन्छ । जब कक्ष 'त्र' बाट 'ज्ञ' मा ०१ प्रवेश गरेकी छे यहाँ पात्रको आगमनले गर्दा दृश्यान्तरको सम्भावना रहेको छ ।

०१ ले ०२ लाई के तमासा हो यो ? भनी अन्य मानिसले जस्तै बिहे गर्नु, घरजम बसाल्नु भनी सल्लाह दिन्छे त्यसको प्रतिवाद गर्दै ०२ ले पहिला तिमीले एउटा बुढो खोज्न नबिर्सनु भन्दै ०१ सँग झर्किन्छे र दुईका बीच केही भनाभन जस्तै हुन्छ । उता ०१ लाई ०२ ले बुढी भनेकामा रिसाएकी छे । साथै ०२ लाई टिचर हुनुको बोझे अहङ्कार परित्याग गरी गम्भिरतापूर्वक एक पाकशास्त्र विशेषज्ञको चेतनशील अभिव्यक्ति सुन्नु र उच निचको भावनालाई मनबाट हटाउन भन्दै कडा जवाफ दिन्छे । त्यस्तै ०२ ले पनि न्याय र स्वतन्त्रता प्राप्त गर्न रहर गर्नुलाई न्याय नभनिने विचार राख्छे । यहाँ हुने खाने र हुँदा खाने वर्गबिचको समस्यालाई स्पष्ट रूपमा ०१ र ०२ को संवादबाट प्रष्ट भएको छ । यहाँ ०१ ले भनेकी छे- *"न्याय वयान र शैली बदलिन सक्छ । स्वतन्त्रताको पोष्टरको रङ्ग बदलिन सक्छ र समानताको प्लेकार्डको आकार मात्र परिवर्तित हुन सक्छ । युगयुगका विद्रोही मागका दृश्यात्मक पृष्ठभूमिका भावहरू शास्वत हुन्छन् ।"* यसो भन्दै गर्दा ०२ ले +०० माथि माया दर्शाउनको कारण आफ्नो छोरा मानेको जसलाई माया गर्दा दुनीयाँका सबभन्दा व्यस्त नारी, पवित्र तथा महान नारी भएकीले कसैले हस्तक्षेप गर्ने अधिकार नभएको र यदी हस्तक्षेप गरेमा त्यो शोषण हुने कुरा व्यक्त गरेकी छे । यहाँसम्मको कार्यव्यापारमा स्थान, कार्य र कालमा एकत्व रहेको छ भने टेलिफोनको घण्टी बज्नु र एक्स-१ कक्ष 'ज्ञ' मा प्रवेश गर्नुले दृश्यान्तर भएको देखिन्छ ।

टेलिफोन एस.क ले ०२ लाई गरेको हुन्छ । यिनीहरू बीच प्रणय सम्बन्धको सम्भावना देखिन्छ । यस्तैमा एक्स-१ ले आफ्नी छोरीलाई सुदुर अन्तरिक्ष भेदन गर्ने, अत्यन्त निहारिका ग्यालेक्सी वा सम्पूर्ण ब्रह्माण्डको छेउटुप्पा सम्म स्वतन्त्र रूपले वैज्ञानिक यात्रा गर्न सक्षम मानवीय शक्तिको प्रतीकको रूपमा स्थापित गर्न चाहने अवैज्ञानिक सपना रहेको तर डाक्टरको नीतिपरक भावुकताको आँधी-तुफानमा स्वप्न महल ढल्दै गएको कुरा बताएकी छे । (पृ. २५) त्यस्तै डाक्टर एक्स जतिबेला पनि प्रयोगशालामा कुनै अनौठो

परीक्षण गर्दै गरेको वा स्वयम डाक्टरको आफ्नो दृढ इच्छा पुरा गर्ने तथा मानवजातिको अस्तित्व सङ्कटमा परेको र सोही सङ्कटबाट मानवताको उद्धार गर्ने लक्ष्यमा कतिबद्ध रहेका छन् । यत्तिकैमा +०० र एक्स-० को बालसुलभ चाञ्चल्यका साथ प्रवेश हुन्छ र ०२ ले फिल्म देखाउने तरखर गर्छे भने +०० र एक्स-० शान्तसँग फिल्म हेरिरहेका छन् । प्रयोगशालामा डा. एक्स आफ्नो परीक्षण मुसामाथि सफल भएकोमा दिल खोलेर हाँसेको छ भने कक्ष 'त्र' मा डा. एमको प्रवेश भएको छ ।

बालबालिकाले अन्तरिक्ष सम्बन्धी फिल्म हेरिरहेको देखेर डा. एम भन्छन्- "यो यिनीहरूको भविष्यमा विज्ञान प्रतिको प्रतिबद्धता हो ।" एक्सले भने धेरै फिल्म हेर्ने लत राम्रो नभएको विचार राख्छे । बाबुआमाले छोराछोरीलाई ठूलो गगनचम्बी महल चुम्न प्रेरणा र हौसला साथै सपना देख्छन् भने छोराछोरीले त्यसको उल्टो गरेका हुन्छन् । आखिर उनीहरू के बन्न चाहेका हुन्छन् सोही बन्छन् भन्ने विचार डा. एमले राखेका छन् । जब ०२ ले डा. एमलाई डा. एक्स र एमको सम्बन्ध बालक देखिने घनिष्ट मित्रको रूपमा थियो वा थिएन भन्ने प्रश्नको उत्तरमा डा. एम र एक्स एक अर्काका घनिष्ट तर एक्सले केही शत्रुतापूर्ण मित्रता भन्ने गरेका छन् भन्छन् । यसै क्रममा एक्स-१ ले डा. एक्सको सम्भावित सन्त्रासको महाप्रलय भित्र्याएकाले असङ्ख्य दुःस्वप्नका महाप्रलयद्वारा मृतप्राय भएको छ । तर डा. एम त्यो उसको सौभाग्य हो भन्दछ । उसले आफ्नो पति डा. एमको काममा राष्ट्रिय अन्तरिक्ष कार्यक्रम सहित समुन्नत पारमाणविक भौतिकीको घोर विरोधी रहेको बताउछे तर डा. एम आफुले यस विषयमा कुनै योगदान पुऱ्याउन नसक्ने कुरा पनि व्यक्त गरेको छ । त्यस्तै डा. एम कुनै विषयमा निश्चित छन् । यसै क्रममा ०२ हतारमा भान्सामा जान खोज्छे तर त्यो भन्दा पहिलो ०१ नै कफीको ट्रेसहित बैठक कोठामा उपस्थित भएकी छे । यसरी स्थान, काल र कार्यमा कुनै परिवर्तन नभएपनि पात्रहरूको उपस्थिति भएको छ । उता प्रयोगशालामा डा. एक्सले  आफ्नो सफल अविष्कार गरेको छ तत्पश्चात त्यो सफल आविष्कार आफ्नो प्रिय मित्र एमलाई सुनाउन चाहन्छ ।

जब प्रयोगशालाबाट डा. एक्स बैठक कोठा प्रवेश गर्छ त्यो अवस्थामा दृश्य परिवर्तन भएको छ । दुई मित्रबीचको संवादमा डा. एक्सले आफु मानवतावादी भएको र मानव सङ्कट रोक्नका लागि गरेको कार्यले विश्वका वैज्ञानिकहरूलाई गम्भिर चुनौती दिएकाले बाहिर के-कस्ता प्रतिक्रिया आएका छन् त्यो जान्न डा. एमसँग बुझ्ने प्रयास

गर्दछ । डा. एमले पनि आफ्नो मित्र डा. एक्सलाई सम्पूर्ण वैज्ञानिकले गम्भिरतापूर्ण ढङ्गले लिएको सुनाएपछि डा. एक्स अगाडि भन्दछ - *"तिमीले राम्रो कुरा सुनायौ तर .... यतिखेर पृथ्वीमा महान र प्रतिभाशाली व्यक्तिहरूको आवश्यकता छैन आदर्श र चरित्रवान व्यक्तिहरूकोआवश्यकताछ । .... जे होस् तिमीले अत्यन्त प्रिय कुरा सुनायौ ।"* (पृ. ३२) डा. एम - *"तर मलाई तिम्रो कुरा प्रिय लागेन । तिमी स्वयम एक महान र प्रभावशाली वैज्ञानिक हौ त्यसैले पृथ्वीमा महान र प्रभावशाली व्यक्तिहरूको आवश्यकता छैन त्यस्तो स्टेटमेन्ट तिमी दिन सक्दैनौ । तिमी स्वयम् निर्दयी व्यवहार गर्दै छौ । म यस्तो अति भावुकतामा विश्वास राख्दिनँ ।"* (पृ. ३२) यसरी यी संवादमा के बुज्न सकिन्छ भने पृथ्वी र मानव अस्तित्व अन्त्य गर्ने वैज्ञानिक उपलब्धीलाई स्वीकार नगरेको पाइन्छ । वैज्ञानिकहरू मानवतावादको निर्मम हत्यामा होइन मानवतावादको संरक्षणमा संलग्न हुनुपर्छ । वैज्ञानिक उपलब्धीले पृथ्वी र मानव चेतनामा रचनात्मक र सृजनात्मक बुद्धी ल्याउनुपर्छ भन्ने चिन्तन डा. एक्सले प्रस्तुत गरेका छन् । यो कार्यव्यापारमा कथानकिय विकासको क्रममा स्थान कार्य र कालमा एकत्व रहेको छ ।

डा. एक्सले आफ्नो सातवर्ष अघिको भ्रमणका क्रममा जापानको हिरोसिमा र नागासाकीमा देखेको दृश्यले उनलाई मानवीय सङ्कट मुक्त गर्ने आकाङ्क्षा पैदा भयो जहाँ उनले सोचे- "शान्तिदुत बुद्धको प्रतिमा पनि वमले गल्न सक्छ" भन्ने यथार्थलाई स्वीकार गरेका थिए । ऊ त्यतिखेर नै सोचमग्न भयो की वास्तवमा अहिंसात्मक आँसुका थोपाहरूले आणविक बमहरू गलाउन सक्दैनन् । ...." त्यसपछि मात्र उनले वैज्ञानिक आविष्कार र अन्वेषणका लागि पूर्वमान्यताहरू प्रतिपादित गर्दै अगाडि बढे । जुन मान्यताहरू निम्नानुसार छन्:

*मान्यता १ - विश्वभरका शस्त्रीकरण संलग्न परमाणु वैज्ञानिकहरू मानव अन्तरिक्षमा पारमाणिक हातहतियार स्थापित गर्ने कार्यमा संलग्न भएका छन्- समान्य रूपले मानव अस्तित्व दुस्मन हुन् ।*

*मान्यता २- मान्छे जातिलाई पृथ्वीमा नै जीवित रहने प्राकृत अधिकार छ जीवनदायी पृथ्वीलाई घरती माताका रूपमा आदर गरी यस प्रतिको कर्तव्य पूर्ण इमान्दारीपूर्वक पुरा गरिनुपर्छ ।*

*मान्यता ३- पृथ्वीबाट अन्य ग्रह, नक्षत्रतिर पलायन गरी अन्तरिक्षमा बस्ती बसाल्ने आयोजनाले मानवीय अस्तित्वको सङ्कट उन्मूलित हुँदैन । त्यसैले यस्ता अन्तरिक्ष अभियानलाई मानवता विरोधी स्वीकार गरिनुपर्छ ।*

*मान्यता ४- पृथ्वीका प्रत्येक समस्या र प्रत्येक सङ्कटको समाधान पृथ्वीमा नै खोजिनुपर्छ - यो नै मानव धर्म हो ।*

*मान्यता ५- विध्वंसात्मक शक्ति उपासना विशेष गरी आणविक, पारमाणविक शक्तिको उपासना, इतिहाँसको सबभन्दा भयानक मानवीय रोग हो - यस मानवीय रोगलाई पूर्ण अस्तित्व विरोधी सङ्क्रामक महामारीको दर्जा प्रदान गरी उपचारविधि खोजिनुपर्छ । (पृ. ३८)*

उपरोक्त मान्यताहरू प्रस्तुत गर्दै अहिले उनले डा. एम जस्ता वैज्ञानिकहरूलाई जीवनावाद विरोधी सोचिरहेका छन् । उनले आंशिक रूपमा भए पनि न्युक्लिय महामारीको रोकथाम गर्न सक्षम भएको महशुस गरेका छन् ।

डा. एक्सले परमाणुको संरचनात्मक विखन्डनद्वारा उत्पन्न विस्फोटको उर्जा आघात तरङ्ग अति उच्च  ताप एवं न्युक्लियस विकिरणका जैविक प्रतिरोध क्षमताको विषयमा अनुसन्धान गर्ने क्रममा मानव शरीरमा हर्मोनयुक्त ग्रन्थीहरूका अतिरिक्त निस्कृय तथा सुषुप्त दोस्रो ग्रन्थी पनि रहेको पत्ता लगाउँछन् र त्यसलाई उत्तेजित पार्ने रासायनिक द्रव्य द्रब्य-२ को आविष्कार गर्छन् । उसले यो प्रयोग पहिले मुसा र पछि आफ्नै छोरीमाथि गर्छन् । छोरीलाई एन्टिन्युक्लियर इन्जेक्सन दिन्छ र त्यसको  क्षमतालाई प्रस्तुत गर्छ । उसले द्रब्य-२ सबै पृथ्वीवासीलाई सुपथ मूल्यमा उपलब्ध गराएर पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि भन्ने नारा लगाउँछन् र नाटकको अन्त्य हुन्छ ।

यसरी भौतिक शस्त्रीकरणले मानव अस्तित्व सङ्कटमा परेको र त्यसको विरुद्धमा डा. एक्सले आविष्कार गरेको द्रव्य-२ को आविष्कारसँग प्रस्तुत नाटकको अन्त्य भएको छ । यस नाटकमा लामा लामा संवादको प्रयोग गरिएको छ । कथानकको अन्त्य हुनेबेलासम्म स्थान, कार्य र कालमा अन्विति रहेको छ । प्रस्तुत दृश्यमा डा. एक्सको प्रयोगशालामा नै सम्पूर्ण घटनाहरू घटित भएका छन् ।

### ३.३.४ 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा रङ्गमञ्च विधान

रङ्गमञ्च भनेको नाटकीय कार्यव्यापारलाई दर्शकसामु प्रस्तुत गर्नका लागि तयार पारिएको मञ्च हो । नाटकलाई विभिन्न अभिनयकर्ताद्वारा अभिनय गरी दर्शकलाई मनोरञ्जन प्रदान गर्न बनाइएको मञ्चलाई रङ्गमञ्च भनिन्छ । यहाँ इथर नाटकको रङ्गमञ्च विधानलाई चर्चा गरिएको छ ।

इथरमा कोरिएको प्रेमपत्र नाटकमा रङ्गमञ्च अत्याधुनिक किसिमको छ । विशेष गरी इथर नाटक विज्ञान नाटक भएकोले यसलाई यथार्थवादी रङ्गमञ्चमा प्रस्तुत गर्न सकिने सम्भावना छैन । यस नाटकको रङ्गमञ्चमा विज्ञानका आधुनिक प्रयोग सामग्रीले युक्त रङ्गमञ्चको प्रयोग गरिएको छ । यहाँ एकभन्दा बढी घटनाहरू आफै घटित हुन्छन् । पर्दा आफै खस्छ । इथर नाटकमा दृश्य परिवर्तन नभएर उज्यालो खस्ने, अध्यारो भएर दृश्यान्तर हुने भई नाटकको घटना परिवर्तन हुन्छ ।

इथरमा कोरिएको प्रेमपत्र  नाटकको सुरुमा एक्स-१ र ०२ टी.भी. हेरिरहेको अवस्थामा घटना आरम्भ भएको छ । यस नाटकमा एक अङ्क ३ दृश्य भनिएता पनि तिनै दृश्यलाई अङ्क मानी विश्लेषण गरिएको छ । रङ्गमञ्च एउटै छ । इथर नाटकको रङ्गमञ्चीय आकृतिमा एउटा घरको एकापट्टी अत्याधुनिक बैठक कोठा र अर्कोतर्फ वैज्ञानिकको प्रयोगशाला देखाइएको छ । जहाँ बैठक कोठामा सोफासेटहरू केही पत्रिका, टी.भी. रेडियो, भिडियो, फोन, कम्प्युटर, घडी, गौतम बुद्ध र जिजसका आकर्षक शान्त मूर्तिहरू र वैज्ञानिक प्रयोगशालामा विभिन्न आकार प्रकारका काँचका नलीहरू, काँचका भाडाहरू, नली र भाडामा विविध रङ्गका तरल पदार्थहरू, अत्याधुनिक बर्नर र कम्प्युटर यन्त्रहरू, लाम्चो टेबुल, केही कुर्सी साथमा उन्नत-उन्नत पिंजडामा मुसा र खरायोहरूलाई आवश्यकीय मानिएको छ ।

यसरी एउटै रङ्गमञ्च भएता पनि अत्याधुनिक सामग्रीले सजाइएको छ । जहाँ प्रकाशको माध्यमले बैठक कोठा र प्रयोगशालाको क्रियाकलाप देखाइएको छ भने जहाँ प्रकाश परिवर्तन हुन्छ त्यहाँ रङ्गमञ्चीय सेटिङ पनि परिवर्तन भएको छ ।

### ३.३.५ इथरमा कोरिएको प्रेमपत्र नाटकमा रहेका दृश्याशंहरू

नाटकमा रहेका दृश्यभित्रका दृश्यहरूलाई दृश्याशं भनिन्छ । दृश्याशंको सहयोगले नै दृश्यान्तर हुन्छ । यहाँ इथर नाटकका विविध दृश्यमा रहेका दृश्याशंको सूची तयार पारिएको छः

**दृश्याशं १ः** बैठककोठामा ०२ सँग एक्स-१ कुरा गरिरहेका छन् । सोही समयमा भन्छा कोठाबाट ०१ प्रवेश गरेपछि पात्रको सङ्ख्यामा वृद्धि भई सोही अनुसारको संवाद भएकाले दृश्यान्त भएको छ । यो पहिलो दृश्याशं हो ।

**दृश्याशं २ः** खाना खाने समयमा डा. एक्स र ०३ बैठक कोठामा प्रवेश गर्छन् जहाँ ०१, ०२ र एक्स-१ कुराकानीमा व्यस्त छन् । डा. एक्स खाना खाने समय आफुसँग नभएको भन्दै ०३ साथ प्रयोगशालामा गई परिक्षणको काम गर्न थाल्छ यहाँ बैठक कोठा र प्रयोगशालाका घटनामा दृश्यान्त भएको छ । यो नै दृश्याशं २ हो ।

**दृश्याशं ३ः** एक्स-० र +०० इ = एम.सी$^{2}$ प्रमाणित गरी आफ्नी टिचरलाई देखाउन हतार गर्छन् । कसले मिलाएको भन्ने विषयमा छलफल गर्छन् र टिचरले आफुसँग बोलाउँदा उनीहरू खितखित हाँसेर बाहिरतिर कुलेलम ठोक्छन् । यो नै प्रस्तुत नाटकको अर्को दृश्याशंहो ।

**दृश्याशं ४ः** +०० लाई ०२ ले आफ्नो छोरा मानी आफ्नो काखमा लुटपुटाई मातृवात्सल्यता प्रदान गर्दै गर्दा ०१ के तमासा भनि कक्ष 'ज्ञ' बाट कक्ष 'त्र' मा दुई जना पात्र भएकामा ३ जना भएपछि यहाँ दृश्यान्तर भएको छ ।

**दृश्याशं ५ः** एम.के पात्रले ०२ लाई टेलिफोन गरेको र टेलिफोन वार्ता सुनेर एक्स-१ को प्रवेशद्वारा दृश्यान्तर भएको मानिन्छ । यहाँ अर्को दृश्याशं घटित भएको छ ।

**दृश्याशं ६ः** प्रयोगशालामा अनौठो परीक्षण सफल भएकाले दङ्ग पर्दै डा. एक्सले डा. एमलाई परीक्षणको सफलता पहिले डा. एमलाई सुनाउन चाहाना गरेको छ भने एम पनि बधाई ज्ञापनका साथ कक्ष 'ज्ञ' बाट कक्ष 'त्र' मा प्रवेश गरेको छ । यहाँ अर्को दृश्याशं रहेको छ ।

### ३.३.६ निष्कर्ष

'इथरमा कोरिएको प्रेमपत्र' (२०४४) पूर्णाङ्की नाटक सरुभक्तद्वारा रचना भएको हो । यस नाटकमा वैज्ञानिक आणविक शक्तिको आविष्कारले मानव जीवन सङ्कटमा परेको र त्यो सङ्कटबाट मुक्ति दिनका लागि डा. एक्स पात्रको कार्यव्यापारलाई चित्रण गरिएको छ । यस नाटकको कथानक रैखिक ढाँचामा प्रस्तुत गरिएको छ ।

यस नाटकमा जम्मा तिनवटा दृश्यहरू आदि, मध्य र अन्त्यको क्रममा छन् । तर परम्परागत नाटकमा कथानकको प्रारम्भ आदि भाग वा पहिलो अङ्क विकास भाग दोस्रो अङ्कमा र अन्त्य भाग तेस्रो अङ्कमा गरिएको पाइन्छ । तर प्रस्तुत इथर नाटक एक नयाँ शैलीको प्रयोग गरी लेखिएको नाटक भएकाले तिन दृश्यमा कथानक आदि मध्य र अन्त्य गरी समान रूपमा अगाडि बढेको पाइदैन । दृश्य 'त्र' पहिलो भाग र तेस्रो भाग अलि ठुला वा लामा छन् भने दोस्रो भाग यानेकी दृश्य 'ज्ञ' तुलनात्मक रूपमा सानो र संवादविहिन दृश्य जसलाई मुक दृश्य भनिएको छ । कथानकीय विकासमा समान तरिकाले कथावस्तुको विन्यास गरिएको छैन । तर विश्लेषण भने आदि, मध्य र अन्त्यकै श्रृङ्खलामा गरिएको छ ।

'इथरमा कोरिएको प्रेमपत्र' नाटक रूपकका दश भेद मध्य समवकार अन्तर्गत पर्दछ । यस नाटकका अङ्कलाई दृश्य भनिएको छ । प्रत्येक दृश्यमा स्थान, काल र कार्यको एकत्व रहेको छ । रङ्गमञ्चीय सेटिङमा पनि नवप्रयोग पाइन्छ । अत्याधुनिक प्रकाशको उज्यालो अध्यारोले दृश्य परिवर्तन भएको छ । अन्तमा अपर्दा शब्दको प्रयोग गरिएको छ भने एउटै रङ्गमञ्चमा प्रस्तुत नाटकलाई मञ्चन गराउने भनिएता पनि यथार्थमा नाटक मञ्चन गर्न सम्भव देखिँदैन ।

प्रत्येक दृश्यमा फरक-फरक पात्रको उपस्थितिले गर्दा विषयवस्तुमा परिवर्तन हुनुका साथै प्रशस्त मात्रामा दृश्यान्तहरू भएका छन् । प्रत्येक दृश्यमा फरक-फरक पात्रको प्रतिनिधित्व रहेको छ । यस नाटकका अङ्कहरूमा सूच्य र दृश्य घटनाहरूको प्रयोग गरिएको छ ।

# चौथो परिच्छेद

## सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आङ्गिक अभिनय

### ४.१ विषय प्रवेश

सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकको आङ्गिक अभिनयलाई यस परिच्छेदमा अध्ययन गरिएको छ । आङ्गिक अभिनयलाई शरीरज (स्थूल) र मुखज (चेष्टाकृत सूक्ष्म) अभिनयका आधारमा विवेचना गरिएको छ ।

### ४.२ 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा आङ्गिक अभिनय योजना

'इथरमा कोरिएको प्रेमपत्र' नाटक वि.सं. २०४४ सालमा रचना गरिएको हो । यस नाटक हालसम्म कुनै ठाउँमा मञ्चन गरिएको जानकारी पाइएको छैन । यस नाटकका पात्रहरूले शरीरका अङ्गहरू (शिर, हस्त, पक्ष, पार्श्व, भ्र, नासिका, अधर, कपोल, चिवुक) आदिको सञ्चालन गरेर अभिनय गरेको देखिन्छ । प्रस्तुत नाटकका प्रत्येक अङ्कलाई शरीरज (स्थूल) र मुखज अभिनयका आधारमा गरिएको छ ।

#### ४.२.१ पहिलो दृश्यमा शरीरज अभिनय

नाटकको पहिलो अङ्कमा डा. एक्स, एक्स-१, ०१, ०२, ०३, एक्स-०, +०० गरी जम्मा सात जना पात्रहरूको सहभागिता रहेको छ । यी पात्रहरूले शरीरका अङ्ग, प्रत्यङ्ग सञ्चालन गरेर शरीरज (स्थूल) अभिनय गरेका देखिन्छन् । नाटककारले नाटकमा दिएका रङ्ग निर्देशका आधारमा पात्रहरूले पनि अङ्ग सञ्चालन गरेका छन् । ती नाटकीय रङ्ग निर्देशअनुसार पात्रहरूद्वारा गरिएका शरीरज अभिनयलाई विभिन्न अङ्ग, प्रत्यङ्गको आधारमा विश्लेषण गरिएका छन् ।

**(क) शिरोभिनय**

प्रस्तुत नाटकको प्रथम अङ्कमा प्रष्ट शिरोभिनय गरेको देखिँदैन तर एक्स-१ द्वारा शिरोभिनय गरेको सम्भावना देखिन्छ । ०२ द्वारा एक्स-१ लाई प्रश्न गर्दै एक्स-१ किन दीर्घ निःश्वास ......अन्तरिक्षयानको यस महायात्राप्रति तपाई आशङ्कित हुनुभए झैँ लाग्यो त्यसकैले निराशासूचक ...... ।

**नमुना- १**

*एक्स १: होइन म निराश भएकी छैन । दीर्घ निश्वास लिनुको मतलब भिन्न छ ..... । वास्तवमा, म सौच्दै छु मान्छे नामक एक मिश्रीत पदार्थ बारे । (पृ. ४)*

माथिको संवादमा ०२ ले प्रश्न गरेपछि एक्सले होइन भन्ने उत्तरमा टाउको हल्लाएर अन्तरिक्षयानको महायात्राप्रति आशङ्कित नभएको जानकारी गराएको अनुमान गर्न सकिन्छ । टाउको दायाँबायाँ हल्लाउदा यहाँ शिरोभिनय भएको अनुमान गर्न सकिन्छ ।

**(ख) हस्ताभिनय**

हातको हाउभाउ वा सञ्चालन गरेर गरिने अभिनयलाई हस्ताभिनय भनिन्छ । यस नाटकको पहिलो दृश्यमा पात्रहरूद्वारा गरिएका हस्ताभिनयका संवादहरूलाई नमूनाका रूपमा लिन सकिन्छ । जस्तैः

**नमुना - १**

*डा. एक्स - **(फोन उठाउँदै)** हेल्लो ! हेल्लो डाक्टर एम ! ! ग्यालेक्सी डब्लु एक्सलाई अन्तरिक्ष कार्यक्रमका महानिर्देशक, मेरा प्रिय वैज्ञानिक मित्र ! ! बधाइ ! बधाइ ! ! तिमीहरूले अन्तरिक्षयान प्रक्षेपणकार्य क्रम, डाक्टर, 'एल' को भूमिगत प्रयोगशालामा टेलिभिजन पर्दामा मैले हेर्ने मौका पाएँ सफल प्रक्षेपणका लागि बधाइ छ ! !*

*तर मेरा प्रिय महानिर्देशकज्यू तिमीहरूको महानतम वैज्ञानिक उपलब्धीमा खुसी व्यक्त गर्नुका साथसाथै म आफ्नो तर्फबाट चुनौती पनि दिन चाहन्छु, कृपया स्वीकार गर्नु ।*

*म तिमी मार्फत् विश्वभरका अन्तरिक्ष भौतिक विदहरू र अन्य तमाम वैज्ञानिकहरू जो आणविक महायुद्ध- अन्तरिक्ष सैनीकरण र मानव जातिको पूर्ण अस्तत्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन्- लाई सामुहिक चुनौती दिँदै छु । एक मानवतावादी वैज्ञानिकको नाताले म चुनौती दिँदै छु । तिमीहरूको यो मानवजातिको अस्तित्व समाप्त पार्ने सपना म विफल पारीदिन्छ । विश्वका सबै आणविक वैज्ञानिकहरू र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरूले मेरो व्यक्तिगत चुनौतीलाई गम्भीरतापूर्वक स्वीकार गर्नेछन्, म आशा गर्छु । धन्यवाद ! **(फोन राखिन्छ)** (पृ. ८, ९)*

**नमुना - २**

*एक्स - १ - (+०० लाई मुसारेर) कस्ले के मिलाएको ? अनि कस्ले के सारेको ? फेरी भन त छोरा राम्ररी ? (पृ. १४)*

*एक्स - ० - मम्मी ! मम्मी ! ! पहिला मैले  मिलाएको, म पहिला म पहिला ...... **(रुन्चे  स्वरमा एक्स-१ लाई समातेर खुट्टा बजार्न थाल्छे ।)** (पृ. १४)*

**नमुना - ३**

*एक्स- १: के कुरामा पहिला भनेको*

*एक्स -०: यी ! यी ! ! इ = एम. सी$^{२}$ मैले पहिला मिलाएको मैले हिसाब मिलाएपछि उसले आफ्नो कापीमा सारेको । (पृ. १४)*

**नमुना - ४**

*+०० - म नै पहिला ! ! म फस्ट ! ! ! (कापी देखाउने होडवाजी) (पृ. १४)*

उपर्युक्त संवादहरू मध्ये नमुना एकमा डा. एक्सद्वारा हस्ताभिनय गरेका कुराहरू उल्लेख गरिएको छ । यहाँ फोन उठाउँदा उसको हात सञ्चालित भएको छ । यहाँ डा. एक्सले फोन उठाउने र राख्ने गर्दा हात तलमाथि गराउँदा हस्ताभिनय हुन पुगेको देखिन्छ । त्यस्तै नमुना दुईमा +०० ले आफुले इ = एम. सी$^{२}$ पहिला मिलाएको तर एक्स-० ले ढिपी गरेको भन्दै गर्दा एक्स-१ ले कसले के मिलाएको ? कसले के सारेको ? भन त छोरा राम्ररी भन्दै +०० लाई मुसारेको दृश्यले पनि हातको कार्यव्यापार हुन पुगेको देखिन्छ । त्यस्तै एक्स-० ले एक्स-१ लाई समाउँदा हातको कार्यव्यापार भएको देखिन्छ । त्यस्तै नमुना ४ मा +०० ले आफुले प्रमाणित गरेको इ = एम.सी$^{२}$एक्स-१ लाई देखाउँदा पनि हातको पुरै भाग सञ्चालित भएका छन् । यसरी यस अङ्कमा डा. एक्स, एक्स-१, एक्स-० र +०० जस्ता पात्रद्वारा हस्ताभिनय गरेको देखिन्छ । यी सबै पात्रहरूले यसै दृश्यका अन्य विभिन्न स्थानमा समेत हस्ताभिनय गरेको पाइन्छ ।

(ग) **पादकर्म / पदभिनय**

पादकर्म भनेको गोडाको चाल वा अवस्था हो । भरतले उरु जङ्घाकर्मलाई पादकर्म अन्तर्गत नै समावेश गर्न निर्देशन दिएका छन् । यस अङ्कमा ०१ भित्रबाट बैठक कोठामा प्रवेश गर्दा तथा भित्रै फर्किदा र डा. एक्स बाहिरबाट बैठक कोठामा प्रवेश गर्दा पादकर्म भएको देखिन्छ । यस दृश्यमा डा. एक्स, एक्स-१ , ०१, ०२, +००, ०२ लगायतका पात्रहरूद्वारा पादाभिनय गरेका केही सन्दर्भहरूको यसरी चर्चा गरिएको छ । जस्तैः

**नमुना-१**

*डा. एक्सः खाना खाने ? मलाई यतिखेर खाना खाने त के मर्ने पनि फुर्सद छैन यतिखेर म संसारको सबैभन्दा बेफुर्सदी मान्छे हुँ । (टेलिफोनतिर जाँदै)*

*डा. एक्सः (०३ का साथमा कक्ष 'ज्ञ' मा प्रस्थान)*

*यही त हो जिन्दगीको 'स्वादविनको स्वाद' अक्सर समयको ठीक गणना गर्ने वैज्ञानिकलाई समयमा खाने सुत्ने फुर्सद हुँदैन । (पृ. ८)*

**नमुना-२**

*एक्स-०ः मम्मी ! मम्मी ! ! मैले पहिला मिलाएको म पहिला*(**खुट्टा बजार्दै**) (पृ.१४)

**नमुना-३**

*(०३ - विस्तारै ०३ को प्रवेश)*

**नमुना-४**

***(एक्स-० र +०० दुवै आफ्नी टिचर ०२ लाई देखेपछि नहेरी कुलेलम ठोक्छन् ।)*** (पृ. १५)

**नमुना-५**

*०२-* ***केटाकेटीको पछि लाग्छे तर विचमै फोनको घण्टी बजेपछि फोन उठान जान्छे ।*** *(पृ. १६)*

उल्लिखित संवादहरूमा नाटकका पात्रहरूद्वारा पादभिनय गरिएको छ । नमुना एकमा ०३ र डा. एक्स क 'ज्ञ' मा प्रस्थान गर्दै गर्दा दुबैका गोडाहरू चलायमान भएको देखिन्छ । त्यस्तै भित्र प्रस्थान गर्छ भन्ने नाट्य निर्देशनले खुट्टाद्वारा कक्ष 'ज्ञ' मा प्रवेश गर्ने कुरा प्रष्ट हुन्छ । नमुना २ मा आफुले गरेको कार्यकलाप पहिला गरेको भनी विश्वास दिलाउनलाई एक्स-० ले एक्स-१ लाई समातेर रुन्छे पारामा खुट्टा बजार्नुको प्रसङ्गमा उसका गोडाहरू सञ्चालित भएको देखिन्छ । त्यसैले यहाँ पादभिनय भएको छ । नमुना ४ मा एक्स-० र +०० टिचरलाई देखेपछि एक्कासी कुलेलाम ठोक्नु कार्यव्यापारले पादभिनय हुन पुगेको देखिन्छ । त्यसैगरी नमुना ५ मा ०२ केटाकेटीको पछि लाग्नु बिचमा फोनको घण्टी बजेपछि फर्केर फोन उठाउन जानु जस्ता कार्यव्यापारले ०२ द्वारा पादभिनय भएको देखिन्छ । यहाँ यी पात्रहरू आउने-जाने, भित्रिने-बाहिरिने र हिडडुल गरिरहने कार्य गर्दा खुट्टाहरू सञ्चालित भएका देखिन्छन् । तसर्थ यस दृश्यमा विविध पात्रहरूद्वारा पादकर्म/ पादभिनय हुन पुगेको देखिन्छ ।

जङ्घा भनेको तिघ्रा हो । तिघ्रा वा जङ्घाद्वारा गरिने अभिनय नै जङ्घा कर्म हो । यस दृश्यमा एक्स-१ ले छोरीलाई खुवाउँदै गर हामी पछि खाउँला भन्ने आज्ञा दिँदै गर्दा अधवैंशे ०-१ जुरुक्क उठेर भित्र जान खोज्दा जङ्घा कर्म भएको देखिन्छ । त्यस्तै डा. एक्सद्वारा पनि जङ्घाकर्म भएको देखाइएको छ । जस्तैः

**नमुना-१**

*०१- **(अधवैंशे ०१ उठेर भान्सा तिर जान खोज्दै)** समयको आज्ञा पालन गर्नु सधैं राम्रो हुन्छ । (पृष्ठ. ८)*

**नमुना-२**

*डा. एक्स- ओहो तिमी ! म अहिले अत्यन्त व्यस्त छु । तिमी खानाखान जाऊ । म प्रयोगशालामा जान्छु ०३ पर्खिराखेको छ । (पृष्ठ ९)*

प्रस्तुत संवादहरू मध्ये नमुना एकको संवादमा अधवैंसे ०१ उठेको प्रसङ्ग जोडिएको देखिन्छ । यहाँ एक्स-१ ले एक्स-० लाई खुवाउँदै गर भन्ने आदेशको पालना गर्ने क्रममा उठ्ने र बस्ने कार्यव्यापारले गर्दा उसको तिघ्रा सञ्चालन भएको देखिन्छ । त्यसैगरी

बैठक कोठाबाट प्रयोगशालामा जाँदा पनि हिड्दा घुडा खुम्चने र तन्कने गरेको अनुमान गर्न सकिन्छ । यसरी ०१ र डा. एक्सद्वारा जङ्घाकर्म हुन पुगेको छ ।

(घ) **वक्षभिनय**

वक्ष भनेको छाती हो । यसलाई उर पनि भनिन्छ । वक्षद्वारा गरिएको अभिनयलाई वृक्षाभिनय भनिन्छ । नाटकको प्रथम दृश्यमा एक्स-१ ले पत्रकारको टेलिफोन आएको र डा. सँग कुराकानी गर्न चाहेको कुरा गर्दा आफै सबै कुराको जानकारी दिएपछि अन्तिममा दीर्घ निःश्वास लिएकी छे । जस्तैः

**एक्स -१**

***(फोन उठाएर)*** *हेल्लो ! को बोल्नु भएको ? ..... हो, हो ..... डाक्टर एक्सकै घर पऱ्यो । यहाँ को बोल्नु भएको ..... ? ए पत्रकार हुनुहुन्छ कुन पत्रिका ? ए बुझेँ ..... उहाँ अहिले अत्यन्त व्यस्त हुनुहुन्छ ..... खै सम्भव नै छैन अहिले त ।*

*..... के भन्नुभयो ? ..... तपाई उहाँको अर्न्तवार्ता लिन चाहानुहुन्छ ..... कुन सिलसिलामा ..... ? ..... नयाँ आविष्कारको बारेमा जान्न चाहनुहुन्छ ..... कुनै नयाँ आविष्कार ? ..... खै मलाई थाहा भएन ..... ? ..... उहाँ कुन नयाँ प्रयोगमा व्यस्त हुनुहुन्छ, मलाई यत्ति नै थाहा छ ..... वैज्ञानिकहरू आफ्नो प्रयोग सफलतासाथ सम्पन्न नगरी कुनै हाइपोथेसिसलाई 'आविष्कार' भनी नामकरण गर्दैनन् ..... तपाई उहाँको प्रयोगबारे जानकारी राख्नुहुन्छ ..... के जानकारी ? ..... उहाँको संभावित आविष्कारले ? ..... के हेडलाई बन्ने छ भन्नुभयो ?*

*..... सम्भावित आविष्कार ? उहाँ वैज्ञानिक भएर अन्य वैज्ञानिकलाई च्यालेन्ज गर्दै हुनुहुन्छ ..... यस कुराको जानकारी कुन स्रोतबाट पाउनुभयो ? ..... यस 'सम्भावित' आविष्कारकर्ता महान वैज्ञानिकको पहिलो अन्तर्वार्ताकार बन्न चाहनुहुन्छ ?(**खिलखिलाएर हाँस्दै**) पत्रकारलाई पनि पहिलो हुने रोग लाग्छ ? ..... हुन्छ म भनीदिउँला ..... भोलीतिर फेरी फोन गर्नुभए बेस हुन्थ्यो । ..... हुन्छ, हुन्छ । ..... (**हाँस्दै**) म तपाईलाई नै पहिलो अन्तर्वार्ताकार बनाइदिउँला ..... ।*

(**फोन राख्छे**) । फोन राख्दा उसको पिडाहिन खिलखिलाहट त्यसैको बोझले दबेर मर्छ ! फलस्वरूप एक दीर्घ निःश्वास लिन्छे । (पृष्ठ १६)

यहाँ नाट्यनिर्देश अनुसार एक्स-१ ले लामो-लामो श्वास लिएको कुरा उल्लेख गरिएको छ । एक्स-१ ले लामो-लामो श्वास लिँदा उसको छाती फुल्ने र खुम्चने गरेको छ । तसर्थ एक्स-१ द्वारा वक्षभिनय भएको देखिन्छ ।

### ४.२.२ इथरमा कोरिएको प्रेमपत्र नाटकको पहिलो दृश्यमा मुखज अभिनय

नाटकको पहिलो दृश्यमा पात्रहरूले शरीरका अपाङ्गहरूद्वारा गरिएका मुखज/ सूक्ष्म अभिनयहरूको चर्चा गरिएको छ ।

#### (क) नेत्राभिनय

यस दृश्यमा सर्वप्रथम ०२ र एक्स-१ द्वारा नेत्राभिनय गरेको प्रसङ्ग उल्लेख गरिएको देखिन्छ । ०२ र एक्स १ ले आफुहरूले बैठक कोठामा बसेर टि.भी.मा अन्तरिक्षयान प्रक्षेपणको तयारी कार्यक्रम हेर्दा आँखा ठुलो बनाउने र साना बनाउने नाट्यनिर्देश प्रयोग गरेको देखिन्छ । त्यस्तै नाटकमा हुन पुगेका सम्भावित केही सन्दर्भहरूलाई नमुनाका रूपमा प्रस्तुत गर्न सकिन्छ । जस्तैः

**नमुना-१**

(एक्स-१ र ०२ सोफासेटमा बसेर टी.भी. हेरिरहेका हुन्छन् । टि.भी.को पर्दामा एउटा अत्याधुनिक अन्तरिक्षयान प्रक्षेपित हुने क्रममा सगौरव शिर ठाडो पारी उभिएको छ । उल्टो गणना (Count Down) सुरु हुन्छः

*१० ..... ९ ..... ८ ..... ७ ..... ६ ..... ५ ..... ४ ..... ३ ..... २ ..... १ ..... ० !!!*

*टी.भी. पर्दामा भीषण अग्नीपुञ्ज देखापर्छ, एक भयानक विस्फोट सहित । तत्पश्चात अन्तरिक्षयानको ऐतिहासिक यात्रारम्भ (पृष्ठ ४)*

**नमुना-२**

०१ - (**आँसुका पीडा झरिरहेकै छन् ।**)

*म ..... म नोकर्नीहरू जुन काम गर्थे, ती काम गर्छु त्यसैले मलाई अपमान र हेलाँ गर्छन् सबै । आखिर म घरका सामान्य काम गर्ने, भान्साघरको काम गर्ने, लुगाहरू धुने, घर सफासुग्घर पार्ने एक नोकर्नी हुँ । ..... पहिले-पहिलो नोकर्नीहरू दासदासीहरू जुन काम गर्थे म ..... म ती नै कामहरू गर्न निर्मीत नारी हुँ ..... त्यसैले मलाई सबै ..... । म ०२ र ०३ जस्तो बौद्धिक कामहरू गर्न सक्दिनँ, त्यसैले .....*

**नमुना-३**

एक्स-०, +००

(०२ लाई देख्दा ती दुवै लाजले रातोपीरो भई एक्स-१ को पछिल्तिर लुक्छन् ।)

प्रस्तुत संवादहरूमा नाटककारको नाट्य निर्देशअनुसार नेत्राभिनय गरिएको देखिन्छ । नमुना एकमा एक्स-१ र ०२ टि.भी. मा अन्तरिक्षयान प्रक्षेपण गर्ने क्रममा एक्स-१ र ०२ दुबैले उत्सुकताका साथ टी.भी.को पर्दामा हेरिरहँदा त्यहाँ आँखा ठुला हुने र साना हुने कार्य भएको अनुमान गर्न  सकिन्छ । यहाँ एक्स-१ र ०२ द्वारा नेत्राभिनय गरेको अनुमान गरिएको छ । त्यस्तै नमुना दईमा ०१ ले आफुलाई ०२ ले गरेको व्यवहार सहन नसकी आँखाबाट आँसुका पिडा बगाउँदा आँखा खोल्ने र चिम्लने गरिरहँदा नेत्राभिनय हुन पुगेको देखिन्छ । त्यस्तै नमुना ३ मा +०० र एक्स-० ले नेत्राभिनय गरेको देखिन्छ । ०२ नजिक आएको देखेपछि रातोपिरो हुनु भनेकै ०२ लाई हेर्नु हो त्यसैले यहाँ नेत्राभिनय हुनु पुगेको छ ।

**(ख) भ्रू अभिनय**

यस दृश्यमा ०२ र एक्स-१ तथा ०१ द्वारा टी.भी. हेर्दा र रुँदा आँखीभौँ तल माथि गरेको देखिन्छ । त्यसैकारण ०२, एक्स-१ र ०१ द्वारा भ्रू अभिनय भएको छ ।

**(ग)    अधरकर्म**

मुखज अभिनय अन्तर्गत पर्ने अधरकर्मलाई ओठको अभिनय पनि भनिन्छ । प्रस्तुत नाटकको पहिलो दृश्यमा एक्स-१, डा. एक्सले ओठको अभिनय गरेको देखिन्छ । जस्तैः

**नमुना-१**

*डा. एक्स- ओ, राम्रो ! ! ..... सुन्यौ मेरी प्रिय पत्नी, हामी परीक्षण गर्दै छौँ र मलाई विश्वास छ परीक्षण सफल भएपछि ..... म संसार हल्लाइदिन्छु (दिल खोलेर हाँस्छ, ०३ मुस्कुराउँछ) ..... मेरी प्रिय पत्नी, उहिले-उहिले संसार भूकम्पले हल्लिने गर्थ्यो, आजकाल संसार आणविक कम्पनले हल्लिने गर्छ र अब हामी एक नयाँ पाराले हल्लाउँदै छौँ, कसौ ०३ ?***(खोलेर हाँस्छ, ०३ मुस्कुराउँछ)***

*ठीक छ अब हामी जाऔँ । (०३ अघि लाग्छ) ..... मलाई यतिखेर मर्ने फुर्सद पनि छैन । तिमीहर खाएर बस । (पृष्ठ ११)*

**नमुना-२**

*एक्स-१- त्यसैले त सम्फाउनु भनेको डाक्टर साहेबलाई । उहाँलाई तिम्रो भान्सेघरको संवैधानिक धारा-उपधाराबारे कुनै जानकारी नै छैन । मौका मिल्यो म पनि बुफाउँला, भाँसेबुढीको संविधान (पृष्ठ १३) (खिलाखिलाएर हाँस्न थाल्छिन् जिस्किएर)*

**नमुना-३**

**(+०० र एक्स-० दुबै खितखित गरेर हाँस्छन्)** (पृष्ठ **१५**)

प्रस्तुत संवादहरू मध्ये नमुना एकमा डा. एक्सले आफ्नी धर्मपत्नीलाई मानव अस्तित्व सङ्कटमा पर्नुबाट मुक्त गर्ने विश्वास लिँदा, आफ्नो नयाँ परीक्षण सफल भई संसार हल्लाइदिन्छ भन्दै दिल खोलेर हाँसेको छ अफै थप्दै उसले आफ्नी श्रीमतीलाई उहिले भूकम्पले पृथ्वी हल्लिने, पछि आणविक कम्पनले हल्लिने गर्छ अब मानवतावादी वैज्ञानिकहरू अब नयाँ पाराले हल्लाउँदै छौँ भन्ने जस्ता आदर्शवाणीहरू सुनाउँदा दिल खोलेर हाँसेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ डा. एक्सले दिल खोलेर हाँस्दा र ०३ ले मुस्कुराउँदा ओठ फैलिएको छ । त्यसैले नमुना दूईमा एक्स-१ ले ०१ लाई समयवान भएकोमा जिस्काउँदै

भान्सेबुढी भन्ने समयमा खिलखिलाएर हाँस्दा वा जिस्केर हाँस्दा ओठको चलायमान भएको देखिन्छ । नमुना तिनमा ०२ ले फिल्म देखाउने कुरा गर्दा एक्स-० र +०० खुसीले खित्का छोडेर हाँसेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ एक्स-० र +०० हाँस्दा ओठको अभिनय भएको हुन सक्छ ।

(घ) **चिबुक कर्म**

चिबुक कर्म भनेको चिउडोद्वारा गरिने कर्म हो । यो अवयव मुखविभरको तल्लो भागसहित तलमाथि सर्न सक्छ । चिबुक कर्ममा दन्त, ओठ, जिब्रोको कार्यका रूपमा गर्दछ । यस दृश्इमा प्रत्येक पात्रद्वारा चिबुक कर्म गरिएको अनुमान गर्न सकिन्छ । किनभने हरेक व्यक्ति बोल्दा उसको चिबुक अनिवार्य चलायमान हुन्छ । जस्तैः

*०१ - (**रिसले फन्किएर**) हेर्नोस् हैं म सबै कुरा सहन्छु तर घरीघरी 'भान्सेबुढी' यो कुरा सहन सक्दिनँ । (पृष्ठ १३)*

प्रस्तुत संवादमा ०१ द्वारा रिसाएर यी वाक्याशं भनेको प्रसङ्गले चिबुक कर्म भएको हुन सक्छ ।

### ४.२.३ दोस्रो दृश्यमा शरीरज अभिनय

'इथरमा कोरिएको प्रेमपत्र' नाटकको दोस्रो दृश्यमा डा. एक्सको वैज्ञानिक प्रयोगशालालाई दृश्यका रूपमा चित्रण गरिएको छ । यस दृश्यमा डा.एकस र ०३ ले शरीरका विभिन्न अङ्ग प्रत्यङ्गको सञ्चालन गरेर अभिनय गरेको देखिन्छन् । नाटककारको नाट्य निर्देशानुसार पात्रहरूले अभिनय गरेको देखिन्छ तर इथर नाटकको दोस्रो दृश्यलाई मुक दृश्य मानिएकाले यहाँ हरेक अभिनयमा संवाद र प्रष्ट अभिनय भएको देखिदैन तापनि नाटकको अभिनय नै प्राण भएकाले यहाँ हरेक अभिनय हुन सक्ने मानी यस दृश्यमा यसरी चित्रण गरिएको छ ।

(क) **शिरोभिनय**

नाटककारको नाट्यनिर्देशन अनुसार यहाँ ०३ द्वारा शिरोभिनय गरेको हुन सक्छ यस प्रसङ्ग यस दृश्यमा उल्लेख गरिएको छ । जस्तैः

०३- डाक्टरको सहायक निर्देशहरू अनुरूप अत्यन्त कुशलताका साथ लामो कष्टप्रद र थकित तुल्याउने परीक्षणहरू गर्न थाल्छ । (पृष्ठ १७) यहाँ डा. एक्सको निर्देशन अनुसार ०३ ले प्रयागशालामा विभिन्न परीक्षणहरू गर्दा उसको टाउको चलायमान हुन सक्ने सम्भावना देखिन्छ । यसरी ०३ ले टाउको चलाउँदा शिरको अभिनय गरेको हुन सक्छ ।

**(ख) हस्ताभिनय**

यस दृश्यमा डा. एक्स र ०३ दुबैले हस्ताभिनय गरेको अनुमान गर्न सकिन्छ । किनभने यस नाटकको दोस्रो दृश्यलाई मुक दृश्यको रूपमा चित्रण गरिएको छ । त्यसैले यहाँ हरेक अभिनय साङ्केतिक र आनुमानिक रहेका छन् । त्यसो त नाटक अभिनय कला हो जसले गर्दा यहाँ डा. एक्स र ०३ ले हस्ताभिनय गरेका छन् । जस्तैः

**नमुना -१**

*डा. एक्स लाम्चो टेबुलमा अडेसिएर सिगारको कस लिँदै ०३ लाई विविध रासायनिक परीक्षणका लागि साङ्केतिक निर्देशहरू दिँदै जान्छन् । (पृष्ठ १७)*

*डा. एक्स सानो नोटबुकमा केही टिप्छ पनि । (पृष्ठ १८)*

डा. एक्स एउटा मुसालाई यन्त्रबाट झिकेर बेहोस पारी त्यसको चिरफारमा व्यस्त हुन्छ । (पृष्ठ १८)

**नमुना-२**

**सहायक ०३ डाक्टरको निर्देशअनुसार पिँजडाबाट मुसा निकाल्छ ।**

**नमुना-३**

**(०३ नर्सको काम गर्छ) (पृष्ठ १८)**

*डाक्टरको निर्देशअनुसार ०३ कम्प्युटरको पर्दामा देखापर्ने प्रत्येक गणितीय सङ्केतहरू नोट गर्दै जान्छ । (पृष्ठ १८)*

प्रस्तुत संवादको नमुना एकमा डा. एक्सले सिगरको कस लिँदा, विभिन्न साङ्केतिक निर्देश ०३ लाई दिँदा, नोटबुकमा केही टिप्दा तथा एउटा मुसालाई यन्त्रबाट झिक्दा र त्यसको चिरफार गर्दा समेत तथा लाटाले झैँ हातले विभिन्न साङ्केतिक हाउभाउ लगाउँदा हातको अभिनय गरेको देखिन्छ । यहाँ डा. एक्सले हातमा सिगल लिनु, मुसालाई झिक्नु जस्ता कार्यले संयुक्त हस्तकर्म र असंयुक्त हस्तकर्म गरिएको हुनसक्छ । त्यस्तै नमुना २ मा ०३ ले डाक्टरको निर्देशअनुसार मुसालाई पिंजडाबाट झिक्छ । कम्प्युटरको पर्दामा देखिने गणितीय सङ्केतहरू टिप्दा उसको हात सञ्चालित भई हस्ताभिनय भएको देखिन्छ । त्यसैगरी डा. एक्स र ०३ ले वैज्ञानिक प्रयोगशालामा हरेक काम गर्दा उनीहरूका हात तथा औलाहरू चलायमान हुँदा हस्ताभिनय भएको छ । त्यस्तैगरी नमुना ३ मा ०३ ले नर्सको जस्तो काम गर्दा उसले हरेक औजारहरूको प्रयोग हातद्वारा नै गरेको छ । त्यसैले यहाँ प्रशस्त हस्ताभिनय भएको देखिन्छ ।

**(ग) पादकर्म**

पादकर्म भनेको गोडाको चाल वा अवस्था हो । यस दृश्यमा डा. एक्स र ०३ द्वारा पादकर्म गरेको अनुमान गर्न सकिन्छ । प्रस्तुत दृश्यमा डा. एक्स र ०३ को प्रत्येक क्रियाकलापमा गोडाको चलायमान गरेको अनुमान गरिन्छ । डा. एक्स लाम्चो टेबुलबाट मुसालाई विशेष यन्त्रमा राख्न जाँदा, त्यस्तै ०३ नर्सको काम गर्दा हरेक औजारहरू प्रत्येकको स्थानबाट निकाल्दा र यथास्थानमा राख्दा गोडाको चाल भएको हुन सक्छ । साथै भित्र बाहिर गर्दा प्रयोगशालामा यताउता गर्दा पादकर्म भएको हुन सक्छ ।

**(घ) उदरकर्म/ पेट**

यस दृश्यमा वैज्ञानिक डा. एक्सले लाम्चो टेबुलमा अडेस लाग्दा उसको पेट खुम्चिएको र यताउता जाँदा र उठ्दा पेट तन्कने कार्य भएको हुन सक्छ । यसरी बस्ने र उठेर यताउता हिड्दा उसको उदरकर्म भएको छ । त्यस्तै मानव सजिव प्राणी हो उसले श्वासप्रश्वास गर्दा समेत उदरकर्म हुन पुग्छ त्यसैले यहाँ ०३ र डा. एक्सको उदरकर्म भएको अनुमान गर्न सकिन्छ । जस्तैः

**नमुना- १**

*(डा. एक्स - डा. एक्स लाम्चो टेबुलमा अडेसिएर बस्छ ।) (पृष्ठ १७)*

**नमुना- २**

*०३ - डाक्टरको निर्देशअनुसार अत्यन्त कुशलताका साथ लामो, कष्टप्रद र थकित तुल्याउने परीक्षणहरू गर्न थाल्छ । (पृष्ठ १७)*

यहाँ डा. एक्स टेबुलमा बस्दा र थकित तुल्याउने काम गर्दा कर्ताले पक्कै पनि लामो श्वास लिँदा पेट फुल्ने र खुम्चिने क्रममा पेटको अभिनय भएको हुन सक्छ । नमुना एकमा डा. एक्सको र नमुना २ मा ०३ द्वारा उदरकर्म भएको छ ।

**४.२.४ 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको दोस्रो दृश्यमा मुखज अभिनय/ सूक्ष्म अभिनय**

नेत्र, भ्रू, नासिका, अधर, कपोल (गाला), चिबुक (चिउँडो) आदि उपाङ्गहरूद्वारा गरिने अभिनय सूक्ष्म अभिनय हो । प्रस्तुत नाटकको दोस्रो दृश्यमा पात्रहरूद्वारा गरिएका सूक्ष्माभिनयलाई यहाँ चर्चा गरिएको छः

(क) **नेत्राभिनय**

प्रस्तुत नाटकको दोस्रो दृश्यमा ०३ ले सर्वप्रथम नेत्राभिनय गरेको देखिन्छ । डा. एक्सको परीक्षणले ०३ ले बेलाबेलामा विस्मित र चमत्कृत हुँदै टुलुटुलु हेरिरहेको प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै अन्य प्रसङ्गहरू पनि उल्लेख गरिएको छ । जस्तैः

**नमुना- १**

*०३ - सहायक ०३ डाक्टरको परीक्षण अनभिज्ञभावले बेलाबेलामा विस्मित चमत्कृत हुँदै टुलुटुल हेरिरहन्छ । (पृष्ठ १८)*

*०३ - ०३ कम्प्युटरको पर्दामा देखापर्ने प्रत्येक गणितीय सङ्केतहरू हेर्दै नोट गर्दै जान्छ । (पृष्ठ १८)*

**नमुना-२**

*डा. एक्स - प्रत्येक परीक्षणको परिसमाप्तिपश्चात डाक्टर एक्स सानो नोटबुकमा केही टिप्छ पनि (पृष्ठ १७, १८)*

प्रस्तुत संवादको नमुना एकमा डा. एक्सले गरेको परीक्षणमा ०३ ले आफु अनभिज्ञताको भावले उक्त परीक्षण टुलुटुलु हेरेको छ । त्यस्तै ०३ ले पनि कम्प्युटरको पर्दामा देखापरेका हरेक गणितीय सङ्केतहरू हेर्दै टिप्दा ०३ द्वारा नेत्राभिनय भएको देखिन्छ । त्यसैगरी डा. एक्स आफ्नो प्रत्येक परीक्षणको परिसमाप्तिपश्चात आफ्नो सानो नोटबुकमा टिपोट गरेको प्रसङ्गले डा. एक्स द्वारा नेत्राभिनय भएको छ । तसर्थ यहाँ आँखाको अभिनय भएको देखिन्छ ।

**(ख) अधरकर्म**

नाटकको दोस्रो दृश्यमा डा. एक्सद्वारा आफ्नै परीक्षणमा भएका कार्यव्यापारहरू देखेर आफै मुस्कुराएको प्रसङ्गहरूमा अधरकर्म भएको देखिन्छ । जस्तैः

**नमुना- १**

*डा. एक्स - परीक्षणका क्रममा डाक्टरको चेहरामा पूर्ण आत्मविश्वास र आत्मसन्तोषका बिम्बहरू परिलक्षित भइरहन्छ । (पृष्ठ १८)*

यहाँ डा. एक्सले परीक्षणका क्रममा उसको चेहरामा देखिएका आत्मविश्वास र आत्म सन्तोषका विम्बहरू परिलक्षित हुँदा अधर अभिनय भएको सङ्केत पाइन्छ ।

**(ग) भ्रू अभिनय**

भ्रू भनेको आँखामाथिको आँखिभौँ हो । जसको अभिनय नै भ्रू अभिनय भन्ने हुन्छ । प्रस्तुत इथर नाटकको दृश्यमा ०३ र डा. एक्स दुबै द्वारा भ्रू अभिनय हुने सङ्केत देखिन्छ । जस्तैः

**नमुना-१**

*डा. एक्स - डा. एक्स रासायनिक परीक्षणहरूबाट उत्पादित एक विशेष प्रकारको तरल पदार्थ सायद रङ्गहिन रङ्गको हुन्छ - लाई निरीक्षण-परीक्षण गर्न थाल्छ ।*

**नमुना- २**

*०३ - डाक्टरको निर्देशनअनुसार ०३ कम्प्युटरको पर्दामा देखापर्ने प्रत्येक गणितीय सङ्केतहरू नोट गर्दै जान्छ । (पृष्ठ १८)*

उल्लिखित संवादहरूमा सर्वप्रथम डा. एक्स द्वारा भ्रू अभिनय भएको अनुमान गरिन्छ । किनभने नमुना एकमा डाक्टरले तरल पदार्थको निरीक्षण परीक्षणका क्रममा तल्लीन भएर काम गरिरहँदा भ्रू अभिनयको सङ्केत देखिन्छ भने नमुना २ मा ०३ द्वारा कम्प्युटरको पर्दामा देखा परेका गणितीय सङ्केतहरूमा नोट गर्ने क्रममा ध्यान दिई हेर्नुपर्ने भएकाले भ्रू अभिनय भएको सङ्केत देखिन्छ ।

### ४.२.५ 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको तेस्रो दृश्यमा शरीरज अभिनय

नाटक 'इथरमा कोरिएको प्रेमपत्र' को तेस्रो दृश्यमा डा. एक्स, डा. एम, एक्स-१, एक्स- ०, ०१, ०२, ०३ लगायतका पात्रहरूले शरीरका विभिन्न प्रत्यङ्गहरूको सञ्चालन गरेर अभिनय गरेका छन् । यी पात्रहरूद्वारा गरिएका शरीरज अभिनयहरू यस प्रकार चर्चा गरिएको छ:

**(क) शिरोभिनय**

शिर भनेको टाउको हो । टाउको हल्लाएर वा टाउकोलाई चलायमान भई हुने अभिनयलाई शिरोभिनय भनिन्छ । यस दृश्यमा +०० र एक्स द्वारा शिरोभिनय गरेको देखिन्छ । जस्तैः

*एक्स-० - **(मुख लुकाउन टाउको झुकाउँदै)** मैले होइन, टिचर +००...... +०० - (०२ को हातको पासोबाट फुत्कन खोज्दै) मैले होइन टिचर, एक्स-० ले हो । एक्स-० ले टिचर मैले होइन । (पृष्ठ १९)*

यहाँ ०२ ले एक्स-० र +०० आफ्ना विद्यार्थीहरूलाई जिस्कन लागेकोले सतर्क गर्न खोज्दा एक्स-० ले आफुले गरेको गल्ती लुकाउने प्रयाशमा रातो मुखलाई लुकाउन खोज्दा टाउको झुकेको छ । त्यस्तै +०० पनि ०२ ले आफ्नो पासोमा पारेको कारण फुत्कन खोज्दा समेत टाउको झुक्ने र उठ्ने गरेको देखिन्छ । तसर्थ यहाँ +०० र एक्स-० दुबैको शिर चलायमान भएकाले दुबैद्वारा शिरोभिनय भएको छ ।

**(ख) हस्ताभिनय**

इथरमा कोरिएको प्रेमपत्र नाटकको यस दृश्यमा ०२, एक्स-१, डा. एक्स र ०३ आदि पात्रहरूले नाटककारको निर्देशन बमोजिम हातको अभिनय गरेका प्रसङ्गहरूलाई यहाँ चर्चा गरिएको छ । जस्तै:

**नमुना- १**

*०२ - अनि तिमी स्टडी रुमबाट लुकीलुकी फिल्म हेर्न आएको ?*

**(मानवनिर्मित युवती मानवनिर्मित बालमानवलाई मुसार्दै शरीरका अङ्ग-अङ्गका भावभङ्गिमासहित माया पोख्न थाल्छे, मातृत्वको अमृतधारा बगाउँदै ।**

*०२ - हेल्लो एस. के.- १० ...... ? ..... किन ..... ? ..... कहाँ ? ..... कतिखेर ? ..... फुर्सद मिलाउनुपर्छ । ..... विचार गर्नुपर्छ । ..... ल । **(फोन राख्छे)** (पृष्ठ २३)*

**नमुना- २**

*एक्स-१ - ०२ ले भयो तिमीलाई ? ..... कुरा सुन्यौ ?**(केही मुस्कुराउँदै)** यति विघ्न माया त ..... फोनको घण्टी बजेको पनि सुनिनौ ?**(फोन उठाउँछे)** । ..... हेल्लो ..... को ? मानव निर्मित मानव एस्. के. - १० कसलाई खोज्नुभएको ? ०२ ..... ? हुनुहुन्छ ..... ल म फोन दि न्छु । **(एक्स-१ इसाराले फोन दिन्छे ।)** (पृष्ठ २३)*

**नमुना- ३**

**डा. एक्स - (मुसामाथिको सफल प्रयोगपछि डाक्टर एक्स पुनः टेबुलमा अडेसिएर विश्रामको भावमा सिगार पिउन थाल्छ ।)**

डा. एक्स - *ओहो ! मिस ०१ तिमीले एकदम ठीक कुरा गऱ्यौ । कफिको प्याला कृपिया मलाई देऊ, म तिमीलाई न्याय प्रदान गर्छु । यतिखेर मलाई अरु कुनै कुरा होइन, कफीको न्यायो नै चाहिन्छ (***हातमा कफीको प्याला लिन्छ ।**) (पृष्ठ ३१)

डा. एक्स - **डाक्र एक्स ब्लेड बोर्ड र चकको सहयोग लिई प्राध्यापन गर्न थाल्छ ।** (पृष्ठ ३९)

*डा. एक्स - अब म मेरी प्यारी छोरीलाई 'एन्टी न्युक्लीयर इन्जेक्सन लाइदिन्छु । ..... (**इन्जेक्सन दिन्छ ।**) स्याबास छोरी ..... अब तिमी सो सुपर कम्प्युटरको कोठामा एक दिन आराम गर ।*

**नमुना- ४**

०३ - **०३ सुपर कम्प्युटरको 'ढोका' खोल्छ र एक्स-० लाई त्यसभित्र प्रवेश गराउँछ ।** (पृष्ठ ४३)

०३ - **०३ सुपर कम्पयुटरबाट एक्स-० लाई बाहिर निकाल्छ ।** (पृष्ठ ४६)

यहाँ नमुना १, २, ३ र ४ मा ०२, एक्स-१, डा. एक्स र ०३ ले हातको अभिनय गरेको देखिन्छ । नमुना एकमा ०२ ले +०० लाई सुम्सुमाउँदा तथा फोन उठाउँदा उसका हात दायाँबायाँ तथा तलमाथि गराउँदा ०२ द्वारा हस्ताभिनय भएको छ । त्यस्तै नमुना २ मा एक्स-१ ले फोन उठाउने काम गर्दा तथा उक्त फोन ०२ लाई आफ्ना हातको इशाराले फोन दिँदा पनि एक्स-१ का हात चलायमान भएको देखिन्छ । जसले गर्दा एक्स-१ द्वारा हस्ताभिनय भएको देखिन्छ । त्यसैगरी नमुना तिनमा डा. एक्सले सिगार पिउँदा हात मुखसम्म पुऱ्याउँछ , कफीको प्याला हातमा लिँदा उसका हातका औलाहरू चलायमान भएका छन् त्यसैगरी चक समाउँदा तथा आफ्नी छोरीलाई 'एन्टी न्युक्लीयर इन्जेक्सन लाइदिँदा पनि हातमा गतिशीलता भएको छ । डा. एक्सले सिगार पिउँदा हात तलमाथि भएका छन् भने इन्जेक्सन दिँदा समेत हात सञ्चालित भई हस्ताभिनय भएको छ । त्यस्तै नमुना चारमा ०३ ले एक्स-० लाई सुपर कम्प्युटरमा राख्न कम्प्युटरको ढोका खोल्दा, एक्स-० लाई भित्र राख्दा तथा बाहिर झिक्दा ०३ का हात तलमाथि तथा दयाँबायाँ गरेको दृश्यले हस्ताभिनय भएको देखिन्छ ।

(ग) **पादकर्म**

पादकर्म भन्नाले खुट्टाको काम भन्ने बुझिन्छ । आचार्य भरतले पादकर्ममा पादः उरु र जङ्घा कर्मका गतिलाई एकसाथ प्रयोग गर्नुपर्ने कुरामा जोड दिएका छन् । त्यसैले प्रस्तुत नाटकको तेस्रो दृश्यमा पात्रहरूद्वारा गरिएको पादकर्म र जङ्घाकर्मलाई एकसाथ प्रस्तुत गरिएको छ । जस्तैः

**नमुना- १**

एक्स-० **र +०० सोफाबाट झरेर दगुर्दै बाहिरतिर भाग्न खोज्छन् ।** (पृष्ठ १९)

**नमुना- २**

**भित्र कतैबाट ०१ को प्रवेश** (पृष्ठ २०)

**नमुना- ३**

**+०० खुसी भएर दगुर्दै प्रस्थान गर्छ ।** (पृष्ठ २४)

यहाँ प्रस्तुत नमुनाहरूका पात्रहरूद्वारा पादकर्म गरिएको देखिन्छ । पादकर्म खुट्टा चालको अवस्था हो । नमुना एकमा +०० र एक्स-० दगुर्दै बाहिरतिर भाग्न खोज्नुले उनीहरूको खुट्टाको गति तिब्र भएको पाइन्छ । उनिहरूले खुट्टालाई छिटोछिटो सञ्चालन गरेको देखिन्छ । नमुना दुईमा भित्रबाट ०१ को प्रवेश र बहिर्गमनक्रिया गर्दा उसका खुट्टाहरू सञ्चालित भएका छ । त्यस्तै नमुना ३ मा +०० खुसी भएर दगुर्दै प्रस्थान गर्दा उसको पादकर्म भएको देखिन्छ । यसरी पादकर्म हुँदा खुट्टा एकसाथ तन्कने र खुम्चने प्रक्रिया रहने हुँदा खुट्टा, घुडा, पिडौंला आदि सक्रिय हुन पुग्दछन् । यस दृश्यमा यी लगायत अन्य पात्रहरूले पनि पादकर्म गरेको पाइन्छ ।

## ४.२.६ तेस्रो अङ्कमा सूक्ष्म/ मुखज अभिनय

शरीरका उपाङ्गहरूको प्रयोग गरेर गरिने अभिनय सूक्ष्म अभिनय हो । यस अन्तर्गत नेत्र, भ्रू, नासिका, अधर, कपोल र चिबुक गरी जम्मा ६ वटा उपाङ्गहरू पर्दछन् । यस दृश्यका पात्रहरूद्वारा गरिएका सूक्ष्म अभिनयलाई यहाँ चर्चा गरिन्छ ।

(क) **नेत्राभिनय**

नाटककारको निर्देशन अनुसार डा. एक्स +०० र एक्स- ० द्वारा आँखाको अभिनय गरिएको सङ्केत पाइन्छ । जस्तैः

**नमुना- १**

**कक्ष 'ज्ञ' मा वैज्ञानिक डाक्टर एक्स आफ्नो सहयोगीका साथ प्रयोगात्मक कार्यहरूमा शतप्रतिशत समर्पित देखापर्छ ।**

**नमुना- २**

*डा. एस - ओहो ! धेरै-धेरै धन्यवाद मिस ०१ म तपाइँको ठीक समयमा, ठीक कुरा, ठीक प्रकारले उपलब्ध गराउन सक्ने क्षमताद्वारा कायल छु र धेरैपल्ट अनुगृहीत पनि भएको छु ।*

*०१ - धन्यवाद छ डाक्टर एम, तपाइँको उदारताका लागि । तपाइँका यस्तै उदारतापूर्ण अभिनन्दनले मात्र मेरो पाकशास्त्रीय विशेषज्ञताप्रति गर्व महसुस हुन्छ । प्रायजसो मान्छेहरू र मान्छेहरूद्वारा निर्मित मान्छेहरू यस्ता सामान्य कार्यर्ला मानवता विरोधी सम्झन्छन् । ..... डा. एम र डा. एक्स दुबैले ०२ लाई आँखा तर्न थाल्छन् । (पृष्ठ ३०)*

माथि प्रस्तुत गरिएको नमुना एकको संवादमा डा. एक्स आफ्नो सहायक वैज्ञानिकका साथमा प्रयोगात्मक कार्यहरूमा लाग्दा पक्कै पनि हरेक उपकरणको प्रयोग गर्दा आँखाको अभिनय भएको मान्न सकिन्छ । त्यस्तै नमुना दुईमा डा. एम र ०१ को संवादमा ०२ लाई आँखा तरेर हेर्दा डा. एक्स र एमका आँखा टेडो हुने र सोझो हुने क्रियाले नेत्राभिनयको संकेत देखिन्छ ।

(ख) **अधर कर्म**

यस दृश्यमा ०२, डा. एम, डा. एक्स र ०१ जस्ता पात्रहरूले ओठको अभिनय गरेका देखिन्छन् । यी पात्रहरूद्वारा गरिएका अधर कर्मका केही प्रसङ्गहरू यस प्रकार छन्:

**नमुना- १**

*०२ - तिमीलाई देखेर बुढाखाडाहरूको 'हार्ट फेल' हुँदैन ।***(खितखित)** (**पृष्ठ २१**)

*०२ - सायद हुन चाहन्छ । ..... **(पूर्ण मुस्कान)** ..... छोरा एक्स-० लाई बोलाई ल्याऊ ..... आज म तिमीहरूलाई फिल्म देखाउँछु । आजकाल यिनीहरू अन्तरिक्ष फिल्म भनेपछि पागलै हुन्छन् ..... । (पृष्ठ २४)*

**नमुना- २**

*डा.एम - यो बाबुआमाको परम्परागत विचार मात्रै हो । अधिकांश बाबुआमाहरू आफ्ना बालकहरूलाई यति धेरै माया गर्छन् कि तिनका भविष्यको गगनचुम्बी भवन निर्माण गर्छु भन्दाभन्दै नजानेर खुरुखुरु भत्काउन थाल्छन् । विज्ञानप्रति प्रतिबद्ध प्रत्येक उमेरको व्यक्ति वैज्ञानिक तथ्यलाई मस्तिष्कमा पुनरावृत्त गरिरहन्छन्, दोहोऱ्याई-दोहोऱ्याई अध्ययन-परीक्षण गरिरहन्छन् । दृश्यात्मक कुरालार्य अवालेकन गरिरहन्छन् ..... । वैज्ञानिक, समुन्नतीका लागि यस्तो लत बस्नु अत्यन्त आवश्यक हुन्छ । ..... स्वयं म र तिम्रा पति, डाक्टर एक्समा पनि, हामी स्कुली जीवनमा एउटै बोर्डिङ स्कुलमा अध्ययनरत थियौँ- यस्तै प्रकारको 'अलि लत' का सिकार थियौ । म यस्तै अन्तरिक्षयात्रा सम्बन्धी डक्यूमेन्टरी फिल्महरू खूब हेर्थे, डा. एक्स जीवजन्तुसम्बन्धी फिल्महरू खूब हेर्दथ्यो । ..... बचपनमा डाक्टर एक्स जङ्गली जनावर भनेपछि हुरुक्कै हुन्थ्यो त्यसैले आजकाल ऊ आफैँ जङ्गली भएको छ ! (**मुक्त हाँसो**)*

**नमुना- ३**

*डा. एक्स - माफ गर ! महान् अन्तरिक्ष वैज्ञानिक मित्र, म तिम्रो क्षमादान पाइरहन अभ्यस्त होइन, अनावश्यक रूपमा प्रदान गरिने क्षमादानको पीडा सहन अभ्यस्त छु । (**दिल खोलिएको हाँसो**) ..... 'क्षमादानको पीडा' ! अत्यन्त प्रिय र कलात्मक अभिव्यक्ति ..... । यति महान र साहित्यिक अभिव्यक्ति मेरो मुखबाट निस्केकोमा म गर्व महसुस गर्छु । (**पुनः दिल खोलिएको हाँसो ।**) (पृष्ठ २७)*

**नमुना- ४**

*०१ - म ठीक आफ्नो आँखा सामुन्नेको एउटा सोफामा एउटा 'उदेक'को तमासा देख्दै छु । **(रमाइलो मानेर हाँस्दै)** मैले यस्तो अचम्मको तमासा जिन्दगीमा कहिले पनि देखेकी थिइनँ । (पृष्ठ २०)*

यहाँ ०२, डा एम, डा. एक्स र ०१ आदि पात्रको संवादमा ओठको अभिनय हुन पुगेको देखिन्छ । ०२ ले ०१ लाई जिस्काउँदा साथै एस.के - १० आफ्नो प्रेमी हुन चाहने कुरा गर्दा हाँसेकी छे । यहाँ ०२ हाँस्दा उसको ओठ फैलिएको छ । त्यस्तै नमुना २ मा डा. एमले, डा. एक्स र आफ्नो बाल्यकाल सम्झने क्रममा मुक्त हाँसो हाँस्दा उसको अधर फैलिएको देखिन्छ । त्यसैगरी नमुना ३ मा डा. एक्सले एमसँग कुरागर्दै दिल खोलेर हाँसेको प्रसङ्ग उल्लेख गरिएको छ भने अर्को नमुना ४ मा ०१, ०२ लाई गिज्याउँदा खुबै रमाइलो मानेर हाँसेको देखिन्छ । यहाँ यी पात्रहरूले हाँसेको अभिनय गर्दा उनीहरूको अधर फैलिन पुगेको देखिन्छ । उनीहरूको ओठ सञ्चालित भई अधर अभिनय भएको देखिन्छ ।

## ४.४ निष्कर्ष

आङ्गिक अभिनय शरीरका अङ्ग प्रत्यङ्ग तथा उपाङ्गहरूको समुचित सञ्चालतद्वारा गरिने अभिनय हो । आङ्गिक अभिनयलाई शरीरज (स्थूल), मुखज (सुक्ष्म) गरी दुई भागमा विभाजन गरिएको छ । शरीरज अन्तर्गत शिर, हस्त,  वक्ष, पार्श्व, कटी, पाद, कुम, हत्केलो, पीठ, पेट, जाँघ, मणिबन्ध पर्दछन् भने मुखज अन्तर्गत उपाङ्गहरू ( आँखा, भ्रू, नाक, ओठ, गाला, चिउँडो) पर्दछन् । यी विविध अङ्ग, प्रत्यङ्ग र उपाङ्गहरूको प्रयोग सरुभक्तको नाटकमा गरिएको देखिन्छ ।

'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा नाटककारको नाट्यनिर्देशनलाई मुख्य आधार मानेर आङ्गिक अभिनय योजनाको चर्चा गरिएको छ । यो नाटकमा नाटककारले मुखज अभिनयलाई भन्दा बढी शरीरज अभिनयलाई सघाउ पुऱ्याउने प्रसङ्गहरू उल्लेख गरेको देखिन्छन् । तसथर्क मुखज भन्दा बढी शरीरज अभिनय योजना गरेको देखिन्छ । पात्रहरूले शिरोभिनय, हस्ताभिनय, पादाभिनय, वक्षभिनय बढी अघरको अभिनय बढी गरिएको देखिन्छ । साथमा नेत्राभिनयसँगै भ्रू अभिनय पनि भएको देखिन्छ ।

## पाँचौ परिच्छेद

## सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र ' नाटकमा वाचिक अभिनय योजना

### ५.१ विषय प्रवेश

सरुभक्तको नाटक 'इथरमा कोरिएको प्रेमपत्र' मा रहेको वाचिक अभिनयको प्रयोगलाई यस परिच्छेदमा चर्चा परिचर्चा गरिएको छ । नाटकका पात्रहरूले वाचिक अभिनयका क्रममा बोलेका संवादहरूमा संरचना, लक्षण र योजनालाई उच्चार्य विशेषता, वाचिक अभिनयमा श्राव्य विशेषता, वाचिक अभिनयमा संरचनात्मक विशेषता र वाचिक अभिनयमा भाषिक विशेषताका आधारमा विश्लेषण गरिएको छ ।

### ५.२ 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा वाचिक अभिनय योजना

प्रस्तुत नाटकमा पात्रहरूद्वारा गरिएका वाचिक अभिनयलाई उच्चार्य विशेषता, श्राव्य विशेषता, संवाद संरचनापरक विशेषता र भाषिक विशेषताका आधारमा तल चर्चा गरिएको छ ।

#### ५.२.१ उच्चार्य विशेषता

उच्चार्य विशेषता अन्तर्गत छ वटा अलङ्कारहरू पर्दछन्: उच्च, दीप्त, मन्द्र, नीच, द्रुत, विलम्बित । यी अलङ्कारहरूले पात्रले बोल्ने स्वरलाई संकेत गर्दछन् । यी अलङ्कारहरू के कसरी उत्पन्न हुन्छन् र के कस्ता ठाउँमा यसको योजना गरिन्छन् भन्ने कुराहरू यस विशेषताले प्रष्ट पार्दछ ।

#### (क) उच्च अलङ्कार

शिरस्थानबाट उत्पन्न केही उच्च आवाजमा प्रकट गरिने स्वर उच्च अलङ्कार हो । यसको प्रयोग टाढाको व्यक्तिसँग कुराकानी गर्दा, विष्मय हुँदा, परस्पर सवाल जवाफ गर्दा, तर्साउँदा आदि जस्ता अवस्थामा बोलिने गरिन्छ । प्रस्तुत नाटक इथरमा कोरिएको प्रेमपत्रको पहिलो दृश्यमा  पात्रहरूद्वारा बोलिएका संवादमा उच्च अलङ्कार योजनालाई प्रस्तुत गरिएको छ । जस्तैः

**नमुना- १**

*एक्स-१ - छोरा सम्झेका छौ अरे, कसरी ?(**विस्मयाबोधक मुस्कान**) । ..... के तिमीलाई छोराछोरी पाउने रहन लाग्छ ? (पृष्ठ ७)*

**नमुना- २**

*०१ - (**रिसले फन्किएर**) हेर्नोस है, म सबै कुरा सहन सक्छु तर घरीघरी 'भान्से बुढी' - यो कुरा सहन सक्दिन । (पृष्ठ १३)*

एक्स-१ र ०१ द्वारा बोलिएका यी संवादमा उच्च आवाजमा बोलिएको छ । उल्लिखित संवादको नमुना-१ मा एक्स-१ ले ०२ लाई आश्चर्य मान्दै छोरा सम्झेकोमा चर्को आवाज प्रयोग गरेको छ । यहाँ विष्मयको प्रयोग गरिएको छ भने नमुना दुईमा ०१ लाई एक्स-१ ले भान्सेबुढी भनेकोमा रिसाउँदै माथिको वाक्य बोलिएकोले यहँ त्रास प्रयोग गरिएको छ । भान्सेबुढी भनेर एक्स-१ ले भन्दा ०१ को स्वाभिमानमाथि ठेस लाग्न पुगेको हुँदा तीक्ष्ण एवं रुखो शब्दमा बोलेको देखिएको छ ।

**(ख) दीप्त अलङ्कार**

दीप्त अलङ्कार शिरस्थानबाट उत्पन्न हुने स्वर हो । यो केही उच्च आवाजमा प्रकट हुने तार वा स्वर हो । यस अलङ्कारमा युद्ध, कलह, आक्षेप, विवाद, क्रोध, चिच्चाहट, शौर्य, अहङ्कार, तेज, रुखो, तिखो बोल्नु, हप्काउनु, रोदन जस्ता अवस्थाहरूमा बोलिएका संवादहरूको योजना गरिन्छ । यसमा रौद्र, वीर र अद्भूत रसको प्रयोग गरिन्छ । प्रस्तुत नाटकको पहिलो दृश्यमा ०१, डा एक्स र एक्स-१ द्वारा बोलिएका संवामा यस अलङ्कारको प्रयोग गरिएको छ । जस्तैः

**नमुना- १**

०१ - (**आँसुका पीडा झरिरहेकै छन् ।**)

*म ..... म नोकर्नीहरू जुन काम गर्थे, ती काम गर्छु, त्यसैले मलाई अपमान र हेलाँ गर्छन् सबै । आखिर म घरका सामान्य काम गर्ने ..... भान्साको हरेक काम गर्ने, लुगाहरू धुने, घर सफासुग्घर पार्ने एक 'नोकर्नी' हुँ । ..... पहिले-पहिले नोकर नोकर्नीहरू,*

*दासदासीहरू जुन काम गर्थे- म ..... म तीनै कामहरू गर्न निर्मित नारी हुँ ..... त्यसैले मलाई सबै .....। ०२ र ०३ जस्तो बौद्धिक कामहरू गर्न सक्दिन त्यसैले .......... ।*

**नमुना- २**

*डा. एक्स - यही त हो जिन्दगीको 'स्वादविनाको स्वाद' अक्सर समयको ठीक गण्ना गर्ने वैज्ञानिहरूलाई समयमा खाने, सुत्ने फुर्सद हुँदैन ।*

*[**दिल खोलेर हाँस्छ ।** प्रत्युत्तरस्वरूप भने झैँ ०२ भित्र प्रस्थान गर्छे, (मुस्कुराउँदै ०३ पनि कक्ष 'ज्ञ' तिर प्रस्थान गर्छ । ०३ कक्ष 'ज्ञ' मा पुगेपछि प्रयोगात्मक कार्यमा संलग्न हुन्छ ।] **(डाक्टर एक्स टेलिफोनमा)***

*हेल्लो ! हेल्लो डाक्टर एम ! ! ग्यालेक्सी डब्लु. एक्स. वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक, मेरा प्रिय वैज्ञानिक मित्र ! ! के छ (**दिल खोलेर हाँस्छ**) बधाई ! बधाई ! !*

*तिमीहरूको अन्तरिक्षयान प्रक्षेपण कार्यक्रम डा. एल को भूमिगत प्रयोगशालाको टेलिभिजन पर्दामा मैले हेर्ने सौभाग्य पाएँ । सफल प्रक्षेपणका लागि बधाई छ ! ! (**दिल खोलेर हाँस्छ ।**)*

*..... तर मेरा प्रिय महानिर्देशक ज्यू तिमीहरूको महानतम वैज्ञानिक उपलब्धीमा खुसी व्यक्त गर्नुका साथै म आफ्नो तर्फबाट चुनौती पनि दिन चाहन्छु, कृपया स्वीकार गर्नु ।*

***(एक्स-१ विस्मित भई उठछे ।)***

*..... म तिमी मार्फत विश्वभरका अन्तरिक्ष भौतिकविदहरू र अन्य तमाम वैज्ञानिकहरू, जो आणविक महायुद्ध- अन्तरिक्ष सैनीकरण र मानवजातिको पूर्ण अस्तित्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन् लाई सामूहिक चुनौती दिँदै छु । एक मानवतावादी वैज्ञानिकको नाताले म चुनौती दिन्छु - तिमीहरूको यो मानवजातिको अस्तित्व समाप्त पार्ने सपना म विफल पारिदिन्छु । विश्वका सबै आणविक- वैज्ञानिकहरू र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरूले मेरो व्यक्तिगत चुनौतीलाई गम्भिरतापूर्वक स्वीकार गर्नेछन्, म आशा गर्छु । धन्यवाद !*

**(फोन राखिन्छ । डा. एक्स पुनः दिल खोलेर हाँस्छ तर हाँस्दाहाँस्दै उनको अनुहारमा कठोरताका रेखाहरू जन्मिन्छन् ।)** (पृष्ठ ९)

प्रस्तुत संवादमा डा. एक्सले डा. एमलाई धम्कीको बोली प्रयोग गरिएको देखिन्छ भने नमुना-१ मा आफुलाई नोकर्नी जस्तो तुच्छ व्यवहार गरेकोले ०१ को संवादमा रोदनयुक्त भाषको प्रयोग गरिएकोले दीप्त अलङ्कारको प्रयोग गरिएको देखिन्छ ।

**(ग) मन्द्र अलङ्कार**

मन्द्र अलङ्कार उरस्थानबाट उत्पन्न स्वर हो । यो निर्वेद, ग्लानी, चिन्ता, शंका, उत्सुकता, गरिबी, व्यधि, क्रीडा, गादशास्त्रको चोट, मुर्छा, मद आदी बोलीमा योजना गरिन्छ । यस अलङ्कारको प्रयोग इथरमा कोरिएको प्रेमपत्र नाटकमा गरिएको पाइनछ । नाटकको पहिलो दृश्यमा एक्स-१ द्वारा मन्द्र अलङ्कारको प्रयोग गरिएको छ । जस्तैः

**नमुना- १**

*एक्स-१ - के मेरी छोरी अहिले नै यति उच्चस्तरीय गणित बुझ्न सक्छे ?*

**नमुना- २**

*एक्स-१ - होइन, म निराश भएकी छैन । दीर्घ निःश्वास लिनुको मतलब भिन्न छ ..... । वास्तवमा, म सोच्दै छु, मान्छे  नामक एक मिश्रित पदार्थ बारे !*

प्रस्तुत संवादको नमुना-१ मा एक्स-१ ले आफ्नी छोरीले छिटो नै उच्चस्तरीय गणित बुझ्न सक्छे ? भन्दै गर्दा उत्सुकता प्रस्तुत भएको छ । त्यस्तै नमुना-२ मा अन्तरिक्षयानको प्रक्षेपणप्रति दीर्घ निःश्वास लिँदै चिन्ता व्यक्त गरेको हुँदा मन्द्र अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

नाटकको दोस्रो दृश्यमा ०३ ले थकित र कष्टप्रद परिक्षण गरिरहेको घटनाले मन्द्र अलङ्कार योजना भएको छ । जस्तैः

**नमुना- ३**

**डाक्टरको निर्देशअनुरूप अत्यन्त कुशलताका साथ लामो कष्टप्रद र थकित तुल्याउने परीक्षणहरू गर्न थाल्छ ।** (पृष्ठ १७)

यस नमुनामा ०३ को थकित अवस्थालाई चित्रण गरेको देखिन्छ । ऊ परिश्रमी एवं मिहिनेती भएको चर्चा गरिएको छ । यहाँ ०३ को कार्यमा उसको शारीरिक तथा मानसिक शिथिलता पनि देखिन्छ ।

(घ) **नीच अलङ्कार**

नीच अलङ्कार उरस्थानबाट उत्पन्न हुन्छ । यो अति मन्द्र हुन्छ । स्वाभाविक भाषण, व्याधि, शम, श्रमात, त्रस्त, पतीत, मूर्च्छित आदि जस्ता बोलीहरूमा यसको योजना गरिन्छ । नाटकको तेस्रो दृश्यमा +०० लाई ०२ ले किन फिल्म हेर्न भागेर आएको भनी समाउन खोज्दा रोतापिरो, फुत्कने प्रयाश गर्छ तर सफल हुँदैन त्यसो त ०२ (शिक्षिकासँग) बोल्ने क्रममा त्रस्त स्वरको प्रयोग गरेर बोलेको पाइन्छ । त्यस्तै दृश्य ३ मै डा. एक्स भाषणको शैलीमा आफू मानव अस्तित्व सङ्कटमा परेकाले सङ्कटमुक्त पार्न चाहेको कुरा प्रस्तुत गरेका छन् । जस्तैः

**नमुना- १**

*०२ - भिडियोमा के ? ..... भिडियो हेर्ने भनेको । **(+०० टाउको हल्लाउँछ)** ..... अनि तिमी एक्स-० सित लुकीलुकी फिल्म हेर्न आएको हो ?**(+०० रातोपिरो भई पुनः फुत्कने प्रयाश गर्छ, तर ०२ उसलाई तानेर दुई तिहाइजति काखमा लिन्छे)** ..... ल भन, किन लुकीलुकी फिल्म हेर्न आएको ? टिचरलाई सोध्नु पर्दैन ?*

+०० - पर्छ टिचर ! (पृष्ठ २०)

**नमुना- २**

*डा. एक्स - मैले त पहिले भनेको थिएँ - पृथ्वीमा महान र प्रतिभाशाली व्यक्तिहरूको आवश्यकता छैन । म यस कुरालाई संशोधन गरी भन्छु - पृथ्वीमा महान र*

*प्रतिभाशाली व्यक्तिहरूको भन्दा आदर्श र चरित्रवान व्यक्तिहरूको आवश्यकता छ ..... । यो स्वयंमा एक असंशोधनीय उक्ति हो, मान्य होस् वा नहोस् ।* ***(दिल खोलेर हाँस्छ)***

*..... प्रिय मित्र डा. एम तपाईँ मानव इतिहाँसका प्रत्येक पानामा महान व्यक्तिहरूका नाम अङ्कित पाउनु हुनेछ, प्रत्येक ज्ञान विज्ञानका पानाहरूमा शक्तिशाली व्यक्तिहरूका नाम अङ्कित पाउनुहुनेछ तर दशौँ हजार वर्षको मानवीय इतिहाँसमा मात्र दस जना आदर्श र चरित्रवान व्यक्ति पाउनुभयो भने म त्यसलाई आवश्यकताभन्दा बढी मान्नेछु । प्रतिएक हजार वर्षमा एक जना आदर्श र चरित्रवान व्यक्ति पनि आवश्यकताभन्दा बढी मान्न सकिन्छ । त्यसैले म महानता र प्रतिभाप्रेमी हुनुभन्दा 'आदर्श' को पुजारी हुन मन पराउँछु । (पृष्ठ ३३)*

यहाँ डा. एक्स र ०२ द्वारा निच अलङ्कारको प्रयोग गरिएको छ ।

**(ङ) द्रुत अलङ्कार**

द्रुत अलङ्कार काण्ठस्थानबाट उत्पन्न हुन्छ । यो अलङ्कार नारी र बालकलाई सान्त्वना दिँदा, चुप लगाउँदा, प्रियजनको प्रस्ताव अस्वीकार गर्दा, भय, शीत, ज्वर, त्रास, आवेग, गुप्त, आवश्यक वा शीघ्र गरिने कार्य आदि अवस्थामा यसको प्रयोग गरिन्छ । नाटकको पहिलो दृश्यमा एक्स-१ ले ०१ लाई भान्सेबुढी भनेकोमा ०१ रोइरहेकी हुन्छे त्यही समयमा एक्स-१ द्वारा ०१ लाई सान्त्वना दिँदै गर्दा क्रुत अलङ्कारको प्रयोग भएको छ । जस्तैः

**नमुना- १**

*एक्स-१ - ओहो ! तिमी यस्ता कुराहरू सोचेर मन दुखाउन पनि सक्छ्यौ भन्ने कुरा मलाई थाहा नै थिएन । तिम्रो वैज्ञानिकले लघुताभास- ग्रन्थीको विकास गरेका छन् तिम्रो शरीरमा- यो कुरा मलाई थाहा नै थिएन ।* (पृ. १३) त्यस्तै ०१ र ०२ बीच केही संवादमा उच र नीचको व्यवहार आजैबाट त्याग आफुलाई महान सम्फन छाड्देऊ र अन्यायमा परेकालाई न्याय दिने प्रण गर भन्दै गर्दा आवेगमा आई ०१ र ०२ बीचको सम्बन्धलाई बिर्सेर तलका वाक्य बोल्दा द्रुत अलङ्कारको प्रयोग भएको देखिन्छ । जस्तैः

**नमुना- २**

*०१- न्याय, स्वतन्त्रता र समानताको माग कुनै पनि युगमा अप्रासङ्गिक हुँदैनन् । न्यायको बयान र शैली बदलिन सक्छ, स्वतन्त्रताको पोस्टरको रङ्ग बदलिन सक्छ र समानताको प्लेकार्डको आकार मात्र परिवर्तित हुन सक्छ । युगयुगका विद्रोही मागका दृश्यात्मक पृष्ठभूमिका भावहरू शाश्वत हुन्छन् ..... । (पृष्ठ २२)*

यहाँ ०२ लाई आवेगमा आई ०१ ले बोल्दा द्रुत अलङ्कारको प्रयोग भएको छ ।

**(च) बिलम्बित अलङ्कार**

यो कण्ठस्थानबाट उत्पन्न केही मन्द्र अलङ्कार हो । यो प्रणय, वितर्क, विचार, असुया, टेढामेढो कुरा, लज्जा, चिन्ता, ढाट, फटाहा, आश्चर्य, दोषरोपण, निन्दा, लामो बिरामी र पिडा आदि अवस्थामा यसको प्रयोग गरिन्छ । यस इथर नाटकको पहिलो दृश्यमा डा. एक्सले सम्पूर्ण आणविक प्रक्षेपण आविष्कारक वैज्ञानिकलाई एकल चुनौती दिएको कुरा सुन्दा एक्स-१ ले यो के कुरा हो श्रीमान भन्ने प्रश्नको उत्तरमा आफ्ना विचार राख्दा बिलम्बित अलङ्कारको प्रयोग गरेको देखिन्छ । जस्तैः

**नमुना- १**

*डा. एक्स - (**प्रेमयुक्त मुस्कान**) होइन, मेरी प्रिय पत्नी, यतिखेर म ठट्टा गरिरहेको छैन । यस्तो मानवीय सङ्कटको घडीमा जीवनवादी वैज्ञानिकहरू ठट्टा गरिरहँदैनन् । मलाई जुनसुकै मुल्यमा पनि मानवजातिको अस्तित्व जोगाउनु छ ।*

*(**दार्शनिक भावमा विचारमग्न**) ..... मानवजातिको सम्पूर्ण अस्तित्वका विरोधमा ठट्टा त ती विश्वस्तरीय राजनेताहरू गरिरहेछन् कुशाग्रबुद्दि भएका हजारौं वैज्ञानिकहरू गरिरहेछन् ..... र अरबौंअरब मानिसहरू यान्त्रिक रूपमा ठट्टा सुनिरहेका छन्- दिनपरदिन, प्रतिदिन हाम्रो यो अति सुन्तर, जीवनयुक्त पृथ्वी विस्फोटनको उल्टो गणना पूर्ण हुन सक्छ । र ...... । जब महाविस्फोटको उल्टो गणना भइरहेछ त म कसरी ठट्टा गर्न सक्छु ? ..... मेरो विचारमा निःशस्त्रीकरण विश्वको सबैभन्दा उच्चस्तरीय ठट्टा भएको छ - म यस्तो वाहियात ठट्टा गर्दिनँ । जरुर म विशुद्ध निःशस्त्रीकरण प्रक्रियालाई समर्थन गर्न सक्छु, तर*

*विश्वको यस महानतम र गम्भीरतम समस्यालाई 'उच्चस्तरीय ठट्टा' मा अनुवाद गर्नेहरूको म घोर विरोध गर्छु । (पृष्ठ १०)*

यहाँ डा. एक्सद्वारा अभिव्यक्त संवादमा विचार प्रकट गरिएकाले यहाँ बिलम्बित अलङ्कारको प्रयोग भएको देखिन्छ ।

### ५.२.२ वाचिक अभिनयमा श्राव्य विशेषता

श्राव्य सुनाइसँग सम्बन्धित हुन्छ । यसले रङ्गमञ्चमा पात्रहरूबिचको दुरीलाई जनाउँदछ । यो सर्वश्राव्य नियतश्राव्य र नेपथ्य गरी तिन भागमा बाडिएको छ । सबैले सुन्ने कथन सर्वश्राव्य हो, भने कसै-कसैले मात्र सुन्ने नियत श्राव्य र पात्र प्रत्यक्ष रूपमा नदेखिने बोलेको आवाज मात्र सुनिने नेपथ्य संवाद हो ।

#### (क) सर्वश्राव्य

*प्रस्तुत नाटकका पात्रहरूले बोलेका प्रथम र अन्तिम दृश्यका संवादहरू प्राय सबै सर्वश्राव्य नै रहेका छन् । जस्तै नाटकको तेस्रो दृश्यमा डा. एम र डा. एक्सको स्रवाद:*

*डा. एक्स - के म ती कारणहरू जान्न सक्छु ?*

*डा. एम - अवश्य ! तिमीलाई ती कारणहरू बताइनेछन् ..... **(कुल्फीको धुवाँसित लुकामारी खेल्दै, अति गम्भीरतापूर्वक)** ..... डाक्टर एक्स हामी देशका तममा पदार्थ-विज्ञानी र अन्तरिक्ष वैज्ञानिकहरू ग्यालेक्सी- डब्लु.एक्स.वाई. अन्तरिक्षकार्यक्रममा व्यस्त थियौं । अचानक तिमीले मसित सम्पर्क गरी बधाईज्ञापनका साथसाथै मिठो भाषा एवं शैलीमा धम्की पनि दियौ । तिमीलाई उपेक्षा गर्न सकिएन कारण ..... एक त त्यो चुनौती वा धम्की अति विख्यात, विश्वस्तरीय वैज्ञानिकद्वारा प्रेषित थियो: दोस्रो कारण, सम्पूर्ण मानवीय विज्ञानको गर्विलो इतिहाँसमा एक गम्भीरतम वैज्ञानिकहरूले विश्वभरका न्युक्लिय विज्ञानीहरू र अन्तरिक्ष भौतिकविद्हरूलाई आह्वान गरिएको त्यो पहिलो र सीधा चुनौती थियो । यद्यपि हामी तिम्रो वैज्ञानिक खोज वा अध्ययनप्रति अनभित्र थियौं, तर पनि तिम्रो बचनलाई सुपर च्यालेन्जका रूपमा स्वीकार गर्न हामी विवश भयौं । ..... विज्ञान जगत्मा एक जीव-वैज्ञानिकले कहिले पनि पदार्थ विज्ञानीहरूलाई र अन्तरिक्ष विज्ञानीहरूलाई यसरी*

*युद्धस्तरीय गम्भीरतापूर्वक चुनौती दिएको छैन - म तिम्रो वैज्ञानिक खोकजा साथसाथै सीधा, कठोर र गम्भीर चुनौती दिएको कारण पनि जान्न चाहन्छु । ..... (पृष्ठ ३५)*

यहाँ डा. एक्स र एमबिचको संवाद सबैले सुन्न सकिने रहेको छ । तसर्थ यस संवादलाई सर्वश्राव्य संवादका पमा लिन सकिन्छ । सर्वश्राव्ययुक्त संवादले पात्र र दर्शकबिचको सम्बन्ध प्रगाढ बनाउँछ ।

(ख) **नियतश्राव्य**

प्रस्तुत नाटकमा नियतश्राव्यको प्रयोग गरएको देखिन्छ । प्रस्तुत नाटकको प्रथम दृश्यमा एक्स-१ र ०२ को संवादमा नियतश्राव्य रहेको छ । जस्तैः

**नमुना- १**

**अन्तरिक्षयान बाह्य अन्तरिक्षमा पुगेपछि एक्स-१ टि.भी. बन्द गर्छे र दीर्घ निःश्वास लिन्छे ।** (पृष्ठ ४)

**नमुना- २**

*०१- म माफी चाहन्छु । **(अनुहारमा खग्रास ग्रहण)** ..... वास्तवमा म भन्न चाहन्थे, खाना समयमा खाइएन भने शरीलाई हानीबाहेक फायदा गर्दैन । (पृष्ठ १२)*

यहाँ नमुना १ र २ मा एक्स-१ र ०१ का संवादमा नियतश्राव्यको प्रयोग गरिएको देखिन्छ ।

(ग) **नेपथ्य संवाद**

पात्र प्रत्यक्ष रूपमा मञ्चमा उपस्थित नभईकन टाढाबाट बोलेको आवाज मात्र सुनिने नेपथ्य संवाद हो । प्रस्तुत नाटकको पहिलो दृश्यमा डा. एक्स, एक्स-१ र तेस्रो दृश्यमा १ र ०२ को संवादमा नेपथ्य संवादको प्रयोग भएको छ । यहाँ टेलिफोन वार्तालाई नेपथ्य संवाद भनिएको छ । जस्तैः

**नमुना- १**

*डा. एक्स - हेल्लो, हेल्लो, डाक्टर एम ! ! ग्यालेक्सी- डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक, मेरा प्रिय वैज्ञानिक मित्र ! ! के छ **(दिल खोलेर हाँस्छ)** बधाई ! बधाई ! !*

*तिमीहरूको अन्तरिक्षयान प्रक्षेपणकार्यक्रम, डाक्टर 'एल' को भूमिगत प्रयोगशालाको टेलिभिजनपर्दामा मैले हेर्ने मौका पाएँ । सफल प्रक्षेपणका लागि बधाई छ ! ! **(दिल खोलेर हाँस्छ ।)***

*..... तर मेरा प्रिय महानिर्देशकज्यू, तिमीहरूको महानतम वैज्ञानिक उपलब्धीमा खुसी व्यक्त गर्नुका साथसाथै म आफ्नो तर्फबाट चुनौती पनि दिन चाहन्छु, कृपया स्वीकार गर्नु ।*
***(एक्स-१ विस्मित भई उठ्छे)***

*..... म तिमीमार्फत विश्वभरका अन्तरिक्ष- भौतिकविद्हरू र अन्य तमाम वैज्ञानिकहरू, जो आणविक महायुद्ध- अन्तरिक्ष सैनीकरण र मानवजातिको पूर्ण अस्तित्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन् - लाई चुनौती दिँदै छु । एक मानवतावादी वैज्ञानिकको नाताले म चुनौती दिन्छु - तिमीहरूको यो मानवजातिको अस्तित्व समाप्त पार्ने सपना म विफल पारिदिन्छु । विश्वका सबै आणविक-वैज्ञानिकहरू र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरूले मेरो व्यक्तिगत चुनौतीलाई गम्भीरतापूर्वक स्वीकार गर्नेछन्, म आशा गर्छु । धन्यवाद ! (पृष्ठ ८९)*

**नमुना- २**

**(अचानक फोनको घण्टी बज्छ)**

*एक्स-१ (फोनमा) ..... हेल्लो, को बोल्नुभएको ? ..... ए, महानिर्देशकज्यू, नमस्कार ..... साथमा हार्दिक बधाई पनि ..... हो, मैले टी.भीमा हेरे ..... को भन्नुभयो ? ..... ए डाक्टरसाहेब, अहिले प्रयोगशालामा हुनुहुन्छ ..... सायद कुनै महत्वपूर्ण प्रयोगमा व्यस्त ..... हो, हो ..... ठीक भन्नुभयो ..... खै त्यो कुरा मैले पनि बुझ्न सकिनँ ..... तपाइँमार्फत सबै वैज्ञानिकहरूलाई 'चुनौती' भन्नु भयो तर मैले बुझ्न सकिनँ ..... तपाइँको मित्रलाई*

*तपाईं नै बुझाउने प्रयत्न गर्नुहोला ..... हो, उहाँ आवश्यकता भन्दा बढी भाबुक हुनुहुन्छ ..... ठीक भन्नुभयो, म पनि महसुस गर्छु यो कुरा ..... भर्खर लाग्नुभएको प्रयोगशालातिर ..... बोलाइदिऊँ ? ..... तपाईं आफै आउनुहुन्छ ? कहिले ? ..... भोलीतिर ? ..... हुन्छ, फुर्सद मिलाएर आउनुहोला, नआउनुभएको पनि धेरै दिन भयो ..... ल म भनिदिन्छु । ..... ए छोरी ? ..... **(मुस्कुराहट)** ..... आजकाल छोरी आइन्सटाइनको फर्मुला पढ्दै छे ..... हस ..... हुन्छ धन्यवाद ! (फोन राखिन्छ । दीर्घ निश्वास् । ०१ को प्रवेश) (पृष्ठ ११-१२)*

**नमुना- ३**

एक्स-१ - ०२, के भयो तिमीलाई ? ..... कुरा सुन्यौ ?

(+०० चलमलाउँछ । +०० को चलमलाइले ०२ को सम्मोहन वा समाधि भङ्ग हुन्छ ।

*(केही मुस्कुराउँदै) यति विघ्न माया त ..... फोनको घण्टी बजेको पनि सुनीनौ ? ( जवाफमा फोनको घण्टी बज्छ - (४) ..... (फोन उठाउँछे) ..... हेल्लो ..... को ? मानवनिर्मित मानव एस.के-१० ..... कसलाई खोज्नुभएको ? ०२ ..... ? हुनुहुन्छ ..... ल म फोन दिन्छु **(एक्स-१ इसाराले फोन दिन्छे । ०२ केटी लज्जायुक्त मुस्कानका साथ आएर फोन लिन्छे ।)** (पृष्ठ २३)*

**नमुना- ४**

*०२ - हेल्लो एस.के-१० ..... ? ..... किन ? ..... कहाँ ? ..... कतिखेर ? ..... फुर्सद मिलाउनुपर्छ । ..... विचार गर्नुपर्छ । ..... ल । **(फोन राख्छे ।)** (पृष्ठ २३)*

*माथि प्रस्तुत गरिएका टेलिफोन संवादमा डा. एक्स र डा. एम. बीचको संवाद, एक्स-१ र डा. एम बीचको संवाद, एक्स-१ र एस.के-१० बीचको संवाद त्यसैगरी ०२ र एस.के-१० विचको संवाद भएको छ । यहाँ ..... सङ्केत नै नेपथ्य संवाद हो ।*

### ५.२.३ वाचिक अभिनयमा संवादात्मक अन्तरक्रिया

नाटकमा पात्रहरूले बोलेका संवादको संरचना नै वाचिक अभिनयको संरचना हो । यस अन्तर्गत अन्तरक्रियात्मक र एकलाप संवादहरू पर्दछन् । यी संवादहरूलाई यहाँ चर्चा गरिएको छ ।

#### (क) अन्तरक्रिया र पालो पद्धति

संवाद दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बिचमा गरिन्छ । त्यसैले यो अन्तरक्रियात्मक हुन्छ । प्रस्तुत इथरमा कोरिएको प्रेमपत्र नाटकमा बोलिएका संवादहरू सोही किसिमका रहेका देखिन्छन् । लामा एवं छोटा दुबै खालका संवादहरू रहेको पाइन्छन् ।

इथर नाटकमा डा. एक्स, एक्स-१, ०१, ०२, ०३, डा. एम एवं एक्स-१ र +०० लगायतका पात्रहरूले बोलेका संवादहरूले कथावस्तुलाई अगाडि बढाएको देखिन्छ । नाटकको प्रारम्भ एक्स-१ र ०२ को अन्तरक्रियात्मक संवादबाट भएको छ । एक्स-१ र ०२ को भाषा सरल भएपनि बौद्दिकताले भरिएको देखिन्छ । डा. एक्सले आणविक शक्तिले मानव अस्तित्व सङ्कटमा परेकोमा चिन्ता व्यक्त गर्दै  मानव अस्तित्वको रक्षा गर्नुपर्नेमा जोड दिँदै द्रब्य-२ को आविष्कारमा लागि परेको छ । त्यस्तै ०३ को संवादमा आफु डा. एक्सको सहयोगी वैज्ञानिक मात्र भएकाले जिम्मेवारीको भावयुक्त संवाद प्रस्तुत गरिएको पाइन्छ । ०१ को संवादमा आफुलाई दास र तल्लो वर्गको नागरिकलाई जस्तो व्यवहार गरेकामा ०२, एक्स-१ प्रति प्रतिशोधको भावयुक्त संवाद बोलेको देखिन्छ । त्यस्तै +०० र एक्स-१ को संवादमा बालसुलभ चाञ्चल्यता सँगैको पहिलो बन्ने भावको संवाद रहेको देखिन्छ भने डा. एमको संवादमा आणविक अन्तरिक्षयानको सफल परिक्षण गरेकाले गौरव महशुस् गरिरहेको संवाद योजना गरिएको पाइन्छ । जस्तैः ०१ र ०२ बिचको संवाद यहाँ प्रस्तुत गरिएको छः

(मानवनिर्मित युवती मानवनिर्मित बालमनलाई मुसार्दै शरीरका अङ्गअङ्गका भावभङ्गीमा सहित माया पोख्न थाल्छे, मातृत्वको अमृतधारा बगाउँदै । +०० उसको न्यानो काखमा लुटुपुट हुन्छ ।) (भित्र कतैबाट ०१ को प्रवेश)

*०१ - आहो ! म यो कस्तो तमासा देख्दै छु । (०२ झस्कन्छे)*

*०२ - तमासा ? ..... कस्तो - कहाँ देख्यौ तमासा ?*

*०१ - म ठीक आफ्नो आँखासामुन्नेको सोफामा एउटा उदेकको तमासा देख्दै छु । (रमाइलो मान्दै) मैले यस्तो अचम्मको तमासा जिन्दगीमा कहिले पनि देखेकी थिइँन ।*

*०२ - भान्सेबुढी, केही बोल्नुभन्दा पहिला दिमागको थोत्रो कम्प्युटरलाई सोचविचार गर्ने काममा लागनू । (पृष्ठ २०)*

यहाँ ०१ र ०२ बिच अन्तरक्रियात्मक संवाद भएको छ । यहाँ छोटो छरितो वाक्य गठन गरिएको हुँदा वाचिक अभिनयका निम्ति उपयुक्त रहेका छन् ।

अन्तक्रियात्मक संवाद पालो पद्धतिमा आधारित रहेको हुन्छ । संवादका क्रममा कुनै पनि दुई वक्ताविचको संवादमा एकपछि अर्कोले कुरा राख्दै जानु पालोपद्धति हो । प्रस्तुत नाटकका संवादहरू यस योजनामा आधाति रहेको पाइन्छ । प्रस्तुत नाटक इथरमा प्रत्येक वक्ताबीचको संवाद पालो पद्धति योजनामा आधारित छन् । जस्तै

*एक्स १- के प्रतिब्रम्हाण्ड अस्तित्व सम्भव छैन ?*

*०२- सम्भव छ । तर मान्छेले अथवा मान्छेद्वारा निर्मित हामीजस्ता मान्छेले यही सत्य ब्रम्हान्डभित्र रहेर नै प्रति-ब्रम्हान्डको खोजी गर्न सक्छौं । बम्हान्डबाट बाहिर गए होइन !*

*एक्स १- यो सापेक्षताको सिद्धान्त हो वा 'अनिश्चितताको सिद्धान्त' ?*

*०२- प्रत्येक वैज्ञानिक सिद्धान्तले ब्रम्हान्डको व्याख्या र विश्लेषण गर्दछ, प्राकृतिक नियमहरूको अनुसन्धान गरी विज्ञानले ब्रम्हान्डलाई कारागार सम्भेर त्यसबाट मुक्त हुने स्वप्नवत परिकल्पना गर्दैन । (पृ ५)*

प्रस्तुत संवादमा नाटकको पहिलो दृश्यबाट लिइएको हो । यस संवादमा ब्रम्हाण्ड र प्रतिब्रम्हान्ड नै विषयवस्तु बनेको छ । ०२ र एक्स १ बीचको संवाद पालो पद्धति योजनामा आधारित छ ।

**ख अन्तरक्रियात्मक अनुबद्ध युग्महरु**

अन्तरकियात्मक संवादमा अनुबद्ध युग्महरु पनि प्रयोग भएका छन :

**प्रश्न उत्तर**

*एक्स १- तर तपाइँको यो कमजोर चुनौती कसले सुन्छ ?*

*डा. एक्स- ती सबै शक्तिशाली भनिने देशका नेताहरू र वैज्ञानिकहरूले सुन्ने छन्, जो प्रतिसेकेन्ड शस्त्रीकरण व्यस्त भई प्रतिमिनेट निःशस्त्रीकरणको आवश्यकता महसुस गर्छन् । शस्त्रीकरण भनेको शस्त्रीकरण हो, तर निःशस्त्रीकरण भनेको झन भयानक शस्त्रीकरण हो । मेरी प्रिय पत्नी, मेरो कुरा सबैले सुन्नेछन्, फरक यति नै पर्नेछ - कोही विवशतापूर्वक सुन्नेछन्, तर अरबौं सामान्य जनता मन लाएर सुन्नेछन् हृदयदेखि नै सुन्नेछन् ।*

*एक्स १ - तपाइँ मेरो विचारमा अराजक कुरा गर्दै हुनुहुन्छ ।*

*डा. एक्स - अराजक ? कसरी, किन ?*

*एक्स १ - तपाई प्रत्येक देशका मर्यादित सीमारेखाहरूलाई उपेक्षा गरिरहनु भएको छ । मलाई थाहा छ एक व्यक्तिको रूपमा र एक महान वैज्ञानिकका रूपमा तपाइँ मानववादी हुनुहुन्छ, जहिले पनि मान्छे जातिको समग्र हित र समुन्नति तपाइँको अभिष्ट लक्ष्य हुन्छ । तर देश-देशका सीमारेखा हुन्छन्, सामाजिक नैतिकता र मर्यादाहरू हुन्छन्, बेग्लाबेग्लै सभ्यताह हुन्छन् ......... र ............ (पृ १०)*

**अभिवादन अभिवादन**

*एक्स १ - (फोनमा) ....... हेल्लो, को बोल्नुभएको .... ? ........ ए, महानिर्देशक ज्यू नमस्का .......... साथमा हार्दिक बधाई पनि ....... हो, मैले टीभीमा हेरेँ ........ को भन्नुभयो ? .........ए, डाक्टरसाहेब, अहिले प्रयोगशालामा हुनुहुन्छ ....... सायद कुनै महत्वपूर्ण प्रयोगमा व्यस्त ...... हो, हो ...... ठिक भन्नुभयो ..... खै, त्यो कुरा मैले पनि बझ्न सकिनँ ....... तपाइँ मार्फन सबै वैज्ञानिकहरूलाई चुनौती भन्नुभयो, तर मैले बुझ्न सकिन ..... तपाइँको मित्रलाई तपाइँ नै बुझाउने प्रयत्न गर्नुहोला ..... हो, उहाँ*

*आवश्यकता भन्दा बढी भावुक हुनुहुन्छ ...... ठीक भन्नुभयो म पनि महसुस गर्छु यो कुा ...... भर्खर लाग्नुभएको प्रयोगशालातिर ..... बोलाइदिऊँ ? ...... तपाईँ आफैं आउनुहुन्छ ? कहिले ? ..... भोलितिर ? .... हुन्छ फुर्सद मिलाएर आउनुहोला नआउनुभएको पनि धेरै दिन भयो, .... ल, म भनिदिन्छु । ...... ए छोरी ? (मुस्कुराह) ...... आजकाल छोी आइन्सटाइनको फर्मुला पढ्दै छे ...... हस् ..... हुन्छ धन्यवाद ! (पृ. १३)*

माथि एक्स १ र महानिर्देशक बिचको फोन संवादमा अभिवादन गरिएको छ ।

*प्रशंसा र स्वीकारोक्ति/ अस्वीकारोक्ति*

*०२- न्युटनलाई एक्स पनि बुझ्न । (पृष्ठ ६)*

*०२- न्यूटनलाई एक्स-० ले बुझिसकेकी छ, त्यसैले मलाई पूर्ण विश्वास छ आइन्सटाइनलाई पनि बुझ्न सक्नेछ । (पृ. ६)*

*डा. एम - डाक्टर एक्स तिम्रो सौभाग्य हो । किन आफ्नै भाग्यप्रति सन्त्रास ?*

**दोषारोपण र क्षमायाचना**

*एक्स १ - यो म निश्चित रूपले भन्न सक्दिनँ । डा. एक्स तपाईँहरूको महान राष्ट्रिय अन्तरिक्ष कार्यक्रम सहित समुन्नत पारमाणविक भौतिकिको घोरविरोध गर्नुहुन्छ ..... । एक महान वैज्ञानिकद्वारा महान वैज्ञानिक शक्तिका पृत्येक स्रोत र आधारमो घो विरोध ....... यसभन्दा भयानक विरोधाभास के हुन्छ ? मेरो विचारमा उहाँलाई राष्ट्रप्रेम, जातीय प्रेम आदि कुराका पाठ पढाइनु अति नै आवश्यक छ ।*

*डा. एम - माफ गर म यस कुरामा कुनै योगदान पुऱ्याउन सक्दिन । यो सबै एक भ्रमित नारीको भ्रामक दुःस्वप्न मात्रै हो । (पृ २९)*

उल्लिखित संवादहरू अनुबद्ध यग्म अन्तर्गत पर्दछन् ।

**(ग) एकालाप**

नाटकमा पात्रहरूले बोलेको लामा कथन एकालाप हो । पात्रले एकोहोरो रूपमा बोलिने बोली समाख्यानात्मक हुन्छ । नाटकमा विशेषगरी डा. एक्सद्वारा

एकालापयुक्तसंवादहरू बोलेको देखिन्छ । यस नाटकको अन्तिम दृश्यमा डा. एक्सद्वारा बोलिएको एकालाप यस्तो रहेको छ :

डा.एक्स - हो, मेरी प्रिय पत्नी, म सामान्य थिएँ त असामान्य रूपले ..... ! एकछिन मेरा 'फाल्तु' कुराहरू सुन्ने धैर्यधारण गर, अन्यथा म आफ्नो प्रयोग वा खोजको औचित्य सिद्ध गर्न सक्ने छैन । ...... (**सिगार सायद नयाँ सल्किन्छ**)

........ त, हिरोसिमा र नागासाकीमा- त्यहाँका लाखौँलाख नरनारी सम्मिलित विशाल प्रार्थना सभामा सरिक हुँदा अचानक मेरो मस्तिष्कमा एउटा अहंजन्य विचार र भावनाले जन्म लियो । मलाई म र मजस्ता लाखौँ-करोडौं व्यक्तिहरू जो विश्वभर शस्त्रीकरण र नाभिकीय युद्धविरोधी प्रदर्शन सभामा सम्मिलित भइरहन्छन्, जो यस्तै प्रार्थना सभाहरूमा सरिक भएर विश्वशान्तिका लागि अपिल गरिरहन्छन् । ती शान्तिवादी अहिंसावादी सज्जनहरू अत्यन्त कमजोर निरीह र एक प्रकारले 'अस्तित्वहीन' लाग्न थाल्यो । यतिखेर विश्वमा दुई महाशक्ति सिद्धान्त खण्डित भएको छैन । छ अगस्त १९४५ मा हिरोसिमाको ५८० मिटरमाथि आकाशमा विस्फोट गरिएको १२,५०० टन टी.एन.टी. बमको तुलनामा दुई करोड गुणा बढी विनाश क्षमता अहिलेको विज्ञान समर्थित राजनीतिको हातमा छ । अहिले कुनै एक जिम्मेदार कम्प्युटरले भुल गऱ्यो भने मानव जातिको अस्तित्वलाई भुलबाट सच्याउन सकिन्न । यस्तो स्थितिमा शान्तिको अपिल ..... विश्वशान्तिको नाममा अपिल ........ म सन्तुष्ट हुन सकिनँ । विश्वशान्तिको नाममा अपिलजारी गर्नेहरूका स्वर हत्यारा राजनीतिको विष्फोटन क्षमता भन्दा शक्तिहिन् हुनु हुँदैन अन्यथा विश्वशान्तिको अपिल 'दयाको भिख' सिद्ध हुनेछ । प्राथना सभामा लाखौं हिरोसिमा वासीहरूका बीच मैले यस्तो सोचेँ र मेरो यो भावना तर्कपूर्ण औचित्यका साथ तब पराकाष्ठामा पुग्यो जब मैले हिरोसिमा सङ्ग्रहालयमा प्रदर्शित शान्तिदुत बुद्धको बमले गलेको प्रतिमा अवलोकन गरेँ । .......

'शान्तिदुत बुद्धको प्रतिमा पनि बमले गल्न सक्छ ।' यो अत्यन्त कटु यथार्थलाई मैले तत्काल स्वीकार गरेँ - त्यति नै खेर म यो निष्कर्षमा पुगेँ अहिंसात्मक आँसुका थोपाहरूले आणविक बमहरू गलाउन सक्दैनन् । .......

त्यसपछि मैले वैज्ञानिक अन्वेषणका लागि केही पूर्वमान्यताह प्रतिपादित गरेँ ।

मान्यता १ - विश्वभरका शस्त्रीकरण संलग्न परमाणु वैज्ञानिकहरू मानव अस्तित्वका दुस्मन छन् र तिनका सहयोगी अन्तरीक्ष वैज्ञानिकहरू जो अन्तरिक्षमा पारमाणविक हात हतियार स्थापित गर्ने कार्यमा संलग्न भएका छन्- सामान्य रूपले मानव अस्तित्वका दुस्मन हुन् ।

मान्यता २ - मान्छे जातिलाई पृथ्वीमा नै जीवीत रहने प्राकृत अधिकार छ र जीवनदायी पृथ्वीलाई 'धरती माता' का रूपमा आदर गरी यस प्रतिको कर्तव्य पूर्ण इमान्दारीपूर्वक पुरा गर्नु पर्दछ ।

मान्यता ३- पृथ्वीबाट अन्य ग्रह नक्षत्रभित्र पलायन गरी अन्तरिक्ष बस्ती बसाल्ने आयोजनाले मानवीय अस्तितवको सङ्कट उन्मूलित हुँदैन, त्यसैले यस्ता अन्तरिक्ष अभियानहरूलाई मानवता विरोधी स्वीका गर्नु पर्दछ ।

मान्यता ४ - पृथ्वीका प्रत्येक समस्या र प्रत्येक सङ्कटको समाधान पृथ्वीमा नै खोजिनु पर्दछ यो नै मानव धर्म हो ।

मान्यता ५ - विध्वंसात्मक शाक्ति-उपासना विशेष गरी आणविक, पारमाणविक शक्तिको उपासना, इतिहासको सबभन्दा भयानक मानवीय रोग हो । यस मानवीय रोगलाई 'पूर्ण अस्तित्व विरोधी सङ्क्रामक महामारी' को दर्जा प्रदान गरी उपचाविधि खोजिनु पर्दछ ।

......... त मेरा प्रिय वैज्ञानिक मित्र, यी पूर्वमान्यताहरू निश्चित गरी मैले नाभिकीय महामारी विरुद्धको खोजयात्रा प्रारम्भ गरेँ फलस्वरूप अहिले म पृथ्वीमा सङ्कटग्रंस्त मानव अस्तित्वलाई निरन्तरता प्रदान गर्न सक्ने स्तरमा सफल छु ।

.......... तिमिजस्ता वैज्ञानिकहरूलाई आफ्नो पूर्व मान्यताअनुसार जीवनवाद विरोधी सोच्न बाध्य छु । मेरा प्रिय मित्र .........! 'शक्तिशाली दासतामा बाँच्नु मानवतावाद होइन ।' यो एक प्रिय तर्क हो । यस अर्थमा, शक्तिशाली राष्ट्रवाद नै जीवनवाद हुन्छ । ....... तर यतिखेर रक्तपिपासु राष्ट्रवादका किटाणुले कुनै पनि अचिन्तनीय क्षणमा पृथ्वीको परिक्रम पथ गडबडिन सक्छ । पृथ्वीले आफ्नो कक्षमा घुम्न अस्वीकार गऱ्यो भने हाम्रा सन्ततीले बाँच्नका लागि भविष्य पाउने छैनन् । ..... त्यसैले आज शक्तिशाली राष्ट्रवाद मानवतावाद नहुन अभिशप्त छ ।

(**अत्यन्त अहंभावले**) ....... यतिखे म आंशिक रूपमा न्यक्लीय महामारीको रोकथाम गर्न सक्षम छु । सम्भवतः म आगामी विश्वयुद्ध रोक्न सक्ने छैन, तर त्यसलाई मुर्खहरूको ठट्टामा पणित गर्न सक्नेछु । ...... तेस्रो विश्वयुद्ध कस्ता हतियारद्वारा लडिनेछ - यो प्रश्न गर्दा अल्बर्ट आइन्सटाइनले प्रत्युत्तरमा भनेका थिए, यो म बताउँन सक्दिन तर ...... चौथो विश्वयुद्ध पत्थरको हातहतियारले लडिनेछ । ........ यो सम्भवतः बुद्धिमतापूर्ण कथन थियो । बिसौं-एक्काइसौं शताब्दीतिर म आश्वासन दिनछु डाक्टर एम.चौथो विश्वयुद्ध ढुङ्गे हातहतियारले लडिने छैन । मान्छेको सभ्यता समुन्नतीको पराकाष्ठामा पुगेपछि प्राचीन रोमको सभ्यताझै ध्वस्त हुन्छन् भन्ने सिद्धान्त वा आस्थाको म घोर विरोध गर्छु । यो एक अवैज्ञानिक हो ।

**(सिगारको धीतमर्दो कस ! डाक्टर एम पनि पूर्ण गाम्भीर्यका साथ कुल्फी तानिरहेको छ ..... ।)**

........ डाक्टर एम, पचास हजार डिग्री सेन्टीग्रेड उष्ण तापयुक्त चार टनको, तिन मिटर लामो र ७१ सेन्टिमिटर चौडा लिटिल ब्वाय' हिरोसिमामा खसालिएको थियो जुन निश्चित रूपले अत्यन्त अविकसित थियो । अहिले त्यस प्रथम परमाणु बमभन्दा मौजुद छ । लाई लदफोर्ड विलियम डेपर हार्किन्स जेम्स चेड्विक एनरिको फर्मी, खट ओमेनहिमर आदि वैज्ञानिकहरूले आकाशमा हजारौं सूर्य चम्काएर इश्वरको वैभव लुट्न खोजेका थिए होलान् त वैज्ञानिकहरूले सर्वशक्तिमान ईश्वरीय वैभव लुट्न खोज्दा परिणाम स्वरूप अहिले मनुष्यत्व नै लुटमा परेको छ ।

शक्ति उपासक मानवजातिका अहम हरूले यस सुन्दर पृथ्वीलाई पत्थरयुगदेखि नाभिकिय युगको चरमचुलीमा पुऱ्याएर 'सम्पूर्ण अस्तित्व' मा सङ्कट आमन्त्रण गरेको छ जुन मलाई स्वीकार्य छैन । म आफ्नो अमले पृथ्वीलाई दोस्रो जन्म दिन चाहन्छु । ..... वस्तुत म यो नीलो पृथ्वीलाई माया गर्छु । .... वास्तवमा मुटुजस्तो हाम्रो पृथ्वी इथरमा कोरिएको एक उपेक्षित प्रेमीको प्रेमपत्र भएको छ । यसलाई सबैले उपेक्षा गरे पनि म उपेक्षा गर्न सक्दिन ।

(डाक्टर एक्स ब्लेक बोर्ड र चकको सहयोग लिई प्राध्यापन गर्न थाल्दा .... डा. एम, मेरो अनुसन्धन पूर्वको आदर्शहरू वा पूर्वमान्यताहरूबाट तिमीले मेरो अनुसन्धानको

केन्द्र फेला पार्‍यौं होला ...... । निश्चित रूपले म आणविक-पारमाणविक अथवा न्युक्लिय-नाभिकीय हतियारका विरुद्धमा अनुसन्धान गरिरहेकी थिएँ । जन अहिले सबै महादेशमा सबै महासागरका गहिराइमा र अन्तरिक्षका विभिन्न कक्षहरूमा, स्वचालित रूपमा, सभ्यताहरू लक्षित गरी तैनाथ गरिएका छन् । प्रिय मित्र तिमिलाई ज्ञान नै छ, परमाणु बमको विध्वंसात्मक उर्जाको पचास प्रतिशत भाग विष्फोट र आघात तरङ्गको हुन्छ, त्यसमा पैंतीस प्रतिशत तापीय विकिरण हुन्छ, बाँकी दस प्रतिशत रेडियो सक्रिय धुलोको र पाँच प्रतिशत गामा तरङ्ग र न्युट्रन विकिरण हुन्छ । तर न्युट्रन बममा असी प्रतिशत भन्दा बढी न्यूट्रन विकिरण हुन्छ, जुन एक सेकेन्डको दसौलाख भन्दा कम समयमा तुरुन्त विकिरण का रूपमा निस्किन्छ । परमाणु बममा भन्दा हाइड्रोजन सलयन बममा झन्डै ६ गुणा बढी न्यूट्रन निस्कने हुँदा यसमा न्युक्लिय विकिरण अत्यन्त समृद्ध हुन्छ । साथै दस किलो टनको परमाणु बमले जति जीवन समाप्त पार्न सक्छ त्यो क्षमता एक किलो टनको न्युट्रन बममा हुन्छ । ..... यी सबै एक सामान्य युरेनियम विखष्डित परमाणु बम र न्युट्रन बमका संरचनात्मक क्षमताका कुरा हुन् ..... ।

त प्रिय वैज्ञानिक मित्र, परमाणु बम र न्युट्रन बमका विविधतालाई ध्यनमा राखी मैले आफ्नो अध्ययन अनुसन्धानको मूल विषय निश्चित गरेँ । 'परमाणुका संरचनात्मक विखण्डद्वा उत्पन्न विस्फोटक उर्जा आघात-तरङ्ग, अति उच्च ताप एवं न्युक्लीय विकिरणका जैविक प्रतिरोधक क्षमताको खोज' यो मेरो प्रायोगिक अनुसन्धानको विषय थियो र अहिले म आफ्नो अनुसन्धान यात्रामा कहाँसम्म आइपुगे यो म बताउने छु ।

**(प्रत्येक व्यक्तिको उत्सुकता पराकाष्ठामा पुग्छ ... मनौं डा. एक्सको प्राध्यापनशैली र क्षमताको विलक्षण प्रभाव परेको छ ।)**

........... आत्मिय बन्धुहरू ! अब 'न्यक्लीयर व्याक्टेरीयोलजी' सम्बन्धी चर्चा गर्नु प्रासङ्गिक हुनेछ । .... म आफ्नो खोज सम्बन्धी यस नविनतम क्षेत्रलाई यही नाम न्युक्लीयर ब्याक्टेरियोलजी दिन मन पराउँछु । कारण युद्धस्तरका रूपमा निर्मित प्रत्येक आणविक-पारमाणविक हतियार अत्यन्त सङ्क्रामक महामारी रोगका व्याक्टेरिया समान्तर छन् .... । न्युक्लीयर ब्याक्टेरियोलजी अन्तर्गत शरीरक्रिय विज्ञानको पूर्ण अध्ययन गर्दा अचानक मलाई थाहा भयो- मानव शरीरमा हारमोनयुक्त जति पनि ग्रन्थिहरू छन्, तिनको अलावा एक यस्तो सुषुप्त र निष्क्रिय ग्रन्थि पनि छ, जसलाई म 'दोस्रो ग्रन्थी (The Second

Gland)भन्ने गर्छु । शरीरको पूर्ण विश्लेषणात्मक अध्ययन गर्दा अज्ञात रूपमा अवस्थित दोस्रो ग्रन्थीले अर्को एक महत्वपूर्ण सत्य उद्घाटित गऱ्यो- शरीरमा जीवनशक्तिका दुई बेग्लाबेग्लै पन्ना हुन्छन् र दोस्रो ग्रन्थीको सम्बन्ध प्रथम र सामान्य जीवनशक्ति सित नभएर दोस्रो अज्ञात र निष्क्रिय जीवनशक्तिसित हुन्छ । मान्छेसित सबै प्राणी प्रथम जीवनशक्तिमा जन्मन्छन्, तिनमा प्रथम ग्रन्थीहरू अथवा ज्ञान ग्रन्थीहरू सक्रिय हसन्छन् । अन्तत्वगत्वा ती प्रथम जीवनशक्तिमा नै समाप्त हुन्छन् । शरीर क्रिया विज्ञानले शरीरको प्रतिरोधात्मक क्षमता अध्ययन गर्दा कहिले पनि प्रथम जीनवशक्ति अतिक्रमण गर्न सकेन, त्यसैले दोस्रो जीवनशक्ति  दोस्रो ग्रन्थी पूर्णतः अज्ञात रहे । प्राणीजगतको सम्पूर्ण इतिहाँस र व्यवहार प्रथम जीवनशक्तिद्वाा सञ्चालित र व्यवस्थित छ । कुण्डली नी जागृत गर्ने आदि पुराना असाधारण शक्ति र चमत्कारका कुरासहित सबै शारीरिक-मानसिक शक्तिका असामान्य उपलब्धीहरू प्रथम जीवनशक्ति अन्तर्गत नै पर्दछन् । यो कुरा बुझ्न अत्यन्त जरुरी छ । वास्तवमा प्रिय बन्धुहरू, मुसा र खरायोको प्रतिरोधी गुणको अध्ययन गर्दा अतिउच्च ताप, उच्च विदुयुत तरङ्ग  विकिरण आरोपित गर्दा प्रतिरोधात्मक दोस्रो ग्रन्थी र दोस्रो जीवनशक्तिको सत्यता उद्घाटित भयो । यस सत्यता उद्घाटित भएपछि म एक यस्तो रसायनको अनुसन्धान कार्यमा संलग्न भएँ जसले दोस्रो जीवनशक्तिका लागि दोस्रो ग्रन्थीका हारमोनलाई असाधारण रूपमा उत्तेजित पारोस ..... । र मो प्रिय बन्धुहरू सामान्यतः शरीरको उच्चतम प्रतिरोधी क्षमताभन्दा लाखौँगुणा शक्तियुक्त प्रतिरोध क्षमता जाग्रत पार्ने विशिष्ट रासायनिक द्रव्य अविष्कृत गर्न सक्षम भएको छु । मलाई लाग्छ न्युक्लीयर ब्याक्टेरियोलजी नामाङ्कित वैज्ञानिक अन्वेषणका क्षेत्रमा यो रासायनिक द्रव्य जसलाई म सामान्यतः दोस्रो जीवनशक्तिका लागि 'आर्तवशिष्ट प्रतिरोधात्मक द्रव्य-२' भन्ने गर्छु, एक सानो पाइलो हो ..... तर म आशा एवं विश्वास गर्छु, यसले महोमानवीयता को लक्ष्यनिष्ट प्रयासमा महत्वपूर्ण योगदान गर्नेछ ।

..... अब प्रिय बन्धुहरू म एउटा सानो प्रयोग गर्छु, ..... । मेरा अभिन्न सहयोगी ०३, तिमी यो 'सुपर-कम्प्युटर' निरीक्षण गर ।

..... र तिमी मिस ०२, मेरी छोरीलाई लिएर आऊ - तुरुन्त !! .... (दुबै डाक्टर एक्सको आज्ञा पालन गर्छन् । डाक्टर एक्स पुन ..... धीतमर्दो गरी सिगार पिउन थाल्छ । अन्य व्यक्तिहरू सुपर-कम्प्युटर हेर्न थाल्छन् ।)

...... बन्धुहरू, इस्वी सन् १९२० मा डाक्ट स्टीनाकले बृद्धावस्था मृत्यु सम्बन्धी अध्ययन गर्दा सर्वप्रथम मनुष्य शरीरका नालिका विहीन ग्रन्थीहरू 'एन्डो क्राइस' प्रकाशमा आउँदा दोस्रो ग्रनथी पूर्णतः अज्ञात रहनुको कारण जीवनशक्तिका भिन्नता नै हुन् । प्रथम जीवनशक्ति वास्तवमा प्राथमिक जीवनशक्ति हो र सबै हामोनयुक्त नलिका विहिन ग्रन्थिहरूका कार्यप्रणाली शरीरक्रिया विज्ञानका अन्य क्रियाशीलताझैं यही प्राथमिक जीवनशक्ति प्रति उत्तरदायी हुन्छन् । मनुष्य शरीरका रोग प्रतिरोधक क्षमता सामान्यतः पिट्युटरी ग्रन्थीको एक विशेष हारमोनद्वारा नियन्त्रित हुन्छ । यस्तै प्राशी शरीरका प्राथमिक जीवनशक्तिद्वारा परिचालित 'अतिरिक्त सहनक्षमता' पनि सीमित रूपले निश्चित छ । तर जस्तो कि मैले उल्लेख गरिसकें प्राणी शरीरमा प्राथमिक जीवनशक्तिका साथसाथै दोस्रो एक शक्ति पनि अन्तर्निहीत छ । सषप्तावस्थामा जसलाई मैले नामाकरण गरेको थिएँ - दोस्रो जीवनशक्ति अथवा 'विशिष्ट जीवनशक्ति'

प्रिय बन्धुहरू, प्राणीजगतमा अथवा सम्पूर्ण प्राणी-इतिहाँसमा कुनै पनि प्राणी यस विशिष्ट जीवनशक्ति मा बाँच्न समर्थ भएन किन ? यो अत्यन्त स्वभाविक प्रश्न हो । यसको एक मात्र कारण हो - 'दोस्रो ग्रन्थी' को निष्क्रियता वा अजागृति वा सुषुप्तावस्था ...... दोस्रो ग्रन्थी सुषुप्तावस्थामा हनु वास्तवमा एक वैज्ञानिक रहस्यवाद हो भन्ने मलाई लाग्छ । कारण पृथ्वीको प्रकृतिमा अहिलेझैं कहिले पनि अतीतमा सम्पूर्ण प्राणी-अस्तित्व सङ्कटमा परेन । सम्भवतः सम्पूर्ण प्राणी अस्तित्व लोप हुने अवस्था नरहेसम्म 'दोस्रो ग्रन्थी' मा हारमोनहरूका सक्रियता आवश्यक थिएन, यो प्रकृतिको एक सङ्कटकालीन योजना जस्तो प्रतीत हुन्छ .....।

बन्धुहरू, प्रकृतिको यस रहस्यमय प्रतीत हुने सङ्कटकालीन योजना क्रियान्वित हुने समय उपस्थित भएको छ अहिले- कारण पृथ्वीमा सम्पूर्ण प्राणी अस्तित्व नाभिकीय महासङ्कटको ढोकामा उपस्थित भइसकेको छ । .....

त, म एउटा सामान्य जस्तो देखिने प्रयोग गर्छु । (०२ मुस्किलका साथ एक्स-० लाई लिएर आउँछे । +०० भिडियो हेरिरहेकै छ ।)

आऊ छोरी, म तिमिलाई मृत्युञ्जयी औषधीको पहिलो टिका लाइदिन्छु, मेरो नजिक आऊ ! .....

(एक्स-० आज्ञा पालन गर्छे)

....... डाक्टर एम, मेरो हातमा तिमि जुन सानो सिसी देखिरहेका छौ, त्यसमा सामान्य एच २ ओ, ($H_2O$) जस्तो प्रतीत हुने रासायनिक तरल पदार्थ छ .... यो 'यो अति विशिष्ट प्रतिरोधात्मक दव्य-२' हो । यसलाई संक्षेपमा, सुविधाका दृष्टिले 'द्रव्य-२' नाम दिनु सार्थक नै हुनेछ । तर .... तर ... प्रिय बन्धु सम्भावित प्रमाणुयुद्धको विरोधी भावनाद्वारा उत्प्रेरित भई मैले यस रसायनको खोज गरेको थिएँ, त्यसैले यस 'द्रव्य-२' लाई नाभिकीय युद्धविरोधी टीका वा नाभिकीय युद्ध प्रतिरोधी टीका नामाकरण गर्नु झन सार्थक, आदर्श र जनसामान्य हुनेछ ! ..... यस 'नाभिकीय युद्धप्रतिरोधी टीका' लाई कुनै पनि एन्टिबायटिक इन्जेक्सनझैँ सामान्य रूपले प्रयोग गर्न सकिन्छ । यस 'एन्टी न्युक्लीयर इन्जेक्सन' रोपित गरेको आधा घण्टापछि 'दोस्रो ग्रन्थी' सक्रिय हुन थाल्छ र उत्तेजित हुने हारमोन- 'एक्स हारमोन' विद्युत लहरझैँ क्रियाशीले हुन थाल्छ ..... र तिमी यो जुन सुपर कम्प्युट देखिरहेका छौ, यो वास्तवमा 'उच्च ताप एवं विकिरणमापक कम्प्युटर' हो । यो सुपर कम्प्युटर मैले स्वयं आफ्नो निर्देशनमा निर्माण गराएको थिएँ । यसमा तिमी उच्च ताप, उर्जा, उच्च न्युक्लियस विकिरण असामान्य विधुत तरङ्ग, लेसरगामा किरण कृत्रिम रूपमा उत्पादन गर्न सक्छौ, परक्षिण गर्न सक्छौ- तर यसको सबभन्दा महत्वपूर्ण विशेषता के हो भने ..... तिमी यसको विशेष कक्षमा जीवित प्राणीलाई थुनेर परीक्षण अवधिमा 'सामान्य वायुमण्डल' प्रदान गर्न सक्छौ । ....

अब म मेरी प्यारी छारीलाई 'एन्टी न्युक्लीयर इन्जेक्सन' लाइदिन्छु । ... (इन्जेक्सन दिन्छ) स्याबार छोरी, .... अब, तिमी यो सुपर कम्प्युटरको कोठामा एकदिन आराम गी बस ।

(ओ३ सुपर कम्प्युटरको 'ढोका खोल्छ, र एक्स-० लाई त्यसभित्र प्रवेश गराउँछ । एक्स-० का केही अङ्गमा कम्प्युटरभित्रका पुर्जा (नलीहरू) जोडिदिन्छन् । स्वचालित ढोका बन्द हुन्छ)

(विशेष निर्देश- कम्प्युटरकक्षभित्र रहेकी एक्स-० पारदर्शी कक्षाभित्रको वस्तु समान्तर प्रत्यक्ष हुनुपर्छ ।)

डाक्टर एम मैले छोरीलाई न्युनतम मात्राको 'एन्टी न्युक्लीयर इन्जेक्सन' दिएको छु, त यसका अतिरिक्त सहनक्षमता  प्रतिरोधात्मक क्षमता कति उच्च स्तरको छ तिमी हेर ।

डा. एक्स सुपर कम्प्युटर क्रियाशील पार्छ । कम्प्युटरको विशेष पर्दामा केही अक्षर र अङ्कहरू अङ्कित हुँदै जान्छन् ...)

५०.०००° सी. ताप !.....

१०.००० रैड, विकिरण ! ....

डाक्टर एम. अहिले मेरी छोरीको शरीरमा हिरोसिमामा खसालिएको परमाणु बमको जति ऊष्ण ताप  न्युक्लीयर विकिरण प्रवाहित भएको छ, तर तिमी देखिरहेका छौ - अब म दुई गुणाको हिसाबले तापीय उर्जा र न्युक्लीयर विकिरणको मात्रा वृद्धि गर्दै जान्छु ।

(डाक्टर एक्स अङ्कह पढ्दै जान्छ ! डाक्टर एम विस्मित भई कुल्फी तान्न विर्सन्छ, सबै सालिकमा अनुवादित एक्स-१ को अनुहारमा भय र शङ्काका धर्साहरू देखा पर्दछन् ।

- १.००,००° सी. ताप  !
- २०,००० रैड, विकिरण ! .......
- २,००,०००° सी. ताप !
- ४०,०००° रैड, विकिरण
- ४.००,०००° सी. ताप !
- ८०,००० रैड, विकिरण !
- ८,००,०००° सी. ताप !
- १,६०,००० रैड विकिरण !
- १६,००,००० सी. ताप !
- ३,२०,०००° रैड विकिरण ! .....
- ३२,००,०००° सी. ताप !

- ६,४०,००० रैड, विकिरण ! ....
- ६४,००,०००° सी. ताप !
- १२,८०,०००° रैड विकिण ! .....
- १,२८,००,०००° सी. ताप !
- २५,६०,००० रैड विकिरण ! .....
- २.५६,००,०००° सी. ताप !
- ५१,२०,००० रैड विकिरण ! ....
- ५,१२,००,०००° सी. ताप !
- १.०२,४०,००० रैड विकिरण ! .....

प्रिय वैज्ञानिक मित्र, तिमी देखिरहेका छौ, छौंको सुकोमल शरीरमा पाँच करोड डिग्री सेन्टिग्रेडभन्दा बढी तापीय उर्जा र एक करोड रैडभन्दा बढी न्युक्लीयर विकिरणको 'शुन्य प्रभाव' परिरहेको छ । एनटी न्युक्लीयर एन्जेक्सनको उपयुक्त मात्रा प्रयोग गरी तापीय उर्जा र न्युक्लीयर विकिरणको सङ्ख्यालाई सजिलैसित करोडौंबाट अरबौं-खरबौं पुऱ्याउन सकिन्छ ।

म यस स्थितिमा पनि प्राणी जातिलाई 'शुन्य प्रवाह' मा स्थिर राख्न समर्थ छु । अर्को कुरा, एन्टी न्युक्लीयर इन्जेक्सनलाई एन्टी न्युक्लीयर केप्सुलका रूपमा पनि प्रयोग गर्न सकिनेछ । .... यो मेरो एक सामान्य सफलता हो डाक्टर एम !

...... यसलाई म न्युक्लीयर महामारिको विरोधमा एक 'अस्थायी उपाय' मात्र सम्झानेछु । यस अस्थायी उपायमा केही प्रायौगिक संशोधन परिशोधन र विकास आपेक्षित छ । यतिखेर म 'द्रब्य-२' का केही ज्वलन्त समस्याहरूसित प्रयोगात्मक स्तरमा युद्धरत छु ... म केही समस्याहरू औंल्याउछु जस्तो-एक, 'द्रब्य-२' इन्जेक्सनको एक्स- हारमोन' उत्तेजित पार्ने अधिकतम क्षमता जम्मा दर दिनको छ । त्यसैले प्रत्येक दस दिनमा पुनः

इन्जेक्सन लाइरहनुपर्ने हुन्छ । मेरो लागि सर्वाधिक महत्वपूर्ण चुनौती 'द्रब्य-२' को प्रभावक्षमतामा वृद्धि गर्नु हो ।

अर्को समस्या 'द्रब्य-२' ले मुख्यतः उच्चतापीय उर्जासहित उच्च न्युक्लीय विकिरणका विरुद्ध असाधारण रूपमा शारिरीक प्रतिरोधात्मक सहनक्षमता वृद्धि गर्छ । तर कतिपय उन्नत मृत्युकिरणहरूका विरुद्ध यो अप्रभाषित रहन सक्छ । ... तेस्रो अत्यन्त महत्वपूर्ण समस्या - 'द्रब्य-२' परमाणु विस्फोटको केन्द्रीय आघातलाई रोकथाम गर्न असमर्थ छ । विष्फोट केन्द्रबाट अन्य स्थानमा प्रवाहित हुने तापीय उर्जा, विकिरण-पारमाणविक तुफान आदिबाट शारिरीक किनाराको रोकथाम मात्र अहिले सम्भव छ । चौथो अति महत्वको समस्या अहिलेको स्थितिमा 'एन्टी न्युक्लीयर इन्जेक्सन' अत्यन्त महँगा औषधिका रूपमा उपलब्ध गराउन सकिन्छ, जुन कि मेरो वैज्ञानिक आदर्श धनीवर्गको मात्र सेवा गर्नु होइन । यो औषधी सर्वसाधारणका लागि सुपथ मूल्यमा उपलब्ध हुनुपर्छ ।.... र, मेरा प्रिय बन्धुहरू मलाई राजनीतिक समस्या आइपर्ने सम्भावनाप्रति म पूर्ण रूपले सचेत छु तर यो मेरो वैज्ञानिक समस्या होइन !...

अहिले म एउटै सपना देखिरहेको छु- मेरो आविष्कार 'द्रव्य-२' एन्टी न्युक्लीयर इन्जेक्सन, केप्सुल र सामान्य चक्कीका रूपमा पृथ्वीका प्रत्येक महादेश, प्रत्येक देश, प्रत्येक गाउँ, बस्ती सहर र गल्लीहरूमा उपलब्ध हुनेछन् .... । अलेक्जेण्डर फ्लेमिङको पेनिसिलिन र सबै एन्टिबायोटिक औषधीहरू भन्दा सुपथ मूल्यमा सुलभ हुनेछन् .... । यसरी म विश्वको आगामी महायुद्धको भीषण तयारीबाट आंशिक रूपमा नै किन नहोस सर्वसामान्य विश्व-नागरिकहरूलाई भरपर्दो सुरक्षा प्रदान गर्न एकदम तयार छु । ... यतिखेर म विश्वयुद्ध पूर्ण प्राणी- आखेटको हत्यारा सपनालाई कपोलकल्पनामा अनुवाद गर्न समर्थ छु, प्रिय बन्धुहरु ! ..... तर म यसभन्दा पनि भपर्दो, सुविधाजनक र विकासित एक स्थायी योजनाबारे गम्भीरतापूर्वक कार्यरत छु । ......

म प्राणीजातिको जीवनको स्तरमा डिआक्सीराइवो न्युक्लिड एसिड राइवाड न्युक्लीक, एसिड, न्युक्लीओटाइड वा एडिनीन, गुआनीन, थाइमिन, साइटोसिन स्तरमा प्रतिरोध र सहनक्षमतामा अध्ययन गर्न प्रयत्नशील छु । यस बहुउद्देश्यका लागि सम्भवतः म "कृत्रिम जीवन" निर्माण गर्न सफल हुनेछु ।

तर अहिले “द्रव्य-२” वा एन्टी न्युक्लीय इन्जेक्सन पृथ्वीमा प्राणी अस्तित्व सङ्कट रोकथाम गर्न सक्षम छ ? म तमाम नाभिकीय वैज्ञानिकहरु र पृथ्वीको बसोबास अन्य ग्रह वा नक्षत्रमा सार्न प्रयत्नशील अन्तरीक्षविद्हरुलाई चुनौती दिन्छु- र प्रिय बन्धुहरु ! मेरो एकमात्र आदर्श वा नारा यही हो - “पृथ्वी जीवनका लागि जीवन पृथ्वीका लागि ।” (पृ. ३६-४६)

यो एकालाप नाटकको अन्तिम दृश्यमा डा. एक्सद्वारा गरिएको हो । यहाँ डा. एक्सले एकोहोरो रुपमा बोलेको देखिन्छ । यो कुनै मनोवाद नभई स्वगत कथन हो । एकालाप गर्दा बिचबिचमा प्रिय बन्धुहरु ! प्रिय पत्नी र प्रिय मित्र एम भनेर सम्बोधन गरेपनि डा. एक्स एक्लै बोलेको देखिन्छ ।

### ५.२.४ वाचिक अभिनयमा भाषिक विशेषता

इथरमा कोरिएको प्रमेपत्र नाटकको कार्यपिठिका डा. एक्सको वैठककोठा र प्रयोगशालाको परिवेश रहेको छ । यहाँ अन्तरीक्षा वैज्ञानिक र उसका सहयोगी तथा उच्च कुलीन वर्गीय पात्रहरूको चित्रण गरिएको देखिन्छ । घमा काम गर्ने नोकर्नी पनि बौद्धिक देखिन्छे । यस नाटकका सबै पात्रहले विशेषतः औपचारिक भाषाको प्रयोग गरेको देखिन्छ । खास गरी डा. एक्स, एक्स-१, एक्स-०, डा.एम., ०१, ०२, ०३ लगायतका सम्पूर्ण पात्रहरूले लेख्य भाषाको अधिकतम प्रयोग गरेको पाइन्छ । जस्तैः

**नमुना-१**

डा. एक्स- आफ्नै प्रशान्त गहिराइमा डुबेको छ ०३ म मेरो आविष्कारको पहिलो सूचना मेरा प्रिय वैज्ञानिक मित्र डाक्टर एमलाई दिन चाहन्छु कृपया डा. एमलाई फोनमा डाक : (पृ ३०)

आणविक शक्तिको उत्पादनले मानवीय अस्तित्व सङ्कटमा परेकाले मानवको अस्तित्व रक्षार्थ विश्वका अन्य डा. एम जस्ता वैज्ञानिकलाई चुनौती दिन सक्ने अवस्थाको चित्रण गरिएकाले र उनको घरमा रहेको प्रत्येक सुविधाले तत्कालीन समाजका उच्च वर्गका मानिएको दिनचर्या एवं घको अवस्थालाई यस मञ्चसजाले सङ्केत गरेको देखिन्छ । यस

दृश्यको घटना विहानको खाना खाने समयमा घटेको हुन सक्छ । यस प्रकाशको संयोजन घटनाअनुसार उज्यालो प्रकाश देखिन्छ ।

## ५.४ निष्कर्ष

नाटकमा पात्रहरूले बोलीको माध्यमबाट गरिने अभिनय वाचिक अभिनय हो । सरुभक्तको इथर नाटकमा वाचिक अभिनयका दृष्टिले सफल देखिन्छ । यो नाटकमा नाटककारले दिएको नाट्यनिर्देशनलाईआधार बनाई वाचिक अभिनायमा उच्चार्थ विशेषता, श्राब्यविशेषता, संवाद संरचना परक विशेषता  भाषिक विशेषताका अधारमा वाचिक अभिनय योजना गरिएको छ ।

यो नाटकमा उच्चार्थ विशेषता अन्तर्गत उच्च, मन्द्र, दीप्त, नीच, द्रुत र विलम्बित अलङ्कारको प्रयोग गरेर वाचिक अभिनय योजना गरिएको छ । त्यस्तै श्राव्य विशेषता अन्तर्गत सर्वश्राव्य, नियतश्राव्य र नेपथ्य संवादको योजना गरिएको छ । संवाद संरचनापरक विशेषता अन्तर्गत अन्तर्क्रियात्मक संवाद र एकालाप संवादहरूको संयोजन गएिको छ । त्यस्तै भाषिक विशेषतामा औपचारिक कार्यक्रममा बोल्ने लेख्य भाषाको प्रयोग रहेको देखिन्छ ।

## छैटौं परिच्छेद

## सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकमा आहार्य र सात्त्विक अभिनय योजना

### ६.१ विषय प्रवेश

सरुभक्त नेपाली नाट्य साहित्यका विभिन्न कालमध्ये आधुनिक कालका नाटककार हुन् । उनले नेपालीमा करिब चालिस वटा एकाङ्की नाटक लेखेका छन् । उनको नाटक 'इथरमा कोरिएको प्रेमपत्र' रचना भएपनि मञ्चन भएको भने छैन । यस परिच्छेदमा सरुभक्तको यो नाटकलाई मञ्चसज्जा र भेशभूषा । रूपसज्जाका आधारमा आहार्य अभिनयको विश्लेषण गरिएको छ ।

### ६.२ इथमा कोरिएको प्रमेपत्र नाटकमा आहार्य अभिनय योजना

सरुभक्तद्वारा लिखित यस नाटकलाई मञ्चसज्जा, पात्रको भेसभूषा । रूपसज्जाका आधारमा आहार्य अभिनयलाई तल क्रमशः अध्ययन विश्लेषण गरिएको छ ।

### ६.२.१ मञ्चसज्जा

नाटकका घटनाहरूलाई दृश्य रूपमा प्रस्तुत गर्ने स्थल मञ्ज हो । मञ्चलाई कथावस्तु अनुकुल निर्माण गर्नु पर्दछ, सजाउनु पर्दछ । यसले स्थानीय र कालिक परिवेशलाई जनाउँदछ । भतले मञ्च निर्माणमा प्रयोग गर्ने स्थल उपकरणलाई पुस्तरचना भनेको पाइन्छ । यस नाटकका घटनाहरू तिन दृश्यमा विभाजित भएपनि यी दृश्यहरू जम्मा दुइवटा स्थानमा घटेका छन् । अतः यस नाटकमा जम्मा दुई किसिमका मञ्चको निर्माण गरेको देखिन्छ । डा. एक्सको अत्याधुनिक सुविधायुक्त बैठककोठा र वैज्ञानिकको अत्याधुनिक प्रयोगशाला यस घटनाको परिवेश रहेका छन् । नाटकमा यी मञ्चह अङ्कका घटनामा घटेको देखिदैन तर घटनाहरू प्रकाशका माध्येमले घरी कक्ष त्र मा त घरी ज्ञ कक्षमा घटित भएका छन् । यी दुई मञ्चहरूलाई तल चर्चा गरिएको छ :

#### (क) पहिलो र तेस्रो दृश्यको मञ्च सज्जा

नाटकको पहिलो दृश्यका सम्पूर्ण घटनाहरू वैज्ञानिक डा. एक्सको अत्याधुनिक वैठक कोठामा घटेका देखिन्छन् । यहाँ वैज्ञानिकको वैठक कोठा मञ्चको रूपमा प्रस्तुत भएको देखिन्छ । नाटककाले वैज्ञानिक वैठक कोठालाई यसरी भनेको देखिन्छ ।

रङ्गविवरण:

त्र- ठूलो वा सानो, अत्याधुनिक सुविधायुक्त बैठक कोठा हो ।

त्र- का न्यूनतम आवश्यकताहरू-

(क) सोफासेटहरू

(ख) केही पत्रपत्रिकाहरू

(ग) एउटा टी.भी. सेट, भिडियो

(घ) फोन, कम्प्युटर, घडी ....

(ङ) गौतम बुद्ध र जिजसका आकर्षक शान्त मूर्तिहरू । (पृ ३)

यी सजावटका सामानहरूले उच्च कुलीन वर्गका व्यक्तिहरूको अवस्थालाई सङ्केत गरेको देखिन्छ । त्यस वैठक कोठामा बस्ने वैज्ञानिक पत्नी, छोरी, धर्मछोरा, काम गर्ने रोबोर्टहरूको पारिवारिक सम्पन्नता, सामाजिक, आर्थिक अवस्था, साँस्कृतिक मूल्य मान्यता एवं वर्गीय परिचय दिएको देखिन्छ । यस किसिमका मञ्चीय सजावटले उच्च कुलीन वर्गीय मानिसको दिनचर्यालाई यहाँ प्रस्तुत गरिएको देखिन्छ । त्यस्तै यस दृश्यको मञ्चमा प्रकाश व्यवस्थापन नै मुख्य रहेको कुरा नाटककारले यसरी प्रस्तुत गरेका छन् - 'एक्स-१ टी.भी. बन्द गर्छे, उसको आँखा घरधिरी गौतम बुद्ध र जिसस क्राइस्टका प्राशान्तिमा अल्झिन्छन् ..... विस्तारै उज्यालो मैलिदै जान्छ र 'कक्ष-ज्ञ' को विरुद्धमा क-'त्र' अस्पष्ट देखा पर्छ । (पृ १७) यहाँ प्रकाश व्यवस्थापनद्वाा नै क 'ज्ञ' उज्यालिने 'त्र' मैलिने वा अस्पष्ट देखा पर्ने भएको पाइन्छ । यहाँ नाटकको प्रथम दृश्यमा वैज्ञानिक धर्मपत्नी एक्स-१ र ०२ टि.भी. हेरिरहेको कुराले खासै काम नगी दिनभर घरमा बस्न सक्ने कुराको अनुमान तलाउन सकिन्छ । त्यसैले यहाँ प्रकाश व्यवस्था मञ्चको सजावटबारे नाटककारले केही विवरण प्रस्तुत गरेपनि मञ्चलाई सजाउन निर्देशकको भूमिकालाई जिम्मा लगाएका छन् । हत्यारा सपनालाई कपोलकल्पनामा अनुवाद गर्न समर्थ छु, प्रिय बन्धुहरू !...... तर म यसभन्दा पनि भरपर्दो, सुविधाजनक र विकसित एक 'स्थायी योजना' बो गम्भीरतापूर्वक कार्यरत छु । .....

म प्राणीजातिको जीवनको स्तरमा डिआक्सीराइवो न्युक्लीड एसिड राइवोड न्युक्लीक एसिड, न्युक्लीओटाइड वा एडिनीन, गुआनीन, थाइमीन, साइटोसिन स्तरमा प्रतिरोध र सहनक्षमता अध्ययन गर्न प्रयत्नशील छु । यस बहुउद्देश्यका लागि सम्भवतः म 'कृत्रिम जीवन' निर्माण गर्न सफल हुनेछु ....।

त अहिले 'द्रव्य-२' वा एन्टी न्युक्लीय इन्जेक्सनि पृथ्वीमा प्राणी अस्तित्व सङ्कट रोकथाम गर्न सक्षम छ ? म तमाम नाभिकीय वैज्ञानिकहरू र पृथ्वीको बसोबास अन्य ग्रह वा नक्षत्रमा सार्न प्रयत्नशील अन्तरिक्ष विद्हरूलाई चुनौती दिन्छु र प्रिय बन्धुहरू ! मेरो एकमात्र आदर्श वा नारा यही हो - 'पृथ्वी जीवनका लागि जीवन पृथ्वीका लागि ।' (पृ ३६-४६)

यो एकालाप नाटकको अनितम दृश्यमा डा. एक्सद्वाा गरिएको हो । यहाँ डा. एक्सले एकोहोरो रूपमा बोलेको देखिन्छ । एकालाप गर्दा बिचबीचमा प्रिय बन्धुहरू ! प्रिय पत्नी र प्रिय मित्र एम भनेर सम्बोधन गरेपनि डा. एक्स एक्लै बोलेको देखिन्छ ।

## (ख) दोस्रो दृश्यको मञ्चसज्जा

प्रस्तुत नाटकको दोस्रो दृश्यको मञ्ज, घटनास्थल वैज्ञानिक प्रयोगशालाको भित्रको वातावणलाई चित्रण गरिएको छ । नाटककारले प्रयोगशाला भित्रका सम्पूर्ण सामाग्रीहरूको उल्लेख यसरी गरेका छन् । जस्तै :

रङ्गमञ्चको दाहिनेपट्टीको भागलाई ज्ञ मानौँ ।

**रङ्गविवरण**

ज्ञ- ठूलो वा सानो, अत्याधुनिक प्रयोगशाला हो, एक वैज्ञानिकको !

(क) विभिन्न आकार प्रकारका काँचका नलीहरू .....

(ख) विभिन्न आकार प्रकारका काँचका भाँडाहरू ........

(ग) केही काँचका नली र भाँडामा विविध रङ्गका तरल पदार्थहरू ....

(घ) अत्याधुनिक बर्नर, कम्प्युटयन्त्रहरू ......

(ङ)  लाम्चो टेबुल, केही कुर्सी,- बेतका जस्ता ....

(च)  उन्नत पिँजडाहरूमा मुसाह, खरायोहरू .....

(छ)  बलेक बोर्ड । चक । डस्टर (पृ: ३)

यसबाट तत्कालीन समयको उच्च वर्गका व्यक्तिहरूको प्रयोगशालामा काम गर्ने प्रयोग गरेको देखिन्छ । हुनत वैज्ञानिक बन्न र विभिन्न प्रयोगात्मक कार्यका लागि यो सजावट अनिवार्य सर्त मानिन्छ । यहाँ बेतका कुर्सी, काँचका नली तथा भाँडाहरू विभिन्न तरल पदार्थहरू आधुनिक वर्नर, कम्प्युटर र उन्नत पिँजडाहरूको सजावटले अत्याधुनिक प्रयोगशालाको झल्को प्रस्तुत हुन्छ । प्रयोगशालामा चाहिने आवश्यक सामाग्रीको व्यवस्थापन यस मञ्चमा गरिएको छ । डा. एक्सले बेन्चमा बसेर साङ्केतिक निर्देशन दिनु र ०३ वा सहायक वैज्ञानिकले थकित हुनजेल काम गरेको चित्रण रहेको छ । यस किसिमको काम गराईले तत्कालीन समयको धनी र गरिब बीचको सामाजिक, आर्थिक असमानता जोडिएको छ । डा. एक्स उच्च वर्गको र ०३ मध्यम वर्ग भएकाले निर्देशक र सहायक चरित्रको भूमिकामा चित्रण गरिएको छ । यस दृश्यका घटनाहरू प्रयोगशालामा घटेको हुनाले दिउँसोको समयलाई चित्रण गरिएको हुँदा यहाँ प्रकाशको संयोजन गरिएको देखिन्छ ।

यसरी प्रस्तुत नाटकको मञ्च अत्याधुनिक वैठककोठा र प्रयोगशालाको परिवेश रहेको छ । यी मञ्चहमा कथावस्तु अनुसारका सजावटका सामाग्रीको प्रयोग गरेर मञ्चसज्जा गरिएको छ । ईथर नाटक प्रयोगवादी नाटक भएकाले नाटककारले मञ्चको सिमित विवरण प्रस्तुत गरेको देखिन्छ । मञ्चको सजावटलाई पूर्णता प्रदान गर्न निर्देशकको परिकल्पनालाई जिम्मा लगाइएको छ । यस नाटकका घटनास्थलहरू सही ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । साथै नाटकको कथावस्तुको माग बमोजिम वैठककोठा र प्रयोगशालाको दृश्यलाई मञ्च व्यवस्थापन गरिएको देखिन्छ । यस किसिमको मञ्चसज्जाले पात्रहरूको स्थानिक परिवेशलाई जोडेको पाइन्छ । साथै सामाजिक आर्थिक सांस्कृतिक अवस्थालाई जनाएको छ ।

### ६.२.२ भेशभूषा/ रूपसज्जा

नाटकका पात्रहले धारण गरेको वस्त्र नै भेसभूषा हो । नाटकमा आहार्य अभिनयलाई प्रस्तुत गर्दा भेशभूषाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पात्रहरूले लगाउने

वस्त्रले पात्रको देशकाललाई सङ्केत गर्दछ तर यस नाटकको कुनैपनि दृश्यमा भेशभूषा र रूपसज्जाका बारेमा नाटककारले खासै विस्तृत रूपमा उल्लेख गरेका छैनन् । यस नाटकका प्रमुख पात्र वा सहायक पात्रका सन्दर्भमा कुनै पनि भेशभूषाको चर्चा गरिएको पाइदैन । यहाँ मुख्य र सहायक चरित्रका रूपमा आएका पात्रहरूको भेषभूषा के-कस्तो रहने हो, भन्ने सन्दर्भ कुरा निर्देशकको परिकल्पनामा छाडिदिएका छन् । तैपनि स्पष्ट रूपमा प्रस्तुत नाटकको परिवेश समयकाल उती उच्च कुलीन वर्गीय चरित्रको एउटा आर्थिक, सामाजिक अवस्थासँग सम्बन्धित छ । घटनाक्रमद्वारा यहाँ डा. एक्सलाई मानवतावादी एवम् सचेत चरित्रका रूपमा प्रस्तुत गरिएको छ । साथै आजको वैज्ञानिक युगको वैज्ञानिक समाजलाई नेतृत्व गर्ने नेतृत्ववादी पात्रका रूपमा पनि प्रस्तुत भएको छ । यहाँ डा. एक्स सँगै डा. एम, एक्स-१ का निम्ति एक उच्च वर्गको भेषभूषा उपयुक्त देखिन्छ । उनिहरूको अवस्था र पहिरनबारे नाटककारले कुनै सङ्केत नगरे पनि उनको भेषभूषाको बारेमा यसरी अनुमान गर्न सकिन्छ :-

डा. एक्स- खाना खाने ? मलाई यतिखेर खाना खाने त के, मर्ने पनि फुर्सद छैन । यतिखेर म संसारको सबैभन्दा बेफुर्सदी मान्छे हुँ । (टेलीफोनतिर जाँदै) .... तिमिहरू खाँदै गर, म .... पछि । (पृ. ९)

डा. एक्स लाम्चो टेबुलमा अडेसियर, सिगारको कस लिदै ०३ लाई विविध रासायनिक पीक्षणका लागि साङ्केतिक निर्देशहरू दिँदै जान्छ । (पृ. १७)

यसले डा. एक्स समकालीन समाजका एक प्रतिष्ठित वैज्ञानिक रहेको प्रष्ट हुन्छ । उनी एक सचेत वैज्ञानिक डा. भएकाले कोट पाइन्ट, टाई र बाहिरबाट एप्रोन लगाएको हुन सक्छ । डा. एक्स पढेलेखेको विश्वब्रमाण्ड देखि अन्तरिक्ष सम्बन्धी ज्ञान भएकाले बौद्धिक व्यक्तित्वका रूपमा प्रस्तुत भएको देखिन्छ । यो अवस्था नाटकको सुरुदेखि अन्तिम सम्म रहेको देखिन्छ ।

नाटकको दोस्रो दृश्यमा ०३ लाई डा. एक्सको निर्देशनमा नर्सको काम गर्छ (पृ. १८) भन्ने प्रसङ्ग नाटककाले उल्लेख गरेको देखिन्छ । त्यसैले यहाँ ०३ द्वारा हातमा विभिन्न पक्षिणका सामाग्री लिएको मुखमा माक्स साथै सर्ट, पाइन्ट र एप्रोन लगाएर प्रयोगात्मक परीक्षण गरेको हुनसक्ने अनुमान गरिएको छ ।

त्यस्तै नाटकको तेस्रो दृश्यमा भान्सामा काम गर्ने ०१ लाई भान्सेबुढीको संज्ञा दिइएको छ । उता ०२ टिचर हुन भने +०० र एक्स-० बालक हुन् । त्यसैले उनीहरूको भेषभूषाको बारेमा यस्तो अनुमान गर्न सकिन्छ ।

यहाँ ०१ ले भानसामा काम गर्ने भएकाले सामान्य सारी चोलो र एप्रोन लगाएको अनुमान गर्न सकिन्छ । त्यस्तै ०२ टिचर भएकाले सर्ट र पाइन्ट लगाएको अनुमान गर्न सकिन्छ भने +०० र एक्स-० ले छोटा छोटा सर्ट र हाल्फ पाइन्ट लगाएर अभिनय गरेको अनुमान गर्न सकिन्छ ।

यसरी नाटककारले डा. एक्स, डा.एम, एक्स-०, ०१, ०२, ०३०, एक्स-० र +०० लगायतका पात्रको भेषभूषा बारे कुनै सङ्केत गरेका छैनन् । हुनत प्रस्तुत पात्रमध्ये ०१, ०२, ०३, +०० आदि यान्त्रिक मानवको परिकल्पना गएिको छ । जसको कारणले यहाँ उल्लेख नगरिएको हुन सक्छ । यहाँ भेषभूषा संगसँगै रुपसज्जा के-कस्तो हुनुपर्ने कुरा नाटककारले निर्देशकलाई जिम्मा दिएको देखिन्छ ।

### ६.३ सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकमा सात्त्विक अभिनय योजना

'सत्व' भनेको एकाग्रता हो । मूलतः सात्त्विक अभिनय ह्दय पक्षसँग सम्बन्धित हुन्छ । यसलाई विभिन्न माध्यमबाट देखाउन सकिन्छ । जसमध्य विभिन्न पात्रहरुद्वारा गरिएका सात्त्विक अभिनयलाई स्तम्भ, स्वेद, स्वरभङ्ग, अश्रु आदि विशेषताका आधारमा तल चर्चा परिचर्चा गरिएको छ ।

#### ६.३.१ स्तम्भ

सात्त्विक अभिनय अन्तर्गत स्तम्भ भाव एक हो । जसलाई हर्ष, भय, शोक, विष्मय, दुःख, क्रोध आदि लक्ष्यणका आधारमा स्पष्ट पार्न सकिन्छ । प्रस्तुत नाटकमा विविध पात्रद्वारा गरिएका अभिनयलाई यहाँ चर्चा गरिएको छ । जस्तैः

**नमुना-१**

*०१ - (रिसले फन्किएर) हेर्नोस है, म सबै कुरा सहन सक्छु तर घरी घरी 'भान्सेबूढी' यो कुरा सहन सक्दिनँ । पृ.१३*

**नमुना -२**

०१-(०१रुँदा रुदै रुन बिर्सेर हाँस्न थाल्छिन्)पृ १४

माथि दिइएको नमुना १ मा ०१ लाई एक्सले भान्से बूढी भनी होच्याएर बोल्दा त्यो शब्दले उसको मनमा शोक परेको कुरा जनाइएको छ भने नमुना २मा फेरी एक्स-० ले अब भान्से बूढी भनी मुटुमा कहिल्यै चोट नपुचाउने प्रतिबद्धताका कारण ०१ खुसीले हर्षित भएको कुरा उल्लेख गरिएको छ। त्यसैले यहाँ स्तम्भ भाव घटित छ।

**६.३.२ स्वेद भाव**

प्रस्तुत नाटक इथरमा कोरिएको प्रेमपत्र नाटकमा स्वेद भाव पनि घटित रहेको छ। स्वेद भाव अन्तर्गत कोध,हर्ष, दुःख, श्रम, रोग, ताप, चोट, व्यायाम ,क्लेश र समपिडन आदि लक्ष्यणहरु पर्दछन् । यस नाटकमा पात्रद्वारा गरिएका स्वेद भावका अभिनयलाई यहाँ निम्नानुसार विश्लेषण गरिएको छ।

*डा.एक्स - अहँ, मलाई तिम्रो यो सल्लाह मञ्जुर छैन ! प्रयोगशालाले मलाई खाए पनि नखाए पनि , जब, जब म प्रयोगशालाबाट बाहिर निस्कन्छु, मलाई श्रीमती होइन, कफी नै चाहिन्छ ! ( सबै प्रफुल्ल भई हाँस्न थाल्छन्........)*

*मलाई कफीको यस्तै न्यानो चाहिन्छ। मलाई श्रीमतीको आलिङनको न्यानो भन्दा कफीको न्यानो प्रिय लाग्छ। (सबै जोड जोडले हाँस्न थाल्छन् ।एक्स-१ केहि लज्जित भई हाँस्न थाल्छे। )*

यहाँ एक्स-१ लज्जित हुनु साथै सबै प्रफुल्ल भई हाँस्नुले स्वेद भाव प्रस्तुत भएको छ।

**६.३.३ अश्रुभाव**

प्रस्तुत नाटकमा०१ द्वारा अश्रु भावको अभिनय गरिएको छ। जस्तै

**०१-( आँखामा आँसुका पिडा झरिरहेकै छन् ।)**

*म.......म नोकर्नीहरु जुन काम गर्थे, ती काम गर्छु, त्यसैले मलाई अपमान र हेँला गर्छन्  सबै। आखिर म घरका सामान्य काम गर्ने....भान्साघरको काम गर्ने , लुगाहरु धुने, घर सफा सुग्घर गर्ने एक 'नोकर्नी'हुँ।.........पहिले पहिले नोकर्नीहरु, दास दासीहरु जुन*

*काम गर्थे ..म ..........म तिनै कामहरु गर्न निर्मित नारी हुँ....त्यसैले मलाई सबै ....। म ०२ र ०३ जस्तो बौद्धिक कामहरु गर्न सक्दिन,त्यसैले..........*

यहाँ ०१ लाई भान्सेबुढी भनिएको र सोहि शब्दले उसलाई रुन बाध्य बनाउँदा आँखामा आँसु आँउदा अश्रु भावमा अभिनय भएको छ ।

## ६.३ निष्कर्ष

आहार्य अभिनय, भेषभूषा एवम् अन्य रङ्गमञ्चीय उपकण हो । यी सामाग्रीहरू पात्रसँग सम्बन्धित हुन्छन् । ईथरमा कोरिएको प्रमेपत्र नाटकमा मञ्चसज्जा, पात्रको श्रृंगार, रूपसज्जा र भेषभूषा आदि कथावस्तु अनुसार गिएको छ । यस नाटकमा वैज्ञानिक युगीन परिवेशलाई दर्शाइएको देखिन्छ । यहाँ उच्च वर्ग र शिक्षित वर्ग बीचको आर्थिक, सामाजिक अवस्थालाई चित्रण गरे मञ्चको व्यवस्थापन गरिएको छ । यस नाटकमा डा. एक्सको अत्याधुनिक सुविधायुक्त बैठककोठा, वैज्ञानिक प्रयोगशालालाई मञ्च बनाइएको छ भने नाटकका पात्रहरूको रूपसज्जा, भेषभूषा आदि उनिहरूको कार्य अवस्था र उमेर अवस्था अनुसार गरिएको छ । यस नाटकमा मञ्चसज्जाबो नाटककारले प्रशस्त विवरणह भनेता पनि भेषभूषा बारे केही कुनै विवरण प्रस्तुत गेको पाइदैन । नाटक मञ्चन गर्दा आहार्य अभिनयका लागि निर्देशकलाई जिम्मा लगाइएको देखिन्छ ।

सात्त्विक अभिनय मानिसको ह्दय पक्ष्यसँग सम्बधित् रहने अभिनय हो । इथरमा कोरिएको प्रेमपत्र नाटकमा पात्रका स्तम्भ, रोमाञ्च र स्वेद भाव आदि कथा बस्तु अनुसार नै गरिएको छ । यस नाटकमा उच्च वर्गको हेपाहा प्रवृतीले निम्न वर्गका मानिसलाई पर्ने चोट शोक आदिको चर्चा गरिएको छ । यो नाटकमा नाटककारले दिएको नाट्यनिर्देशनलाई आधार बनाई सात्त्विक अभिनयमा स्तम्भ, रोमाञ्च, स्वेद र अश्रु भावका आधारमा सात्त्विक अभिनय योजना गरिएको छ ।

यसरी यो नाटकमा रङ्गमञ्चको व्यवस्थापनमा अत्याधुनिक सामाग्रीको आवश्यकताले नाटक मञ्चन गर्न असजिलो भएको छ नै अर्कोतिर पात्रहरूको भेषभूषा तथा रूपसज्जाबारे नाटककारले विस्तृत वा साङ्केतिक भेषभूषा तथा रूपसज्जाबारे नाटककारले विस्तृत वा साङ्केतिक कुनै पनि विवरण उल्लेख नगरेकोले यो नाटक आहार्य ।अभिनयका लागि कमजोर सावित भएको छ ।

# सातौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ७.१ परिच्छेदगत सारांश

प्रस्तुत शोत्रपात्रका शीर्षक सरुभक्तको इथर नाटकमा अभिनेता हो । यसमा जम्मा सात परिच्छेद रहेका छन् । सात परिचछेदमा विभाजन गरी यस शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । सभक्तको इथर नाटकमा अभिनेयता शीर्षकको यो शोधपत्रको पहिलो परिच्छेदमा शोधकार्यको विषय परिचय दिइएको छ र त्यसपछि क्रमशः समस्या कथन अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सिमाङ्कन, शोधको औचित्य तथा महत्व, शोधविधि र शोधकार्यको रूपरेखा शीर्षकमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा अङ्क दृश्य योजना तथा अभिनय सिद्धान्त प्रस्तुत गरिएको छ । अङ्क दृश्य योजनाको पूर्वीय तथा पाश्चात्य मान्यता उल्लेख गरिएको छ । कथानक विकास, अङ्क दृश्यता अन्वितिका बारेमा चर्चा गरिएको छ । अभिनय सिद्धान्तबारे चर्चा गर्दा अभिनयका चार भेदहरू (आङ्गिक, वाचिक, आशार्य, सात्विक) का बारेमा प्रस्तुत गरिएको छ । सरुभक्तको ईथर नाटकमा मत्तचनीयतालाई विश्लेषण गर्ने आधार अङ्क दृश्य योजना र अभिनयका भेदहरूका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा सरुभक्तको विज्ञान नाटक ईथरमा अङ्क दृश्य योजना शीर्षक रहेको छ । यस परिच्छेदमा सरुभक्तको नाट्ययात्राको द्धितीय चरणमा रचित नाटक ईथरको कथानक विकास, दृश्यगत अन्विति र दृश्य योजनाको बोमा चर्चा गरिएको छ । दृश्य योजनालाई प्रत्येक दृश्यमा छुट्याई विश्लेषण गरिएको छ ।

यस शोधपत्रको चौथो पच्छिेदमा सरुभक्तको ईथर नाटकमा आङ्गिक अभिनय शीर्षक राखिएको छ । यस परिच्छेदमा ईथर नाटकमा पात्रहरूको आङ्गिक अभिनय योजनाबारे अध्ययन गरिएको छ । नाटकका पात्रहरूले गरेको आङ्गिक अभिनयलाई शरीज

मुखज गरेर दुई भागमा विभाजन गरिएको छ । प्रत्येक दृश्यह छुट्याई शरीरज र मुखज अभिनयलाई योजनाको विश्लेषण गरिएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा सरुभक्तको ईथरमा कोरिएको प्रेमपत्र नाटकमा वाचिक अभिनय शीर्षक चयन गरिएको छ । यस परिच्छेदमा उनको नाटक ईथमा कोरिएको प्रेमपत्र नाटकका पात्रहरूले बोलेका संवादहरूको संरचना, लक्षण र योजनाबारे अध्ययन गरिएको छ । वाचिक अभिनयलाई उच्चार्थ विशेषता, श्राव्य विशेषता, संवाद संरचनापरक विशेषता र भाषिक विशेषताका आधारमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको छैटौं परिच्छेदमा सभक्तको ईथर नाटकमा आहार्य अभिनय शीर्षक रहेको छ । यस परिच्छेदमा ईथरमा कोरिएको प्रेमपत्र नाटकको रूपसज्जा र पात्रहरूको भेषभूषा तथा रूप सज्जाबारे अध्ययन गरिएको छ ।

यस शोधपत्रको सातौं परिच्छेदमा सारांश तथा निष्कर्ष तथा भावि शोधकार्यका लागि शीर्षकहरू दिइएको छ ।

## ७.२ निष्कर्ष

समग्रमा यो शोधकार्यको निष्कर्ष बुदाँगत रूपमा निम्नानुसार दिइएको छ :

### (क) दृश्य योजना

नाटकहरूलाई रङ्गमञ्चयुक्त बनाउन कथावस्तुलाई आवश्यक अङ्क  दृश्यमा विभाजन गरिन्छ । अङ्क र दृश्यको प्रयोगले नाटकीय घटनाक्रम सिलिाबद्ध रूपमा विभाजित हुन्छन् । नाटकीय कार्यावस्था अङ्क दृश्य परिवर्तनको आधारमा प्रदर्शित हुनछ । अभिनय सुविधाका लागि नाटकको कथावस्तु अङ्क  दृश्यमा विभाजित हुनछन् । सरुभक्तको ईथर नाटक  पूर्वीय तथा पाश्चात्य अङ्क दृश्य योजनामा आधारित छ । प्रस्तुत नाटक तीन दृश्य योजनामा संगठित रहेको छ । यो नाटकलाई अङ्कको ठाउँमा दृश्य भनि नयाँ शैली दिइएको छ । यो नाटकमा दृश्य नै अङ्कका रूपमा देखिन्छ । स्थान, कार्य र कार्यको अन्विति अनुसार नाटकमा विभिन्न दृश्यान्तको सम्भावनालाई हेरिएको छ ।

## (ख) आङ्गिक अभिनय योजना

सरुभक्तको नाट्ययात्राको द्वितीय चणमा रचना गरिएको प्रस्तुत इथर नाटकमा नाटककारले नाटकमा दिएको निर्देशनलाई मुख्य आधार माने आङ्गिक अभिनय योजना गरिएको छ । यो नाटकका पात्रहले गरेका आङ्गिक अभिनय योजनालाई २ भागमा विभाजन गरिएको छ, जसमा शरीरज (स्थल) र मुखज (सूक्ष्म) । शरीरज अभिनयले बाह्य कार्यव्यापार को सङ्केत गर्दछ । नाटककारले शरीरज र मुखज अभिनयका निम्ति गरेको निर्देशन बमोजिम पात्रहरूले शरीरका विभिन्न अङ्गहरू सञ्चालन गर्न पुगेका छन् । यो नाटकमा मुखज (सुक्ष्म) अभिनय भन्दा बढी शरीरज (स्थल) अभिनय योजनाका प्रसङ्गहरू उल्लेख गरिएका छन् । तसर्थ यो नाटकमा शरीरज अभिनय योजना बढी रहेको पाइन्छ । शरीरज अभिनय अन्तर्गत शिरोभिनय, हस्ताभिनय, वक्षाभिनय, पादभिनय योजना आदि गरिएको छ भने मुखज अभिनय अन्तर्गत नेत्राभिनय र अधर अभिनय योजना बढी गरिएको छ ।

## (ग) वाचिक अभिनय योजना

वाचिक अभिनय बोली बचनको प्रयोग गरेर गरिने अभिनय हो । यस अभिनयमा बोली वा शब्द महत्वपूर्ण हुन्छ । भरतमुनिले बोलीभन्दा पर केही पनि नहुने कुरा प्रष्ट्याएको पायन्छ । सरुभक्तको नाटक 'ईथर' मा वाचिक अभिनय योजनामा उच्चार्थ विशेषता, संवाद संरचनापरक विशेषता, श्राव्य विशेषता  भाषिक विशेषता रहेका छन् । यो नाटकमा यी विशेषताहरू रहेका छन् । उच्चार्थ विशेषता अन्तर्गत उच्च, भद्र, दीप्त, नीच, द्रुत विलम्बित गरी जम्मा छ वटा अलङ्कारहरू रहेका छन् । यी अलङ्कारहरूले पात्रहरूको संवादको योजना एवं लक्षण, स्वरको स्थानबारे प्रष्ट पार्दछन् । यो नाटकमा उच्चार्थ अलङ्काको योजना गरिएको छ । संवादको संरचना भन्नाले पात्रहरूले बोल्ने संवादको ढाँचा हो । यो नाटकमा अर्न्तक्रियात्मक र एकालापयुक्त संवादहरूको योजना गरिएको पाइन्छ । यो नाटकमा प्रयुक्त संवादहरू धेरैजसो लामा लामा भएपनि अर्थपूर्ण रहेका छन् । भनै केही मात्रामा छोटा छोटा संवादहरू पनि रहेका छन् । लामा वाक्यको प्रधानता भएको हुँदा तथा अत्याधुनिक सामाग्र्ीको संयोजनले नाटकलाई मञ्चन गर्न उपयुक्त मानिदैन पात्रहलाई लामो वाक्य कण्ठ गर्नु परे पनि  सरल छ । यस नाटकका प्रत्येक पात्रहरू शिक्षित र बौद्धिक रहेका छन् । यस नाटकका पात्रले औपचारिक भाषाको प्रयोग गरेको हुँदा लेख्य भाषाले प्रस्तुत नाटकमा प्राथमिकता पाएको देखिन्छ । यो नाटकमा शिक्षित वर्गले बोल्ने नेपाली

भाषाको प्रयोग गरि वाचिक अभिनय योजना गरिएको छ । व्याकरणिक शुद्धता, पूर्ण वाक्यहरूको योजना रहेको छ भने अधिकतम रूपमा लेख्य चिन्हको प्रयोग गरिएको देखिन्छ । यो नाटक विज्ञान नाटक भएकाले यहाँ विज्ञानसँग सम्बन्धित शब्दहरु बढि प्रयोग भएका छन् । जस्तै एन्टिन्युक्लियर इन्जेक्सन, आविष्कार, यान, कम्प्युटर, यन्त्र, बम, काँच, केमिकल आदि । यो नाटकमा सर्वश्राव्य संवादको अधिकतम प्रयोग रहेको छ भने नियतश्राव्य र नेपथ्य संवादको प्रयोग न्यून रहेको देखिन्छ । यसरी सरुभक्तको इथ नाटक अभिनयका दृष्टिले सफल रहेको देखिन्छ ।

### (घ) आहार्य अभिनय योजना

आहार्य अभिनय शृंगार, भेषभूषा एवं अनय रङ्गमञ्चीय उपकरण हो । यो पात्रको चरित्रसँग प्रत्यक्ष जोडिएको हुन्छ । सरुभक्तको नाटक 'इथरमा कोरिएको प्रेमपत्र' मा नाटककारले मञ्चसज्जाको बारेमा प्रक्ष्ट रूपमा विवण दिएको भएपनि पात्रहरूको भेषभूषा, रूपसज्जाबारे विस्तृत विवरण दिएको पाइदैन । सरुभक्तको यो नाटक प्रयोगवादी भएकोले नाटकमा सकभर छोटो समयावधिको घटना प्रस्तुत गर्नु र घटनास्थल धेरै परिवर्तन नगर्न प्रयत्नशील देखिन्छन् । उनको नाटकको कार्यस्थल घरको एउटा कोठा रहेको छ । यस 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा वैज्ञानिकको अत्याधुनिक वैठककोठा र प्रयोग वैज्ञानिक प्रयोगशाला गरी दुई घटनास्थल रहेका छन् । यो नाटकमा मञ्चसज्जा, पात्रहरूको भेषभूषा र रूपसज्जा सम्बन्धी योजना गर्ने जिम्मा निर्देशकलाई दिएको देखिन्छ ।

## ७.३ भावी शोधकर्ताका लागि सम्भाव्य शीर्षकहरू

(क) सरुभक्तका विज्ञान नाटकमा युगीन सम्भाव्य चेतना,

(ख) रङ्गमञ्चीय दृष्टिले सरुभक्तका नाटकहरूको अध्ययन

# सन्दर्भग्रन्थसूची


अधिकारी, लक्ष्मीशरण (२०५२) **विज्ञान नाटकका स्रष्टा र सिर्जना**, मधुपर्क, (वर्ष २८, अङ्क ११, पूर्णाङ्क ३२२, चैत्र पृ. ५-९) ।

.......,........ (२०५९) **साहित्यकार सरुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

आचार्य, व्रतराज, (२०६६), **आधुनिक नेपाली नाटक**, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, डा. केशवप्रसाद (२०५२), **नाटक र रङ्गमञ्च**, काठमाण्डौ : रुमप्रकाशन ।

......, ..... (२०५९) **नेपाली नाटक तथा रङ्गमञ्च : उद्भाव र विकास,** काठमाण्डौ ? विद्यार्थी पुस्तक भण्डार ।

......., ..... (२०६७, दो.सं.) **नेपाली नाटक र नाटककार**, ललितपुर : साझा प्रकाशन ।

उप्रेती, पं. थानेश्वर (सन् २०१२), **रामचन्द्र-गुणचन्द्र प्रणीतम् नाट्यदर्पण**, दिल्ली ।

ओझा, रामनाथ (२०५४), **सरुभक्तको नाट्यकारिताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र पृथ्वीनारायण क्याम्पस पोखरा ।

कक्षपति, सावित्रि मल्ल, (२०६७) **रङ्गशिल्पका दृष्टिले बालकृष्ण समका नाटक**, अप्रकाशित विद्यावारिधि शोधपत्र : ने.के. वि.त्रि.वि.।

खनाल, रामचन्द्र (२०५९), (२०५८) **विज्ञान र साहित्य**, गुञ्जन -वर्ष ५, अङ्क ३, पृ. ८३-९०) ।

.......,......... (२०५९), **नाटककार सरुभक्त र उनका विज्ञान नाटक** (गुञ्जन वर्ष ६, अङ्क २, आश्विन, ६९-८२) ॥

गैरे, इश्वरी प्रसाद र आचार्य कृष्णप्रसाद, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

चतुर्वेदी, पं. सीताराम (सं. २००८ वि.), **अभिनवनाट्यशास्त्रम**, कासी : अखिल भारतीयविक्रम परिषद ।

चौधरी, मीरा (२०७२) **विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा अभिनेयता**, अप्रकाशित, स्नातकोत्तर शोधप्रबन्ध त्रि.वि.वि. नेपाली केन्द्रीय विभाग काठमाण्डौ ।

जोशी, रत्नध्वज (२०३९), **नेपाली साहित्यको इतिहाँस**, ललितपुर : साझा प्रकाशन ।

ज्याकोब्स, ली. ए. (सन् २००१ चौ. सं.), **द बेडफोल्ड इन्ट्रोडक्सन टु ड्रामा**, न्यूयोर्क : स्टाफोर्ड पब्लिसिङ्ग सर्भिस ।

प्रधान, डा. मृगेन्द्रसिंह (२०५६, दो.सं.) **अभिनय दर्पण**, काठमाण्डौ : त्रि.वि. छापाखाना ।

फ्रेटाग, डा. गुस्ताभ (सन् १९९० : ते.सं.), **टेक्निक अफ ड्रामा**, सिकागो : स्कोट, फोर्सम्यान एण्ड कम्पनी ।

भट्टराई, प्रा. गोविन्दप्रसाद (२०३९) **भरतको नाट्यशास्त्र (नेपाली अनु.)**, काठमाण्डौ : ने.रा.प्र.प्र. ।

भट्टराई, घट्टराज (श्रावण २०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, डिल्ली बजार : नेपाली रिसर्च एसोसियसन ।

भरत नाट्यशास्त्र, व्याख्याकार, बाबुलाल शुक्ल शास्त्री (२०५७) **हिन्दी नाट्यशास्त्र भाग १**, तेस्रो संस्करण, वराणसी : चौखम्बा संस्कृत नाट्य संस्थान ।

महर्जन, कान्छी (२०६८), **अशेष मल्लको नाट्यकारिता**, अप्रकाशित विद्यावार्धि शोधपत्र, ने.केवि.त्रि.वि. ।

यात्री, कृष्ण शाह, (२०६४) **प्रतिनिधि नेपाली नाटक**, काठमाण्डौ : विकेश सिर्जनशील प्रकाशन प्रा.लि. ।

लोहनी, पुष्कर प्रसाद (२०२४) **नाटकका गोपाल प्रसाद रिमाल र विजय मल्ल**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.के.वि., त्रि.वि. ।

शर्मा, तारानाथ (२०३९), **नेपाली साहित्यको संक्षिप्त इतिहाँस**, कालिमाटी : सङ्कल्प प्रकाशन ।

शर्मा, लीलाप्रसाद (२०३०) **एरिस्टोटलको काव्यशास्त्र**, ललितपुर : साभ्का प्रकाशन

सरुभक्त (२०४४) **इथर**, काठमाण्डौ : साभ्का प्रकाशन ।

सुवेदी, डा. देवीप्रसाद (२०६४), **समको सुखान्त नाट्यकारिता**, काठमाण्डौ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहाँस**, दोस्रो संस्करण, काठमाण्डौ : साभ्का प्रकाशन ।

....,...............(२०६४) **नेपाली साहित्यको संक्षिप्त इतिहाँस**, नवौं संस्करण, काठमाण्डौ : साभ्का प्रकाशन ।

श्रेष्ठ, सजना, (२०६७) **विज्ञान नाटककार सरुभक्त**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध त्रि.वि.वि., नेपाली केन्द्रिय विभाग ।

त्रिपाठी, प्रा. डा., बासुदेव तथा अन्य (सम्पा) (२०५२) **नेपाली साहित्य शृङ्खला भाग-२,**

काठमाण्डौ : एकता बुक्स ।

....., ..... (२०६५ छै. सं.) **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१**, ललितपुर : साभ्का प्रकाशन ।